# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ९ अङ्क ४५ | पूर्णाङ्क ४२५ | २०८२ जेठ २६ गते सोमबार | Monday 9 June, 2025 | पृष्ठ ८ | मूल्य रू. १०।–


## महिलामाथि कुटपिट गर्नेमाथि हदैसम्मको कारबाही गर्न क्रान्तिकारी कम्युनिस्ट पार्टी गोरखाको जोडदार माग



गोरखा। गोरखा जिल्ला अजिरकोट गाउँपालिका-५ बाट जिसस सदस्यमा निर्वाचित इन्दिरा देवकोटा र उनका श्रीमान निबृत्त शिक्षक रामचन्द्र देवकोटाले सोही ठाउँकी ३५ वर्षीया कल्पना धिताललाई लछारपछार पार्दै कुटपिट गरेको घटनाको क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपाल बाँकी ७ पेजमा

# विश्वका नौ वटा क्रान्तिकारी कम्युनिस्ट पार्टीको संयुक्त वक्तव्य : 'कमरेड बसवराजु अमर छन् !'

काठमाडौं। भाकपा (माओवादी)का महासचिव नम्बल्ला केशव राव (क.बसवराज)को हत्याकाण्डको अहिले विश्वभरका क्रान्तिकारी कम्युनिस्टहरूले विरोध गरिरहेका छन्। भारतीय मोदी प्रशासनको फासिवादको कडा आलोचना गरिरहेका छन् र विश्व सर्वहारावर्गीय मुक्ति युद्धमा भारतीय माओवादी नेता कार्यकर्ताहरूले देखाएको अदम्य साहस, उच्च बलिदान र महान त्यागको विश्वभरबाट उच्च मूल्यांकनसहित सम्मान भाव प्रकट भइरहेको छ।

यसैबिच, मे २१ मा भएको भाकपा (माओवादी)का महासचिव बसवराजसहित २७ जना नेता कार्यकर्ताहरूलाई नियन्त्रणमा लिएर गरिएको विभत्स हत्याको मोहन वैद्य किरण नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालसहित विश्वभरका ९ वटा माओवादी तथा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले संयुक्त रूपमा वक्तव्य निकाले उक्त हत्याकाण्डको घोर विरोध गरेका छन्।

वक्तव्यमा उनीहरूले भनेका छन्, "नयाँ जनवादी भारत स्थापनाका लागि आफ्नो युवावस्थादेखि पचास वर्षसम्म संघर्ष गर्दै आएका र शत्रुका विरुद्धको युद्धमा मृत्युवरण गरेका कमरेड बसवराजु अन्तर्राष्ट्रिय सर्वहारा वर्ग र उत्पीडित जनताको हृदयमा सधैंभरि बाँचिरहने छन्।

तल उल्लेखित विश्वभरका धेरै देशका कम्युनिस्ट पार्टीहरू र संगठनहरूको हैसियतले, हामी भाकपा (माओवादी) र जनमुक्ति छापामार सेनाप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। हामी हाम्रो संघर्षमा कामरेड बसवराजुलाई जीवित राख्ने कुरा फेरि एक पटक स्पष्ट गर्न चाहन्छौं।"

वक्तव्यमा अगाडि भनिएको छ, "हामीले दुःखका साथ थाहा पायौं कि भारतीय कम्युनिस्ट पार्टी (माओवादी) का महासचिव र अन्तर्राष्ट्रिय सर्वहारा वर्गका अग्रगामी सेनामध्ये एक, नम्बल्ला केशव राव, "कमरेड बसवराजु" ले फासीवादी भारतीय सैन्य बलसँगको झडपमा २७ छापामारहरूसँगै आफ्नो ज्यान गुमाए। त्यही झडपमा परी भाकपा (माओवादी) का अर्का महत्वपूर्ण कार्यकर्ता सइजा नैस्वर रावले पनि आफ्नो ज्यान दिए।

राज्यका सञ्चार माध्यमहरूले उनी युद्धभूमिमा मारिएका थिए भन्ने दाबी गरेका छन्, तर तिनीहरूले नेताहरूको मृत्युको बारेमा जनतालाई प्रायः भ्रमित गर्ने गर्छन्। विगतमा, तिनीहरूले कमरेड किसनजीलाई निर्ममतापूर्वक हत्या गरे र त्यसलाई मुठभेडमा मारिएको बताए। तर पछि त्यो नक्कली मुठभेड भन्ने साबित भयो। त्यसकारण, कमरेड बसवराजलाई पनि त्यस्तै तरिकाले बाँकी ७ पेजमा

## महासचिव मोहन वैद्य 'किरण'को शीघ्र स्वास्थ्यलाभको कामना



काठमाडौं। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यवाहक महासचिव गौरवले एक प्रेस वक्तव्य जारी गरी महासचिव मोहन वैद्य किरणको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ।

शनिबार साँझ जारी गरिएको प्रेस वक्तव्यमा भनिएको छ, "नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका अविचलित नेता, वरिष्ठ दार्शनिक तथा सौन्दर्य चिन्तक, हाम्रो पार्टीका महासचिव कमरेड मोहन वैद्य 'किरण' स्वाश-प्रश्वास सम्बन्धी समस्याको उपचारका लागि गत जेठ १८ गतेदेखि त्रिभूवन विश्वविद्यालय, शिक्षण अस्पताल, बाँकी ७ पेजमा


### 'जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस' का सन्दर्भमा एकीकृत दलित मुक्ति मोर्चा, नेपालको प्रेस वक्तव्य

काठमाडौं। 'जातीय भेदभाव तथा छुवाछूत उन्मुलन राष्ट्रिय दिवस' का सन्दर्भमा

एकीकृत दलित मुक्ति मोर्चा ,नेपालले एक प्रेस वक्तव्य जारी गरेको छ। मोर्चाका संयोजक टेक बहादुर बिश्वकर्माले २०८२ जेष्ठ २१ गते जारी वक्तव्य यस प्रकार छ - "२०६३ जेठ २१ गते दिन सरकारले 'जातीय भेदभाव तथा छुवाछूत उन्मुलन राष्ट्रिय दिवस' घोषणा गरेको थियो। जातीय भेदभावका विरुद्ध गरिएको यस्ता दिवस र नीतिगत घोषणाहरू केवल राज्यको देखावटीमा सिमित रहनु विडम्बनापूर्ण रहेको छ।

गणतन्त्र आएपछि दलित समुदायको युगौंदेखि थोपरिएको जातीय उत्पीडन, सामाजिक बहिष्कार र राज्य संरक्षित विभेद अन्त्य हुनेछ भन्ने अपेक्षा उत्पीडित समुदायले राखेका थिए। तर सामाजिक रूपान्तरणको नारा दिएतापनि विद्यमान लोकतान्त्रिक गणतन्त्र नामक बुर्जुवा व्यवस्थाले उत्पीडित जनसमुदायको न्यायपूर्ण माग प्रति जिम्मेवार बन्न सकिरहेको छैन। उत्पीडित समुदायको न्यायपूर्ण माग प्रति गम्भीर एवम् जिम्मेवार नबन्ने सरकार र बाँकी ७ पेजमा

## ६ किसान संगठनका ६५ बुँदे मागसहितका धारणा सार्वजनिक



काठमाडौं। ६ किसान संगठनहरूको तर्फबाट २०८२ जेष्ठ ४ गते काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा प्रस्तुत सार्वजनिक धारणा। उक्त सार्वजनिक धारणापत्रमा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) महासंघ (अप्फा)का केन्द्रीय अध्यक्ष चित्रबहादुर श्रेष्ठ, अखिल नेपाल किसान महासंघ (अन्फा) का संयोजक बलदेव चौधरी, अखिल नेपाल किसान महासंघका भैरवराज रेग्मी, क्रान्तिकारी किसान महासंघ नेपालका केन्द्रीय अध्यक्ष सिताराम तामाङ, अखिल नेपाल किसान युनियनका इन्चार्ज लोकनारायण सुवेदी, अखिल नेपाल प्रगतिशील किसान संघका अध्यक्ष दुर्गाप्रसाद जैशीले हस्ताक्षर गर्नु भएको छ।

नेपाल कृषि उत्पादनका अनेकौं संभावनायुक्त भौगोलिक तथा जैविक विविधताले भरिपूर्ण देश हो। यो जलस्रोतको धनी राष्ट्र पनि हो। देशको जनसंख्याको दुईतिहाइ हिस्सा ओगट्ने र राष्ट्रिय अर्थतन्त्रमा करिब एकतिहाइ योगदान गर्ने किसानहरू हाम्रो देशका प्रमुख उत्पादक शक्ति हुन् भने कृषि भूमि यहाँको प्रमुख उत्पादनको साधन हो। बहुसंख्यक नेपालीहरूको जीवन र जीविका कृषि र भूमिमा आश्रित रहेको छ। किसानहरूले रातदिन मेहतन र परिश्रम गरेर आफू र आफ्नो परिवारको मात्र पेट भर्दैनन्, गैरकृषि क्षेत्रमा संलग्नसमेत सबै नागरिक मात्र नभई पशुपन्छी, चराचुरुङ्गी, जीवजन्तुको जीवन र वातावरण समेतको रक्षा गरिरहेका छन्। यसर्थ कृषि र भूमि मानव समुदायको जीवन, संस्कृति र वातावरणको अभिन्न हिस्साको रूपमा रहेका छन्।

अपितु, यो देशका किसानहरू अझै पनि सामन्ती उत्पीडनसँग जुझ्दै दलाल नोकरशाही पुँजीवाद, नवउदारवाद, नवउपनिवेशवाद, साम्राज्यवाद र विस्तारवादी शोषण, दमन र हस्तक्षेप खेप्दै त्यसको प्रतिरोध गर्दै निरन्तर अगाडि बढिरहेका छन्, बढिरहने छन्। नेपालको सामाजिक क्रान्तिका मेरुदण्ड र जीवनदायिनी शक्ति किसानहरू गरिबी, अभाव, अशिक्षा, अन्धविश्वास, बेरोजगारी र असुरक्षाले आक्रान्त छन्। किसानहरूसँग खेती गर्ने भूमि छैन। जसले रातदिन खेतबारीमा श्रम गर्छ, उसँग जमिन छैन, जसले खेती गर्दैन, ऊसँग जमिन छ। हाम्रो कृषि अझै पनि निर्वाहमुखी र टुक्रे उत्पादन प्रणालीमा आधारित छ। कृषि विकासको औपचारिक सुरुवात भएको करिब ८ बाँकी २ पेजमा

## क्रान्तिकारी कम्युनिस्ट पार्टी नवलपरासीद्वारा भ्रष्टाचारबिरूद्ध अभियान तयारी



नवलपरासी। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल जिल्ला समिति नवलपरासीले भ्रष्टाचार विरुद्ध अभियानको तयारी गरेको छ।

स्थानीय सरकारका साथै सरकारी कार्यालय र सामाजिक संघसंस्थामा भएका भष्ट्राचारको सुक्ष्म अध्ययन अनुसन्धान गर्दै अभियानलाई तीब्र बनाउने क्रान्तिकारी कम्युनिस्ट पार्टी जिल्ला समिति नवलपरासीले जनाएको छ।

उक्त अभियान बारे जानकारी दिनको लागि असार ५ गते सदरमुकाम परासीमा पत्रकार भेटघाट र उद्घाटन कार्यक्रम हुने पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला ईन्चार्ज क्षेत्र बहादुर थापाले जानकारी दिनुभयो। अभियानको बाँकी ७ पेजमा

## पूर्वप्रधानमन्त्री नेपालका विरुद्ध भ्रष्टाचार मुद्दा दायर, नेपाल संसद पदबाट निलम्बित



काठमाडौं। पतञ्जली योगपीठ तथा आयुर्वेद विद्यालयको नाममा दिइएको जमिन अनियमितता प्रकरणमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालमाथि १८ करोड ५८ लाख ५० हजार बिगो मागदाबीसहित भ्रष्टाचार मुद्दा दायर गरिएको छ। अख्तियारले छुट्टाछुट्टै कसुर किटान गरी नेपालसहित ९३ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो। तत्कालीन कानूनमन्त्री प्रेमबहादुर सिंह, भूमिसुधारमन्त्री स्व.डम्बर श्रेष्ठ, तत्कालीन मुख्यसचिव स्व. माधवप्रसाद घिमिरे (पछि गृह)परराष्ट्रमन्त्री, तत्कालीन भूमिसुधार सचिव छविराज पन्तलाई पनि प्रतिवादी बनाइएको छ।

तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको निर्देशानुसार विभागीय मन्त्रालयबाट उक्त कम्पनीले गैरकानूनी तवरबाट प्राप्त गरेको हदभन्दा बढी जग्गा भूमिसम्बन्धी ऐन बमोजिम जफत बाँकी ७ पेजमा

## जनसम्बन्ध विस्तार अभियान ०८१/०८२ : अनुभूति-३

जनसम्बन्ध विस्तार अभियानको दौरानमा पुराना कमरेडहरू जो अहिले कतिपय हाम्रै पार्टीमा, कतिपय अलग पार्टीमा र कतिपय स्वतन्त्ररूपमा रहनु भएका, सँग भेटघाट हुने अवसर प्राप्त भयो। यस अनुभूति - ३ मा उहाँहरूसँग भेट हुँदाको अनुभूति लेख्न गइरहेको छु।

***१) रवि भण्डारी***

तेह्रथुम जिल्लाका क. रवी भण्डारीसँग पार्टी कामको सिलसिलामा धरान, धनकुटा, इलाममा भेट भइरहन्थ्यो। उहाँ बृद्ध अवस्थामा गएपछि लामो समयदेखि भेटघाट हुन त सकेको थिएन। यसपालि जनसम्बन्ध विस्तार अभियानको दौरानमा तेह्रथुम जिल्लाको आठराई गाउँपालिका सक्रान्ति बजार पुगियो। क. रवी भण्डारीको घर पनि सक्रान्ति बजारको नजिकै मूलपानीमा रहेछ। उहाँ सक्रान्ति बजार आउन नसक्ने जानकारी पाएपछि ०८१ साल चैत्र ६ गतेका दिन विहान उहाँको घरमा पुग्यौं। उहाँको जन्म वि.सं. १९९३ साल जेष्ठ १९ गते रहेछ। अहिले उहाँ ९० वर्षमा हिंडिरहनु भएको छ। उहाँ घरभन्दा टाढा जान नसक्ने तर घरमा यताउती हिंडडुल गर्न सक्ने अवस्थामा हुनु हुँदोरहेछ । हामीलाई देखेपछि उहाँ धेरै नै खुशी हुनु भयो। हामी पनि खुशी भयौं। वि.सं. २०२३ सालमा नरेश शाक्य त्यहाँ आएर पूर्व प्रान्तीय कमिटीको इलाका कमिटी बनाएको र उहाँ त्यसको सचिव भएको भन्ने कुरा उहाँले बताउनुभयो। वि.सं. २०२८ सालमा मोहन चन्द्र अधिकारी र भरतमोहन अधिकारी त्यहाँ पुगेको कुरा पनि उहाँले बताउनुभयो। वि.सं. २०३६ सालको जनमत संग्रहभन्दा बाँकी ७ पेजमा



● रामसिंह श्रीस ●

## सम्पादकीय

# भ्रष्टाचारीहरुका विरुद्ध लाल आतंक सिर्जना गरौं !

यो संसदीय व्यवस्था भ्रष्ट व्यवस्था हो भन्ने कुरा जगजाहेर छ। सिंगो कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका भ्रष्टाचारका काण्डहरूले बद्नाम छ। भ्रष्टाचारलाई ढाकछोप गर्ने र भ्रष्टाचारीलाई संरक्षण गर्नेभन्दा अर्को काम यहाँका संसदवादी पार्टीहरूले गरेका छैनन्। तथ्य र घटनाक्रमले यही साबित गरिरहेको छ तर पनि नागरिकमा जुन मात्रामा यो भ्रष्ट व्यवस्था फाल्नका लागि असन्तुष्टी व्यक्त हुनुपर्ने हो त्यो हुन सकेको छैन। सडकमा व्यक्त भएका असन्तुष्टीलाई पनि गलत र भ्रष्ट तत्वहरूले नै आफ्नो स्वार्थको रोटी सेक्न दुरूपयोग गर्दै आएका छन्। यो वा त्यो नाममा जनअसन्तुष्टी र जनआक्रोशलाई यथास्थितिवादी र प्रतिगामी शक्तिहरूले नै भ्रमित तुल्याइरहेका छन् र चरम रूपमा त्यसको दुरूपयोग गर्दै आएका छन्। तसर्थ, प्रतिगामी र यथास्थितिवादीहरूको भ्रमबाट आम जनतालाई मुक्त पार्न जरुरी छ। यसको मुख्य कार्यभार भनेको अग्रगामी तथा क्रान्तिकारी राजनीतिक शक्तिको हो।

अग्रगामी तथा क्रान्तिकारी शक्तिहरू विभाजित छन्। अंशगत स्वार्थबाट जेलिएका छन्। समग्र स्वार्थलाई सुदूर बनाएका छन्। आफ्नै वर्ग र मित्रशक्तिको अन्तर्ध्वंशमा उनीहरूले आफ्नो उर्जा खपत गरिरहेका छन् तर वर्गवैरीका विरुद्ध संगठित हुने, अनुशासित हुने, समर्पित हुने र दृढसंकल्पसहित रणनीतिक लक्ष्य चुम्न कार्यनीतिक श्रृङ्खला तयार पारी योजनाबद्ध रूपमा अगाडि बढ्ने, आफ्नो क्रान्तिकारी पंक्तिलाई उत्साहित बनाउने र जुझारु परिचालन गर्ने कुरामा क्रान्तिकारी पंक्तिका आफ्नै सीमा कमजोरीहरू छन्।

चौतर्फी रूपमा रहेको निराशालाई आशामा बदल्न क्रान्तिकारीहरूले अब भ्रष्टहरूमाथि ससाना भए पनि जनकारबाहीहरू अगाडि बढाउन जरुरी छ। भ्रष्टाचार नेपाली समाजमा डरलाग्दो क्यान्सरझैं फैलिइरहेको छ। राज्यका सबै निकायमा संस्थागत भ्रष्टाचार मौलाएको छ। जनस्तरसम्म दलालीकरण तीव्र बनेको छ। बिचौलीयाकरणको दबदबा छ। राज्यका सबै निकायहरू 'त कुटेजस्तो गर, म रोए जस्तो गर्छु'को शैलीमा जनतालाई मुर्ख बनाउने र भ्रष्टाचारीहरूलाई चोख्याउने धन्धा चलाइरहेकै छन्।

यो भ्रष्ट व्यवस्था आफैले जन्माएका भ्रष्टाचारीहरूलाई कारबाही गर्ने, दण्डित गर्ने, राज्यको सम्पत्ति असुल उपर गर्ने ल्याकत राख्दैन। अब नागरिक स्तरबाट वा जनस्तरबाट नै भ्रष्टाचारीहरूमाथि कारबाही अभियान चलाउनु पर्दछ। अब भ्रष्टाचारीहरूका विरुद्ध लाल आतंक सिर्जना गर्नुपर्छ। ठाउँ ठाउँबाट भ्रष्टाचारीहरूलाई लखेट्ने अभियान सञ्चालन गर्न जरुरी छ। यसको सचेतन नेतृत्व कम्युनिस्ट क्रान्तिकारी पंक्तिले लिनु गर्नु पर्दछ।

दलाल पुँजीवादी व्यवस्थाभित्रका तीनवटै सरकारमा रहेका भ्रष्टाचारीहरूमाथि जनकारबाही आजको अपरिहार्य आवश्यकता बनिसकेको छ। यतिखेर नेपाली समाजमा कुनैपनि राजनीतिक पार्टी वा शक्तिमाथि आशा र विश्वास नै हराइसकेको छ। जनतामा क्रान्तिकारी आशावाद जगाउन, प्रतिगामी र यथास्थितिवादीहरूले छरेको भ्रमबाट मुक्त पार्न र अग्रगामी तथा क्रान्तिकारी दिशामा जनतालाई गोलबद्ध गर्न 'भ्रष्टाचारविरोधी अभियान' अपरिहार्य बनिसकेको छ।

यस पृष्ठभूमिमा मोहन वैद्य किरण नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले हालै सम्पन्न पोलिटब्यूरोको बैठकबाट 'भ्रष्टाचारविरोधी अभियान सञ्चालन' गर्ने बारेको निर्णय अहिलेको ठोस परिस्थितिको ठोस विश्लेषण हो। अब 'एक पार्टी कमिटि एक भ्रष्टाचारविरोधी एक्सन' को योजना बनाएर भ्रष्टाचारीहरूको सातो उडाउने र गाउँ गाउँबाट भगाउने अभियान सञ्चालन गर्नुपर्छ। त्यसो गर्न सकिएको खण्डमा देशैभर एउटा नयाँ जागरण, क्रान्तिकारी रक्तसञ्चार गराउन सकिन्छ। यतातर्फ क्रान्तिकारी नेता कार्यकर्ताहरूले गम्भीर भएर सोच्न जरुरी छ। आफ्नो शक्तिलाई सुदृढ र केन्द्रीकरण गर्दै एउटा सशक्त धक्का दिने हिम्मत गर्नैपर्छ। हामीले नगरे कसले गर्ने, अहिले नगरे कहिले गर्ने भन्ने स्प्रिटलाई दह्रोसँग आत्मसात गर्न जरुरी छ।

भारतीय योग गुरु रामदेव र सहयोगी आचार्य बालकृष्णको नेतृत्वमा रहेको पतञ्जलि पुस २०६४ मा नेपालको कम्पनी रजिस्ट्रार कार्यालयमा दर्ता भएको थियो। जडीबुटी उद्योग तथा योग महाविद्यालय खोल्ने भनेर पतञ्जलिले निवेदन दिएपछि नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले काभ्रेको बनेपामा ८ सय १५ रोपनी जग्गा हदबन्दी छुटमा खरिद गर्न १८ माघ २०६६ मा स्वीकृति दिएको थियो। पूर्वप्रधानमन्त्री माधवकुमार नेपालविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता भएपछि नेपालमा भ्रष्टाचारको अनुसन्धान र अभियोजनमा नयाँ अध्याय सुरु भएको छ। २०६६ सालमा प्रधानमन्त्री बनेका नेपालको नेतृत्वको मन्त्रिपरिषद्ले पतञ्जलि योगपीठलाई हदबन्दीभन्दा बढी जग्गा किन्ने सुविधा दिएकामा दुई महिनाभित्रै बेच्न पनि अनुमति दिएर भ्रष्टाचार गरेको अख्तियारको दाबी छ।

अख्तियारले विशेष अदालतमा दर्ता गरेको मुद्दा कुनै नियमित कानुनी प्रक्रिया होइन किनकि अहिलेसम्म मन्त्रिपरिषद्का निर्णयमा अख्तियारले अनुसन्धान गर्न नमिल्ने भनेर शीर्ष नेताहरूका लागि अतिरिक्त र आपरदर्शी रक्षा कबच खडा गरिएको थियो।

पूर्वप्रधानमन्त्री नेपालमाथि मुद्दा दर्ता भएपछि भने त्यो कबच निरस्त भएको छ। पतञ्जलि प्रकरणमा अनुसन्धान, अभियोजन स्वाभाविक उद्देश्यले अघि बढाइएको हो भने यो प्रकरण सुशासन र जवाफदेहितातर्फ देशकै लागि कोसेढुंगा सावित हुनेछ। तर, राजनीतिक प्रतिशोध र दाउपेचको खेल मात्र हो भने नेपालमा नयाँ युगको कोतपर्व सुरुवात भएको मान्नुपर्नेछ। जसको क्षतिको विवरण आकलन गर्न दशकौं लाग्न सक्छ।

मन्त्रिपरिषद्को स्वीकृतिपछि पतञ्जलिका नाममा ५ सय ९३ रोपनी जग्गा खरिद गरिएको थियो। तर, हदबन्दी छुटमा जग्गा किन्न स्वीकृति पाएको दुई महिनामै अर्थात् ६ चैतमा उक्त जग्गा बेच्न पनि मन्त्रिपरिषद्ले नै स्वीकृति दिएको थियो।

उद्योग खोल्न भनेर हदबन्दी छुटमा किनिएको जग्गा दुई महिनाभित्रै बेच्न स्वीकृति दिने मन्त्रिपरिषद्को निर्णय कैफियतपूर्ण थियो भनेर भूमिसुधारका तत्कालीन महानिर्देशक केशरबहादुर बानियाँले लिखित असहमति राखेका थिए। यद्यपि उनलाई स्पष्टीकरण सोधेर, जिम्मेवारीबाट हटाएर यो कारोबार सम्पन्न गरिएको थियो। यसरी दुई महिनाभित्र भएको खरिद-बिक्रीको कारोबार १६ वर्षपछि भए पनि न्यायिक निरूपणको विषय बनेको छ।

मन्त्रिपरिषद्को आवरणमा अनियमितता भएको भनेर आवाज उठेको यो पहिलो प्रकरण होइन। खासगरी वाइडबडीदेखि ललिता निवाससम्मका मुद्दामा राजनीतिक नेतृत्वलाई उन्मुक्ति दिएर मन्त्री र कर्मचारीमाथि मात्र मुद्दा दर्ता गरिएको थियो। जबकि जतिसुकै ठूलो जिम्मेवारीमा बसे पनि कुनै व्यक्ति कानुनभन्दा माथि हुन सक्दैन भन्ने लोकतान्त्रिक संविधानको मर्म हो।

त्यसैले प्रधानमन्त्रीले अध्यक्षता गर्ने मन्त्रिपरिषद्का निर्णयमाथि पनि कानुनी प्रश्न उठाउन पाउनुपर्छ र निर्णय गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्छ भनेर सडक र सदनमा लगातार आवाज उठिरहेको छ। त्यसैले त अख्तियारसम्बन्धी विधेयकमा छलफल गर्ने क्रममा संसद्को राज्य व्यवस्था समितिअन्तर्गतको उपसमितिले

'मन्त्रिपरिषद्का निर्णयमाथि पनि कानुनी परीक्षण हुन सक्ने' व्यवस्थासहितको प्रतिवेदन तयार पारेको छ। तर, प्रमुख राजनीतिक दलका शीर्ष नेताको दबाबमा अहिले त्यो विधेयक राज्य व्यवस्था समितिमा अलपत्र परेको छ, सदनमा पठाइएको छैन। एकातिर

मन्त्रिपरिषद्लाई जवाफदेही बनाउने कानुनी प्रबन्ध गर्न शीर्ष नेताहरू तयार नहुने र अर्कोतिर प्रतिपक्षी दलका नेतामाथि भने त्यस्तै सन्दर्भमा मुद्दा दर्ता हुने, यो संयोग काकताली मात्र हो कि राजनीतिक योजना भन्ने प्रश्न अहिले सान्दर्भिक भएको छ।

हुन त गलैंचा निर्यातमा योजनाबद्ध कर छलेको भनेर २०३५ सालमा पूर्वप्रधानमन्त्री तुलसी गिरीमाथि भ्रष्टाचार मुद्दा दायर भएको थियो। उक्त मुद्दाले त्यति बेला पनि तरंग ल्याएको थियो। तर उनले सर्वोच्च अदालतबाट सफाइ पाए। त्यस्तै २०६१ सालमा सत्ता हत्याएपछि राजा ज्ञानेन्द्रले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई भ्रष्टाचार आरोपमा पक्राउ गरेका थिए।

यद्यपि देउवामाथि अख्तियार अन्य कुनै संवैधानिक निकायबाट अनुसन्धान भएको होइन। राजा ज्ञानेन्द्रले तजबिजमा गठन गरेको शाही आयोगले आफैं अनुसन्धान, अभियोजन र फैसला गर्ने गैरन्यायिक शक्ति पाएको थियो, जसलाई सर्वोच्च अदालतले खारेज गरिदिएपछि यो प्रकरण कुनै संवैधानिक वा कानुनी सन्दर्भमा अनुकरणीय छैन। त्यसयताका विभिन्न भ्रष्टाचारमा प्रधानमन्त्रीको नाम जोडिए पनि कानुनी अभ्यासबाट भने उनीहरूलाई उन्मुक्ति दिने गरिएको थियो, जसको शृंखला अहिले मात्र विच्छेद भएको छ।

प्रधानमन्त्रीलाई पनि कानुनप्रति जवाफदेही बनाउने प्रचलनलाई संस्थागत बनाउन सकियो भने सुशासनमा नेपाल नयाँ युगमा प्रवेश गर्नेछ। तर, बदलाको राजनीति संस्थागत भयो भने छिमेकी पाकिस्तान र बंगलादेशको जस्तो हालत हुनेछ।

पाकिस्तानमा भ्रष्टाचार आरोपमा सन् १९९६ मा नवाज सरिफले पूर्वप्रधानमन्त्री बेनजिर भुट्टोलाई निर्वासित हुन बाध्य पारेका थिए। तर तीन वर्षपछि नवाज सरिफसमेत त्यसैगरी देश निकाला भएका थिए। एक दशकसम्म साउदीमा निर्वासित सरिफ स्वदेश फर्किएर प्रधानमन्त्री त भए, तर सन् २०१६ मा भ्रष्टाचार आरोपमा उनलाई फेरि जेल हालियो।

सरिफको दल अहिले सत्तामा फर्किएको छ तर यो बीचमा प्रधानमन्त्री बनेका इमरान खानलाई जेलमा राखिएको छ। उता बंगलादेशमा बेगम खालिदा जिया र शेख हसिनाले भ्रष्टाचार मुद्दालाई राजनीतिक हतियार बनाएर एकअर्कालाई जेल पठाउने भयानक षड्यन्त्र रचना गर्दै आएका थिए। अहिले हसिना भारत निर्वासनमा छिन् भने वेगमको दल प्रतिबन्धित छ।

पाकिस्तान र बंगलादेशका प्रधानमन्त्रीहरू जेल जाने शृंखला चले पनि ती देशमा सुशासन बलियो बनेन, बरु एकअर्काको राजनीति र सार्वजनिक जीवन सखाप पार्ने डरलाग्दो चक्रव्यूह मात्र मञ्चन भइरह्यो। नेपाली समाजले त्यस्तै आत्मघाती खेल होइन, सुशासनको व्यग्र प्रतीक्षा गरिरहेको छ। किनकि देशका लागि भ्रष्टाचारको मुद्दा सुशासनको उपक्रम हो, प्रतिशोधको औजार होइन। पतञ्जलि प्रकरण पनि एउटा 'केस स्टडी' हो, जसको निष्कर्षले देशलाई सार्थक मार्गदर्शन गर्नेछ। यो समग्र प्रकरण निर्क्योल गर्न सत्ताले कालान्तरमा समेत आफ्नो निष्पक्षता सावित गर्नुपर्नेछ।

त्यस्तै पूर्वप्रधानमन्त्री माधव नेपालले पनि यो सत्ताको दुरूपयोग हो भन्ने विज्ञप्ति फ्याँकेर आफूले आफैंलाई निर्दोष सावित गर्न पाउने छैनन्, कानुनतः संसद् सदस्यबाट निलम्बित भएका उनले आफ्ना सम्पूर्ण राजनीतिक तथा सार्वजनिक जिम्मेवारीबाट अलग बसेर न्यायिक प्रक्रियालाई सहयोग गर्नुपर्छ। समाजले सबै पक्षलाई चेतनापूर्वक खबरदारी गरिरहेको छ, निष्पक्षता र स्वतन्त्रता अपेक्षा गर्ने त्यान्द्रो मात्र होइन, प्रदर्शन गर्ने अभ्यास पनि हो।

परिवर्तनको सम्वाहक

मूलबाटो

मुख्य पृष्ठ समाचार विचार कुराकानी साहित्य प्रवास खेलजगत प्रविधि सिने जगत पर्यटन ENGLISH

सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।

www.moolbato.com

# जनगणतन्त्रको विपक्षमा माओवादी केन्द्र र त्यसको समाजवादी मोर्चा

● शालिकराम भण्डारी ●

नयाँ जनवाद हुँदै समाजवादमा पुग्ने भन्दै जनयुद्ध थालनी गरेको माओवादी पार्टी झण्डै झण्डै आफ्नो लक्ष्य पूरा गर्ने बेलामा आन्तरिक र बाह्य प्रतिक्रियावादको चपेटामा परी आत्मसमर्पण गरिदिंदा धोका खायो। क्रान्ति युद्धमा २ पक्षबीच वार्ता हुन्छन्, सकेसम्म कसैले आफ्नो हक दावी छोड्दैनन्। ठूला ठूला विश्वयुद्ध भए, पहिलोमा लेनिनको नेतृत्व या वार्ता भयो कमजोर पक्षले आत्मसमर्पण गर्दा युद्ध समाप्त भयो शान्ति सम्झौतामा हस्ताक्षर गरियो युद्ध अन्त्य भयो। त्यसैगरी दोस्रो विश्वयुद्धमा स्टालिनको भूमिका प्रमुख रह्यो। युद्ध समाप्तिको घोषणा गरियो। तर नेपालको जनयुद्धमा माओवादी पार्टी शक्तिशाली हुँदाहुँदै पनि वार्ताको प्रस्तावमा भाग लियो। त्यहाँसम्म ठिकै थियो। त्यति ठूलो गल्ती कमजोरी भएको थिएन। तर वार्तामा आफ्नो अडान छोडिदिंदा देशका मुख्य राजनैतिक, आर्थिक समस्या जस्तै जनगणतन्त्र, नयाँ जनवाद हुँदै समाजवाद पुग्न आफ्नो लक्ष्य छोडी प्रतिक्रियावादीको बाटो पुँजीवादी गणतन्त्र-पुँजीवादी जनवाद नै यसको पनि कार्यदिशा रह्यो। संसदीय प्रजातन्त्रबाट पनि समाजवादमा प्राप्त गर्न सकिने दृढ निश्चयमा पुग्यो। मुख्य नेतृत्वको एउटा ठूलो भागले यस्तो कार्यनीति लिएपछि यसलाई अनुचित, धोका ठान्नेहरू क्रान्तिकारीहरू संगठनमा उत्रेपनि, अगाडि बढ्दै गएपनि केही हदसम्म कमजोर भएको छ। यो अवस्थाबाट निस्कन कडा परिश्रमको आवश्यकता छ।

जनताले माओवादमा कति ठूलो आस्था, विश्वास गरेका रहेछन् भन्ने प्रमाण शान्ति सम्झौतापछि हुन गएको पहिलो निर्वाचनमा जनताले यसमा प्रतिनिधिलाई ठूलो संख्यामा पुराई दिनाले पनि स्पष्ट थाहा हुन्छ। तर नेतृत्वले गलत बाटो लिंदा होसियार जनता अलमलमा परेका छन्। सही दिशा परित्याग नगरेको भए "अहिले पो बुढो भएर" भन्ने गीत गाउँछन्, त्यस्तै भएको छ। जनताले स्वागत गरेकै थिए तर के गर्ने ? अव त प्रतिक्रियावादी दक्षिणपन्थीले लगाउने गरेको आतंकवादी उग्रवादी, अराजकतावादी जस्ता आरोप सहन परेको छ। १९ हजार जनता मार्ने हत्यारा भन्ने गरेका छन् त्यो पनि सहनै परेको छ। निरंकुश राजतन्त्र र बहुदलीय व्यवस्थाका पार्टीहरूले जनता मारेको संख्या त्यो भन्दा धेरै ठूलो छ यस्तो सत्य कुराको चेतावनी दिन पनि सकिएको छैन। खाली रित्तो गर्जनले मात्र के गर्ने ? जनताका आधारभूत समस्या : गास, वास, कपास रोजगारी, शिक्षा, स्वास्थ्य छोडेर सानातिना सुधारका कुराहरूले के हुन्छ ? समाजवाद ल्याउँछौं, क्रान्ति गर्छौं भन्दै डाको छोडेर मात्र कहाँ सम्भव भएको छ। मौकामा छोडियो अहिले पछुताएका जस्ता कुरा गरेर के हुन्छ र ? नीति न छोडेको भए जनयुद्धको प्रभावले जनगणतन्त्र, नयाँ जनवादी हुँदै समाजवाद प्राप्त गर्न बाटो खोलिदिएको थियो।

अर्कोतिर चिनियाँ कम्युनिस्ट पार्टीले लगातार २८, २९ वर्षसम्म सामन्तवाद, नोकरशाही पुँजीवाद, अन्य घरेलु प्रतिक्रियावाद र जापानी साम्राज्यवाद लगायत पश्चिमी साम्राज्यवादबाट देशलाई मुक्त गर्न र नयाँ जनवाद हुँदै समाजवाद प्राप्त गर्न ठूलो सशक्त निशस्त्र संघर्ष गऱ्यो। अन्त्यमा घरेलु प्रतिक्रियावादी शक्तिले वार्ताको लागि प्रस्ताव राख्यो धेरै सोंच विचारपछि माओ-त्सेतुङको नेतृत्वको चिनियाँ कम्युनिस्ट पार्टीले वार्तामा भाग लिन स्वीकार गऱ्यो, १ वर्षसम्म वार्ता हुँदा पनि सि.पि.सी. आफ्नो अडानमा टसमस भएन आखिर बाह्य शक्तिको आड भरोसा नाचिरहेको कोमिनताङ पार्टी डा. सन यात सेनको निधन पछि नेतृत्वमा आएको चेङकाइसेकलाई देश छोडी चीनकै भूमि ताइवान भन्ने टापुमा बस्न पऱ्यो। जहाँ अमेरिकी साम्राज्यवाद र यीन शक्तिले त्यसको रक्षा गरेका छन्, चीन विरुद्ध लडाईमा रहेका छन्। १९४९ मा चीन मुक्त भयो नयाँ जनवादी संयुक्त सरकारको निर्माण भयो।

चीन नेपालको स्थितिलाई एउटै पाराले हेर्न मिल्दैन। मूल कुरा गन्तव्य स्थान एउटै छ। त्यहाँ पनि जन जणतन्त्र नयाँ जनवाद हुँदै समाजवादमा पुगिएको हो। यहाँको क्रान्तिकारी पार्टीको कार्यदिशा पनि त्यतैतिर अग्रसर छ। चीन सामन्तवाद, नोकरशाही पुँजीवाद र साम्राज्यवाद विरोधमा सुरुदेखि लडेको हो। यहाँ अलि फरक छ- नेपाललाई नोकरशाही पुँजीवाद, दलाल पुँजीपतिवर्ग, नवउपनिवेशवादसँग पनि लड्न परेको छ, साम्राज्यवाद यी सबैको गुरु हो। हिजाको माओवादी पार्टीले लिएको नीति चटक्क छोडेर आजको नामधारी माओवादी केन्द्रले जन्मजात पुँजीवादमा विश्वास गर्ने पार्टी र पुँजीवादमा रूपान्तरित भईसकेका नामधारी कम्युनिस्टहरूसँग सम्झौता गरिसकेको छ, हातेमालो गर्दै हिंडेको छ। तैपनि भ्रम छर्न पृथक अस्तित्व राखेको बहाना गर्दैछ, हिजोका यसमा शत्रुहरू मित्र भएका छन्। मित्रहरू शत्रु भएका छन्। जनगणतन्त्रात्मक नयाँ जनवादी क्रान्तिको निम्ति बाधक सावित भएका छन्। क्रान्तिकारी सोंचविचार भएका पार्टीहरू, व्यक्तिहरूलाई अलमल्याउन अनेक प्रकारका छलकपटका विधिहरू प्रयोग गर्न व्यस्त छन्। यस्ता सिद्धान्त विचारविहीन अस्त्रहरू गोलाबारुदको अभावमा पनि हल्ला गर्न, तर्साउन समय समयमा कहीं कतै सफल भएका पनि छन्। सिद्धान्त विचार भन्नुको मतलव नै मार्क्सवाद, लेनिनवाद, माओवाद, जुन द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद र वर्गसंघर्षको सिद्धान्तमा आधारित हुनु भनेको हो। यसैलाई निरन्तरता दिनु भनेको हो। बाबुबाजेको पालामा हामी यस्ता थियौं, उस्ता थियौं भनेर गफ लगाएर मात्र कुनै पनि समाजमा क्रान्ति सम्पन्न हुँदैन। राजनीति बमोजिम कार्यनीति कार्यान्वयन गर्न सके मात्र सम्भव हुने कुरा हो। यहाँ त जान पर्ने धरान धनकुटा थियो। धनगढी-कञ्चनपुर जस्तो भएको छ।

अर्को कुरा, समाजवादमा एकैचोटी जाने भनेर अर्को एउटा नयाँ जोगी देखा परेको छ। यो चार पार्टीको मिलोमतोमा बनेको छ, यसमा पारुहरू हुन्-प्रचण्ड, विप्लव, माधव नेपाल र रामनारायण यादव। यिनीहरू बाहिर समाजवाद ल्याई हाल्छन् जस्तो भान पार्छन्। भित्र केही छैन खोक्रो छ। यिनीहरू एंगेल्सले लेखेको लेख समाजवाद काल्पनिक तथा वैज्ञानिक व्याख्या गरे जस्तो वैज्ञानिक समाजवादभित्र पर्दैनन्, -यिनी त काल्पनिक हावादारी समाजवादी हुन्। वैज्ञानिक समाजवादको बाटो धेरै पहिलेदेखि नै छोडिसकेका छन्, नेपाल जस्तो अविकसित देशमा समाजवाद प्राप्त गर्ने एउटा मात्र सही बाटो हो, जनगणतन्त्र, नयाँ जनवाद हुँदै समाजवाद। रुसमा सिधै समाजवादी गणतन्त्र घोषणा गरिएको थियो। यहाँ त्यस्तो सम्भव छैन। नेपालका काल्पनिक समाजवादीहरूले मजदुर भूमिहीन गरिब-किसान, साना तिना जमिनपति,साना, मझौला खालका उद्योगपति र टाउको उठाउन नसकेको राष्ट्रिय पुँजीपति वर्गको सम्बन्धमा एक शब्द बोल्दैनन्। यो समाजवादी मोर्चाको मौनताको अर्थ दलाल तथा नोकरशाही पुँजीपति अवशेषको रूपमा रहेको सामन्तीहरूको सेवा गर्नु बाहेक केही देखिंदैन। प्रमाण खोज्न यही पुँजीवादी संसदमा यिनीहरूले खेलेको भूमिका हेरे पुगिहाल्छ। टाढा जानुपर्दैन। शोषण दमनको सानो रूप मिटर व्याज पीडक र सहकारी रकम ठगहरू विरुद्ध यिनले एउटा कानुन बनाउन सकेका छैनन्। जसले जे गर्छ खुला छुट्छ। कसरीहोस् यी नक्कली समाजवादी हर्कत जन गणतन्त्र नयाँ जनवाद हुँदै समाजवादमा पुग्न सकिने आशा गर्ने ? नयाँ जनवाद भनेको त समाजको निम्ति पहिलो सिंढी हो। देशको सम्पत्ति दलाल लगायतका सम्पूर्ण पुँजीपति, भूमिपतिलाई थमाई दिने, समाजवादको हल्ला गर्ने। कुन वर्गको निम्ति समाजवाद हो त ? समस्त निम्न गरिखाने वर्ग तिल्लो, उनीसित श्रम बाहेक के बाँकी रह्यो र ? विशाल पुँजी निर्माण श्रमबाट अर्थात् अतिरिक्त श्रमबाट हुन्छ-उत्पादित वस्तुहरूको तीन चौथाई भन्दा बढी भाग पुँजी लगानीकर्ताको खल्तीमा जान्छ, गरिखाने वर्गलाई जिउ धान्न पनि सारै धौ धौ।

नेपालमा नयाँ जनवाद भनेको ती समस्त दलाल लगायतका पुँजीपतिवर्गको ठूलाठूलाहरूको सम्पत्ति राज्यले जफत गरेर निम्न वर्गको निम्ति उपयोग गर्न सके मात्र समाजवादको निम्ति आधार हुने हो। यस्तो व्यवस्था सर्वहारावर्गको हातमा सत्ता प्राप्त भएपछि मात्र आउन सक्छ। सबै यात्रा पार गर्दै प्राप्त गरेको समाजवाद त्यस्तो व्यवस्थाको जहाँ वर्ग विहिन समाज निर्माण हुन्छ। मान्छेले मान्छेलाई शोषण, दमन गर्न सक्दैन। निजी पुँजीको प्राथमिकता समाप्त हुन्छ। सार्वजनिक पुँजीको भूमिका सर्वेसर्वा हुन्छ। त्यसैले पुँजीवादी गणतन्त्र, पुँजीवादी जनवादको झण्डा बोकेर जनगणतन्त्र नयाँ जनवादको पनि प्रशंसा गर्नु समाजवाद प्रति विश्वासघात मात्र हो।

## ६ किसान...

दशक पुगिसक्दा पनि कृषि प्रसार सेवा करिब २० प्रतिशत किसान परिवारको घरदैलोमा मात्र पुग्न सकेको छ। कृषिको वैज्ञानिकीकरण, आधुनिकीरण, व्यावसायीकरण र औद्योगिकीकरण हुन सकेको छैन। मल बिउ, बिजन, कृषि औजार, सिँचाइ आदि कृषि सामग्रीहरूको सरल र सहज उपलब्धता छैन। असल र उच्च उत्पादन दिने बाली, जात र पशुनश्लको विकास हुन सकेको छैन। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अत्यन्तै कम छ। उत्पादन भइहालेमा बजारको सुनिश्चितता र आवश्यक पूर्वाधार छैन। कृषि बजारमा बिचौलियाहरू हाबी छन्। किसानहरूले आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन्। त्यति मात्र होइन, उत्पादन गरेर अति सस्तो मूल्यमा बिक्री गरिएका उखु, दूध, तरकारी आदि कृषि उपजहरूको बिक्रीपश्चात किसानले पाउनुपर्ने भुक्तानीसमेत पाउन सकेका छैनन्। कृषि सामग्रीहरूको मूल्य चर्को छ भने किसानका उत्पादनको भाउ अति न्यून छ, त्यो पनि सुनिश्चित छैन। यसरी नेपाली किसानहरूको जीवन कहालीलाग्दो अवस्थामा रहेको छ। बजारमा विदेशबाट आयातित कृषि उपजहरूको बाहुल्यता छ। नेपाली किसानहरूको यो कहालीलाग्दो अवस्थाको अन्त्य गरेर उनीहरूको जीवनमा खुशी र समृद्धि नल्याई 'सुखी नेपाली, समृद्ध नेपाल'को नारा केवल खोक्रो र पाखण्डपूर्ण प्रलाप मात्र हुन सक्दछ।

परन्तु हाम्रो देशमा यतिबेला त्यसको ठिक उल्टो भइरहेको छ। एकपछि अर्को गर्दै देशका उद्योगधन्दा कलकारखानाहरू बिक्रीवितरण गरिँदैछ। सरकारको प्राथमिकतामा कृषि क्षेत्र पर्न सकेको छैन भने राज्य संचालकहरू किसान शब्द समेत उच्चारण गर्न चाहँदैनन्। किसानमारा भूमि बैंक लागु गर्न खोजिँदैछ। गिरीबन्धु टि स्टेट जस्ता काण्डहरू मार्फत् भूमिसुधारको पञ्चायतकालीन हदबन्दीको प्रावधानबाट समेत पछि फर्कन खोजेको देखिन्छ। युवाहरू विदेश पलायन हुन बाध्य छन्। कृषि उत्पादनमा संलग्न वास्तवोक उत्पादक किसानहरूले राज्यको सेवा, सुविधा र अनुदान प्राप्त गर्न सकेका छैनन्। अनुदानका नाममा व्यापक भ्रष्टाचार र मनपरी छ। देशभर किसानहरू र आम जनसमुदायको आक्रोशले सीमा नाघेको छ। यसैलाई आधार बनाएर प्रतिगामी तथा पुनरुत्थानवादीहरूले आफ्नो लुटको स्वर्ग फर्काउने, समानुपातिक, समावेशी प्रतिनिधित्व तथा धर्म निरपेक्षता हटाउने र देशलाई हिन्दु अधिराज्य बनाउने दिवासपना देखिरहेका छन्।

त्यसैले हामी नेपाली किसानहरूको हक, हित र अधिकारको रक्षार्थ नेपालका ६ वटा कम्युनिस्ट पार्टी निकट किसान संगठनहरू मिलेर संयुक्त किसान संघर्ष समिति, नेपाल गठन गरेका छौं र नेपाल सरकार र देशका मुख्य राजनीतक दलहरूलाई हाम्रा धारणाहरू पेस गरेका छौं। तिनलाई लागु गरेर नेपालको कृषिको रूपान्तरण र किसानहरूको हक, हित र अधिकारको रक्षा गर्नुको सट्टा सरकारले झनै प्रतिगामी कदमहरू चालिरहेको वर्तमान सन्दर्भमा हामीले निम्न विषयमा हाम्रो साझा धारणा सार्वजनिक गर्न चाहन्छौं।

१ भूमि बैंक बारेः

भूमि बैंक नवउदारवादको एउटा सशक्त किसानविरोधी हतियार हो।१६औं शताब्दीमा बेलायती उपनिवेशवादीहरू अमेरिका आइपुगेपछि तिनले भूमिको स्वामित्व र व्यापारको नयाँ व्यवस्था सुरु गर्न, भूमिलाई पूँजीको रूपमा प्रयोग गर्न, कृषिको क्षेत्र विस्तार र औपनिवेशिक बसोबास स्थापना गर्नका लागि भूमि बैंकको अवधारणा विकसित गरे। सन् १६८० को दशकमा म्यासाचुसेट्समा पहिलो पटक औपचारिक रूपले भूमि बैंक स्थापना गर्ने प्रयास गरियो। पछि १७४० मा यसले कागजी मुद्रा जारी गरेर किसान तथा व्यावसायीलाई जमिन धितोमा ऋण उपलब्ध गराउने काम गर्थ्यो। तर, बेलायती सरकारको विरोध र बैंक अफ इंग्ल्यान्डसँगको प्रतिस्पर्धाका कारण यो प्रयास छोटो समयमै बन्द भयो।

सन् १६९५ मा बेलायतमा स्थापना गरिएको इङ्गल्याण्डको भूमि बैंकले कागजी मुद्रा भूमिको आधारमा जारी गर्ने काम गऱ्यो, तर यो पनि धेरै वर्ष टिकेन तर यसले भूमिलाई अर्थतन्त्रको आधार बनाउने अवधारणाको सुरुवात गऱ्यो।

फ्रान्समा सेफर ९भूमि विकार तथा ग्रामीण वस्ती विकास कम्पनी० सन् १९६० को दशकमा फ्रान्सेली सरकारले स्थापना गरेको थियो। यस संस्थाको प्रमुख उद्देश्य कृषि भूमिको संरक्षण, साना किसानहरूलाई भूमिको पहुँच र ग्रामीण क्षेत्रमा सन्तुलित विकास सुनिश्चित गर्नु भनिएको थियो। यसले निजी जमिन खरीद गरेर साना किसान वा युवा कृषकहरूलाई पुनःवितरण गर्ने र कृषि भूमिलाई सहरीकरण वा अतिक्रमणबाट बचाउने कार्य पनि गऱ्यो। यो वास्तवमै भूमि बजारको अवधारणामा आधारित भए पनि भूमि बैंककै अवधारणामा छैन।

फिलिपिन्समा सन् १९६३ मा फिलिपिन्सको भूमि बैंकको नामले भूमि बैंक स्थापना भयो। फिलिपिन्समा चिनियाँ र कोरियाली क्रान्तिको प्रभावस्वरूप क्रान्तिकारी भूमि सुधारको माग व्यापक रूपमा बढेपछि र फिलिपिनी कम्युनिस्ट तथा किसान आन्दोलन लोकप्रिय हुँदै गएपछि त्यो आन्दोलनलाई मत्थर पार्न यो कार्यक्रम अघि सारिएको थियो। यसको उद्देश्य कृषि भूमिलाई क्रान्तिकारी भूमिसुधारद्वारा सामन्त र जमिन्दारहरूको जमिनमा हदबन्दी लगाई भूमिहीन किसानहरूलाई निशुल्क बाँड्नुको सट्टा सामन्त र जमिन्दारहरूको हदबन्दी लाग्ने जमिन राज्यले किनेर सो भूमिलाई नै धितोमा राखी जमिनलाई सस्तो ब्याजदरमा सुकुम्बासी र भूमिहीनले किस्तामा मूल्य तिर्ने व्यवस्था लागु गरिएको थियो। त्यहाँ किसानहरूले शुल्क तिरेर भूमि लिन तयार नहुने, लिएकाहरूले समेत किस्ता चुक्ता गर्न नसकी भूमि राज्यकै मातहतमा जाने स्थिति भयो। र भूमि बैंकको यो अवधारणा पूर्णरूमा असफल भई त्यहाँको भूमि बैंकलाई बाणिज्य बैंकको रूपमा रूपान्तरण गरियो।

यसरी नै यो अवधारणा ब्राजिल र अन्य विभिन्न देशमा लागु गर्ने कोसिस गरियो तर सबै ठाउँमा असफल भयो। अमेरिकासहितका विभिन्न पुँजीवादी मुलुकहरूमा पनि भूमि बैंक छन्। तिनले अनुपयोगी वा कर नतिरेका जमिनहरू खरिद गर्छन्, जमिनको संरक्षण र मर्मत सम्भार गर्छन्, जमिनलाई व्यक्तिगत, सामाजिक, वा सार्वजनिक प्रयोगका लागि पुनः वितरण गर्छन्, आवास विकासकर्ता ९जग्गा दलाल०, वा समुदायलाई सस्तो दरमा जमिन प्रदान गर्छन्। यी नेपालका प्लटिङ कम्पनी जस्ता छन्।

नेपालमा भने यसलाई भूउपयोग ऐन अन्तर्गत ल्याउने काम भएको छ। यसको अवधारणा व्यक्ति पिच्छे फरक फरक ब्याख्या गरे पनि यसलाई नेपालको सन्दर्भमा किसानहरूको ग्रामीण क्षेत्रमा बाँझो रहेको जमिनलाई भूमि बैंक मार्फत एकीकृत गरी पुन प्रयोग गराउने प्रयोजनका लागि ल्याइएको दाबी गर्ने गरिएको छ।

नेपालको क्रान्तिकारी भूमिसुधारको एउटा महत्त्वपूर्ण कार्य अनुपस्थित भूस्वामीहरूको जग्गा या त उनीहरूलाई खेती गर्न लगाउने वा त्यसलाई राज्यले अधिग्रहण गरी भूमिहीन सुकुम्बासी वा खेती गर्न चाहने किसानहरूलाई वितरण गर्नुपर्छ। यिनै अनुपस्थित भूस्वामीहरूको जमिनमाथिको स्वामित्व रक्षा गर्न र त्यसलाई सरकारी तवरले व्यावसायिक प्रयोजनमा लैजान भूमि बैंक ल्याउन खोजिएको हो। दोस्रो कुरा, भूमि बैंक लागु गरिएमा युवाहरूको विदेश पलायनले ग्रामीण क्षेत्रमा अस्थायी रूपमा बाँझो रहेको जमिन बलजफ्ती स्थानीय तहबाट टेन्डरमार्फत विदेशी बहुराष्ट्रिय निगम वा स्वदेशी दलाल पुँजीपतिहरूलाई लामो समय ९४९ देखि ९९ वर्ष० का लागि भाडामा दिने उद्देश्य देखिन्छ। जब युवाहरू स्वदेश फर्किन्छन्, उनीहरू न त आफ्नो जमिनमा खेती गर्न पाउँछन्, न त त्यसलाई स्वतनत्र रूपले अंशबण्डा, बेचबिखन वा किनबेच गर्न पाउँछन्। यसले पारिवारिक, सामाजिक, आर्थिक, मनोवैज्ञानिक र सामाजिक समस्या समेत सिर्जना

बाँकी ३ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# 'सरकार र माओवादीबीचको शान्ति वार्तामा आम नागरिकको सहभागिता आवश्यक छ'

● नन्दिनी सुन्दर ●

दशकौंको हिंसापछि, भारत सरकार र भाकपा (माओवादी) बीचको शान्ति वार्ताको प्रश्न अन्ततः छलफलको लागि उठेको छ । तर माओवादीहरूले निरन्तर युद्धविरामको लागि अपील गरिरहेका छन् भने, सरकार उनीहरूले एकतर्फी रूपमा आत्मसमर्पण गर्नुपर्नेमा अडिग छ । अमित शाहले मार्च २०२६ सम्ममा माओवादीहरूलाई 'समाप्त' गर्ने घोषणा गरेपछि, झारखण्ड र छत्तीसगढ-तेलंगाना सीमामा रहेको करेगुट्टा/दुर्गामेटा पहाडहरूमा यी दिनहरूमा सुरक्षा बलहरूको ड्रोन र जमिन अपरेशनहरू भइरहेका छन् ।

हालै, केन्द्रीय मन्त्री बन्दी संजय कुमारले भनेका छन् कि सरकारले माओवादीहरूसँग वार्ता गर्ने छैन किनकि यो प्रतिबन्धित संगठन हो ।

धेरै नागरिक संगठनहरू र राजनीतिक प्रतिनिधिहरूले शान्ति वार्ताको माग उठाएका छन् । तर तेलंगानामा कांग्रेस र बीआरएस नेतृत्वले यसमा सकारात्मक दृष्टिकोण देखाएको छ भने, छत्तीसगढका गृहमन्त्री विजय शर्माले यसलाई अस्वीकार गर्दै भने कि यस्ता वार्ताहरूको कुनै वैधता छैन ।

यो स्पष्ट छ कि भाजपाले नक्सलवाद उन्मूलनको श्रेय लिन चाहन्छ, जसरी उसले धारा ३७० खारेज गर्ने वा राम मन्दिर निर्माण गर्ने जस्ता प्रमुख 'उपलब्धिहरू' मध्ये एक हो । तर यो स्पष्ट छैन कि माओवादीहरूसँग वार्ता मार्फत शान्ति स्थापना गर्नुलाई किन प्रमुख उपलब्धिको रूपमा हेर्न सकिँदैन ।

वास्तवमा, यो युद्धमा 'विजय पछिको शान्ति' भन्दा बढी निर्णायक र दिगो साबित हुन सक्छ । प्रधानमन्त्री नरेन्द्र मोदीले दाबी गर्न सक्थे कि एकातिर उनी बाह्य शक्तिहरूसँग लड्न दृढ छन् भने अर्कोतर्फ उनी आफ्ना जनतासँग कुराकानी गर्न पनि तयार छन् ।

छत्तीसगढमा भाजपा सरकार सत्तामा आएदेखि दक्षिण बस्तरमा मात्र कम्तिमा ४०० जना मारिएका छन् । विगत बीस वर्षको प्रति-विद्रोहको कथामा बस्तरको सन्दर्भमा २०२४-२५ सबैभन्दा रक्तपातपूर्ण वर्ष साबित भएको छ । यदि हामीले मानौं कि मृतकहरूमध्ये धेरैजसो माओवादी कार्यकर्ताहरू छन्, तर यो कुरालाई अस्वीकार गर्न सकिँदैन कि निर्दोष नागरिकहरू पनि मारिएका छन् । चाहे त्यो पिडियाको घटना होस् जहाँ मारिएका कथित १२ माओवादीहरूमध्ये १० जना सर्वसाधारण थिए, वा अबुझमदको कुम्मम गाउँ जहाँ सुरक्षा बलले पाँच निर्दोष नागरिकहरूलाई मारेको आरोप छ । यस घटनामा वयस्कहरू मात्र होइनन् तर चार बालबालिकालाई पनि गोली लागेको थियो ।

२०२५ को छत्तीसगढ सरकारको आत्मसमर्पण नीति अन्तर्गत, माओवादीहरूलाई 'मृत वा जीवित' ल्याउने प्रहरीहरूलाई पुरस्कार दिइन्छ, र आत्मसमर्पणको लागि निश्चित प्रतिशत पनि छ । रेणुका र सिरिपेली सुधाकर जस्ता अनुभवी माओवादी नेताहरूलाई सजिलै पक्राउ गर्न सकिने अवस्थामा हिरासतमा मारिएको आरोप छ ।

अघिल्ला शान्ति प्रयासहरू

सुरक्षा विज्ञहरूले सामान्यतया माओवादीहरूको शान्ति वार्ताको प्रस्तावलाई समय किन्न र राहत प्राप्त गर्ने रणनीतिको रूपमा हेरेका छन् । तर यस पटक माओवादीहरूले वार्ता गर्न खोजेको जरुरीताले महत्त्वपूर्ण परिवर्तनलाई संकेत गर्दछ ।

यो ध्यान दिन लायक छ कि पहिले शान्ति वार्तामा धेरै प्रयासहरू भइसकेका छन् । आन्ध्र प्रदेशमा सेवानिवृत्त आईएएस अधिकारी श्री एसआर शंकरनको नेतृत्वमा रहेको सरोकारवाला नागरिक समितिको पहल होस्, २००९ मा लालगढ आन्दोलन पछि जंगलमहलमा शान्तिको लागि प्रस्ताव होस् वा शान्तिको लागि नागरिक पहल, र २०१३ मा बस्तरमा सीपीआई द्वारा निकालिएको पदयात्रा, तर यी सबै चाँडै नै असफल भए ।

यस पटक सरकार बलियो स्थितिमा छ र माओवादीहरूसँग वार्ता गर्ने शक्ति छैन । यदि यी वार्ताहरू विगतका वर्षहरूमा भएका भए, तिनीहरूले बस्तरमा खानीमा प्रतिबन्ध वा आफ्नै लागि स्वायत्तता जस्ता मुद्दाहरू उठाउन सक्थे, तर यस पटक यस्ता अवस्थाहरू सजिलो हुनेछैनन् ।

यो पनि सत्य हो कि जब सरकारले केही सर्तहरूमा सहमत हुन्छ - उदाहरणका लागि, ओडिशामा कलेक्टर विनील कृष्णको रिहाइको लागि आयोजित वार्ताको क्रममा - वाचाहरू पूरा हुँदैनन् । कोलम्बिया वा नेपाल जस्ता देशहरूमा, शान्ति सन्धिहरूको कार्यान्वयन प्रायः असन्तुष्ट भएको छ । अहिले सरकारको लागि, वार्ताको अर्थ माओवादीहरूको आत्मसमर्पण हो, व्यापक राजनीतिक समाधान होइन ।

***न्यायपालिकाको असफलता***

यस हिंसात्मक द्वन्द्वमा न्यायपालिकाले निष्पक्ष मध्यस्थकर्ताको रूपमा महत्त्वपूर्ण भूमिका खेल्न सक्थ्यो, तर दुर्भाग्यवश त्यस्तो भएन । २०११ मा, न्यायाधीश बी. सुदर्शन रेड्डी र न्यायाधीश एसएस निज्जरले सलवा जुडुम र पूर्व नक्सलवादीहरूलाई हतियार दिने प्रक्रियामा प्रतिबन्ध लगाएका थिए, जुन एउटा महत्त्वपूर्ण हस्तक्षेप थियो । तर त्यो आदेश भएको १४ वर्ष बितिसक्यो । छत्तीसगढ सरकारले यो निर्णयलाई बेवास्ता गर्दै आत्मसमर्पण गरेका माओवादीहरूलाई अग्रपंक्तिका लडाकुहरूको रूपमा तैनाथ गर्दै आएको छ ।

सरकारले बलात्कार, हत्या र आगजनी र मानवअधिकार उल्लङ्घन जस्ता अपराधहरूमा कसैलाई पनि सजाय दिएको छैन, न त अदालतको आदेशको बाबजुद राज्य हिंसाका पीडितहरूलाई नक्सलवादी हिंसाका पीडितहरू बराबर क्षतिपूर्ति दिएको छ । जुन २०२५ मा, सलवा जुडुमले २० वर्ष पूरा गर्नेछ - हिंसाको २० वर्ष, किनभने अदालतहरूले यसलाई बेवास्ता गरिरहे ।

***आम नागरिकः तेस्रो र आवश्यक पक्ष***

आज, जब सरकार बल प्रयोग गर्नमा अडिग छ, माओवादीहरूसँग कुनै शक्ति छैन, र न्यायपालिका मौन दर्शक बनेको छ, प्रभावित जनताले आफैंले आफ्ना मागहरू उठाउनु र उनीहरूका लागि 'शान्ति' को अर्थ के हो भनेर परिभाषित गर्नु आवश्यक छ । दुवै पक्षले जसको नाममा लड्ने दाबी गर्छन्, ती बिना वार्ता हुन सक्दैन । अधिकांश माओवादी कार्यकर्ता, समर्थक, डीआरजी र बस्तर लडाकुहरू कोया आदिवासी समुदायका हुन् । यो द्वन्द्वले त्यो समुदायमा गहिरो दरार सिर्जना गरिरहेको छ ।

यस्तो अवस्थामा, पहिलो चरण युद्धविराम हुनुपर्छ । सरकारले आफ्ना मध्यस्थकर्ताहरूको नाम घोषणा गर्नुपर्छ, छापामार समूहले आपसी संवाद मार्फत वार्ताको लागि तयारी गर्नुपर्छ ।

सर्वोच्च अदालतले पहल गर्नु र मध्यस्थकर्ता नियुक्त गर्नु नै सबैभन्दा राम्रो हुन्थ्यो ।

***शान्ति बनाम खानी***

सबै पक्षहरूका लागि शान्तिको फरक अर्थ हुन्छ । सरकारका लागि 'शान्ति' भनेको खानीको लागि आधारभूत अवस्था सिर्जना गर्नु हो । छत्तीसगढमा प्रस्तावित १०८ खानी ब्लकहरूमध्ये ३९ बस्तरमा छन् । नयाँ खनिज भण्डारहरू - कोरन्डम, लिथियम, सुन - पनि यहाँ पत्ता लागिरहेका छन् । सरकारले हिंसाका कारण गाउँहरूले विद्यालय, अस्पताल, बिजुली नपाएको बताएको छ, तर माओवादीमुक्त क्षेत्रहरूमा यी सुविधाहरू किन उपलब्ध छैनन् भनेर यसले व्याख्या गर्दैन । वा सडक निर्माण भए पनि विद्यालयहरू यी क्षेत्रहरूमा किन पुग्दैनन् ?

जहाँसम्म माओवादीहरूको सवाल छ, उनीहरूका लागि 'शान्ति' भनेको केही सास फेर्ने ठाउँ र उनीहरूको राजनीतिको कुनै अन्य वैकल्पिक मार्ग हुन सक्छ । कोलम्बियामा, ँब्च्क्ष् ले 'मुख्यधारामा पुनः एकीकरण' को विरोध गर्दै भनेका थिए कि उनीहरू कहिल्यै जनताबाट अलग भएका छैनन्, उनीहरूले संगठन त्यागेका छैनन्, तर उनीहरू दैनिक राजनीतिको आधारमा संगठित भइरहेका छन् ।

यसको विपरीत, आम नागरिकका लागि शान्तिको अर्थ धेरै समृद्ध र जटिल छ । हतियारको अभावमा शान्ति आउँदैन - शान्ति भनेको दैनिक संरचनात्मक हिंसाको अन्त्य हो । १९८० को दशकमा, मानिसहरूले माओवादीहरूलाई समर्थन गरे किनभने उनीहरूले दमनकारी वन रक्षक र पटवारीहरूलाई बाहिर राखे र मानिसहरूलाई नयाँ जग्गा खेती गर्न मद्दत गरे । राज्य भ्रष्टाचार, नागरिकहरूको विस्थापन र बाहिरी अतिक्रमणलाई जंगलमा फिर्ता ल्याउने 'शान्ति' शान्ति होइन ।

मोनिका केररले २००९ पछि जंगलमहलको अवस्था, कसरी मानिसहरूले हिंसाको प्रतिक्रिया दिन्छन् भन्ने बारेमा एउटा पुस्तक लेखेकी छिन् । उनी लेख्छिन् कि संथाल समुदायले आफूलाई मौलिक रूपमा शान्तिप्रेमी मान्दछ तर हतियार उठाउन बाध्य पारिएको थियो । गाउँहरूमा निर्णयहरू सहमतिद्वारा लिइन्छ । तिनीहरूका लागि, शान्तिको अर्थ डरबाट मुक्ति र जीवनमा सकारात्मक परिवर्तन थियो । तपाईं बस्तरलाई कोलम्बियाको हिंसात्मक आन्दोलनसँग तुलना गर्न सक्नुहुन्छ, जहाँ 'क्षेत्रीय शान्ति' को अवधारणा प्रबल थियो, र जहाँ हिंसा पीडितहरूको सक्रिय सहभागितामा भूमि र स्रोतहरू पुनर्वितरण गरिएको थियो ।

***जरुरी माग र न्यायका प्रश्नहरू***

शान्तिको फरक अर्थ हुन सक्छ, बस्तरका नागरिकहरू सर्वसम्मतिले सहमत छन् कि शान्ति स्थापना गर्ने पहिलो चरण भनेको सुरक्षा बलका शिविरहरू हटाउनु हो । आज, सम्पूर्ण बस्तर एक विशाल शिविरमा परिणत भएको छ, जहाँ प्रत्येक केही किलोमिटरमा सुरक्षा शिविरहरू स्थापना गरिएका छन् । यी शिविरहरू अनुमति बिना निजी र सामूहिक जग्गामा निर्माण गरिएका छन् ।

शान्ति वार्ताको सफलता पछि, शिविरहरूको कुनै आधिकारिक औचित्य हुनेछैन । तर यसको सैन्य दृष्टिकोणको साथ, सरकारले भन्न सक्छ कि यी शिविरहरू बाँकी रहेका माओवादीहरूसँग व्यवहार गर्न आवश्यक छन् ।

यदि माओवादीहरू गएपछि पनि शिविरहरू रहिरहे भने, मानिसहरूलाई खानीको विरोध गर्ने गाउँलेहरूमाथि प्रहरीको बन्दुक चलाइनेछ भन्ने डर छ । खानीको प्रक्रियाले वन जग्गा नष्ट गर्छ, विस्थापन ल्याउँछ र अनगिन्ती बाहिरी मानिसहरूलाई आदिवासी भूमिमा ल्याउँछ । मानिसहरूलाई यो पनि डर छ कि उनीहरूको भूमिमा बनाइएका राजमार्गहरूले सरकार र ठेकेदारहरू बीचको भ्रष्ट साँठगाँठलाई बढावा दिन्छन् ।

विगत २५ वर्षमा माओवादीसँग सम्बन्धित आरोपमा पक्राउ परेका लगभग १६,७३३ जनाको रिहाइ कुनै पनि शान्ति वार्ताको महत्त्वपूर्ण भाग हुनुपर्छ । संविधानको पाँचौं अनुसूची कार्यान्वयनको माग गर्दै आएको गाउँ युवा मञ्च 'मूलवासी बचाओ मञ्च' माथिको प्रतिबन्ध हटाउनुपर्छ र यसका नेताहरूलाई रिहा गर्नुपर्छ । सक्षम र सक्षम युवाहरू बिना बस्तरमा शान्ति आउन सक्दैन ।

***न्याय शान्तिको रूपक हो***

विगत बीस वर्षको हिंसा - हत्या, बलात्कार, विस्थापन - सम्बन्धी मुद्दाहरूको समाधान शान्ति वार्ताको हिस्सा हुनुपर्छ । अहिलेसम्म कुनै पनि राजनीतिज्ञ, सरकारी अधिकारी वा प्रहरीमाथि नक्कली मुठभेड वा सलवा जुडुम जस्ता निजी मिलिशियालाई प्रवर्द्धन गरेको आरोपमा मुद्दा चलाइएको छैन ।

सरकारको आत्मसमर्पण नीति २०२५ को धारा ७.७.३ अनुसार, यदि कुनै व्यक्तिले नक्सलवादको उन्मूलनमा योगदान पुर्‍याउँछ भने, उसको विरुद्धका मुद्दाहरू खारेज गर्न सकिन्छ । यो नीति आत्मसमर्पणकर्ताहरूलाई जबरजस्ती प्रहरी बलमा भर्ना गर्ने उपकरण बनेको छ । केही अवस्थामा, पहिले नै आत्मसमर्पण गरिसकेकाहरूका पुराना मुद्दाहरू पुनः खोलिएका छन् ।

यो दोहोरो मापदण्डको विरोध गर्नुपर्छ, तर हिंसाको शिकार भएका गाउँलेहरू के चाहन्छन् भन्ने कुरा स्पष्ट छैन । के उनीहरू दुवै पक्ष (सुरक्षा बल र माओवादी) लाई उनीहरूको हिंसाको लागि जवाफदेही बनाउन चाहन्छन्, वा उनीहरू नयाँ सुरुवातको लागि मौका चाहन्छन्? तैपनि, २००५ देखि बस्तरमा मारिएका नागरिक, माओवादी र सुरक्षाकर्मीहरूको पूर्ण गणना र उनीहरूका परिवारहरूलाई क्षतिपूर्ति दिनु उचित हुनेछ ।

हालै, छत्तीसगढ सरकारको एक टोलीले सलवा जुडुमको समयमा भागेका तेलंगानाका मानिसहरूलाई भेटेको थियो । तर यदि उनीहरूलाई शिविर वा छुट्टै गाउँमा राखियो भने, यसले थप द्वन्द्व निम्त्याउनेछ । एक मात्र तरिका भनेको गाउँहरू भित्र जनतामा आधारित शान्ति प्रक्रिया स्थापना गर्नु र एसपीओ र उनीहरूका परिवारहरूलाई घर फर्कन सक्षम बनाउनु हो ।

शान्ति वार्ताको अर्थ सामान्यतया छापामार समूहहरूको विघटन, समाज वा सुरक्षा बलमा लडाकुहरूको एकीकरण र पुनर्स्थापना हो । नेपालमा यस्तै भएको छ । छत्तीसगढमा, पक्राउ परेका वा आत्मसमर्पण गरेका माओवादीहरूलाई एसपीओ, डीआरजी वा बस्तर लडाकुहरूको रूपमा समावेश गरिएको छ । त्यसकारण, प्रहरीका यी सहायक बलहरूलाई पनि विघटन गर्नुपर्छ । तिनीहरू अनियन्त्रित भएका छन् र हिंसा र उत्पीडनमा संलग्न छन् । उनीहरूलाई अन्य रोजगारी प्रदान गर्नु ठूलो चुनौती हुनेछ ।

'शान्ति' एकैचोटि प्राप्त गर्न सकिने कुरा होइन, बरु लामो प्रक्रिया हो । कसैले पनि यो भ्रममा पर्नु हुँदैन कि 'शान्ति' भनेको निजी खानीको द्रुत वृद्धि बाहेक अरू केही हो । तर कम्तिमा सरकारले माओवादी बहानामा हरेक विरोधलाई दबाउन सक्षम हुनेछैन, र सायद माओवादीहरूको ऊर्जा र अन्तर्दृष्टिले जनआन्दोलनलाई बलियो बनाउन सक्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने यस द्वन्द्वबाट प्रभावित व्यक्तिहरूले आफ्नो आवाज उठाउँछन् र आफ्नो अनुभव र अवस्था अनुसार शान्तिलाई परिभाषित गर्छन् - बन्दुकको छाया बिना, कुनै पनि पक्षबाट ।

*(नन्दिनी सुन्दर दिल्ली विश्वविद्यालयको समाजशास्त्र विभागकी प्राध्यापक हुन् । यो लेख मूल रूपमा अंग्रेजीमा लेखिएको थियो ।)*

## ६ किसान...

हुन पुग्दछ । यसले राज्यका उच्च तहका पदाधिकारी र कर्मचारीहरूलाई भ्रष्टाचार गरेर देशभर जमिन थुपार्नका लागि प्रोत्साहित गर्छ । वरिपरिका सँधियारले कुनै कम्पनीलाई ठुलो फार्म बनाउन जग्गा भाडामा दिए भने कुनै आफैले खेती गर्न चाहने किसानलाई समेत बलजफ्ती भाडामा दिनुपर्ने अवस्था सिर्जना गरिनेछ । यसले सो किसान र उसको परिवारको मानव अधिकार समेत हनन हुने स्थिति बन्छ । त्यसरी नै ग्रामीण क्षेत्रमा गरिब किसानहरू र सिमान्त समुदायले अरुको खेत-बारी अँधिया वा ठेक्का वा भाडामा लिई कृषि गरिरहेका छन्, उनीहरू त्यसबाट बन्चित हुनेछन् । ग्रामीण क्षेत्रको सम्पूर्ण कृषिभूमि स्वदेशी वा विदेशी दलाल पुँजीपतिहरूको हातमा पुगिसकेपछि उनीहरूले औद्योगिक प्रयोजनका बालीहरू जस्तै उखु, घ्युकुमारी, चिया, कफी, सुर्ती, जुट, कपास जस्ता औद्योगिक प्रयोजनका बाली मात्रै लगाउने स्थिति बन्न सक्छ, जसले ग्रामीण क्षेत्रको खाद्य सुरक्षामा समेत गम्भीर असर पुर्‍याउने छ । त्यति मात्रै होइन, किसानहरूले आफ्नो स्वामित्वको जमिन धितोमा राखेर कारोबार गर्ने स्थिति समाप्त हुन्छ भने अर्कोतर्फ जग्गा भाडामा लिने कम्पनीले परियोजना धितो अन्तर्गत यस्तो जमिनमा रहेको परियोजनालाई धितोमा राखी फार्म वा परियोजना लिलाम हुने स्थिति सिर्जना गराइदिन सक्छन्, जसले किसानका आफ्ना अधिकारबाट बन्चित हुने स्थिति बन्न सक्छ । यसकारण भूमि बैंक नेपाली किसानहरूको विरुद्धमा छ । यसले नेपाली किसानहरूलाई आफ्नै जमिनमा कमाराकमारी बन्नुपर्ने, आफ्ना लागि कुनै उपयोग गर्न नसकी छोड्नुपर्ने र अन्ततोगोत्वा आत्महत्या गर्नुपर्ने अवस्थाको सिर्जना गर्छ । यसकारण भूमि बैंक सम्बन्धी सम्पूर्ण कानुन, नीति तथा कार्यक्रमहरू खारेज गरिनुपर्छ ।

२ सरकारी उद्योगहरूको निजीकरणबारेः

एकातिर नेपाल सरकारले समाजवादोन्मुख अर्थव्यवस्थाको ढोल पिटिरहन्छ भने अर्कोतर्फ निजीकरण ऐनमार्फत भर्खरै हेटौडा सिमेन्ट र उदयपुर सिमेन्ट उद्योग, नेपाल मेटल कम्पनी, जनकपुर चुरोट कारखाना, विराटनगर जुटमिल, हेटौडा कपडा उद्योग, बुटवल धागो कारखाना र गोरखकाली टायर उद्योगसहित ८ वटा सरकारी/सार्वजनिक संस्थान र उद्योगहरू निजीकरण गर्ने निर्णय गरेको छ । आफूलाई कम्युनिष्ट भन्न रुचाउने प्रधानमन्त्री र अर्थमन्त्रीले सरकारी उद्योग र संस्थानहरू निजीकरण गर्न खोज्नु लज्जास्पद कुरा हो । गरिबी र बेरोजगारीले थिलोथिलो भएर संकटोन्मुख अवस्थामा पुगेको हाम्रो देशमा यस्ता उद्योगहरू संचालन गरेर देशमै युवाहरूलाई रोजगारी सिर्जना गर्नुको सट्टा यिनलाई बेच्न खोज्नु जनआक्रोशलाई बढाउने कुरा हो । त्यति मात्र होइन, यो निजीकरणको भित्री उद्देश्य उद्योग चलाउने र रोजगारी सिर्जना गर्ने होइन, ती उद्योगहरूका राम्रा मेसिनहरू, भवनहरू र रणनीतिक स्थानहरूमा भएको जमिन कौडीको भाउमा कब्जा गरेर खरबौँ रूपैयाँमा प्लानिङ गरेर बेच्ने र बिचौलियाको रूपमा कमिसन खाने षडयन्त्र हो । यो गलत छ । ती सबै उद्योगहरू राज्यले संचालन गर्नुपर्छ । तिनका कच्चामालहरू स्वदेशमै उत्पादन गरी कृषिको व्यावसायीकरण गर्नुपर्छ ।

३ राष्ट्रिय कृषि नीतिः

नेपाल सरकारले राष्ट्रिय कृषि नीतिको मस्यौदा गरिरहेको छ । सो मस्यौदामा हामीले नेपाल सरकारलाई बुझाएका ६५ बुँदे मागहरूका केही माग समेटिएको भएपनि यसमा आधारभूत रूपमा नेपाली कृषिको व्यावसायीकरण, आधुनिकीकरण, वैज्ञानिकीकरण, सहकारीकरण र औद्योगीकरण गर्दै समग्र कृषिको विकास र रूपान्तरण गर्ने कुनै ठोस आधार र कार्यक्रम छैन । किसान संघ/संगठनहरूसँग पर्याप्त छलफल नगरी ल्याउन खोजिएको यो राष्ट्रिय कृषि नीतिको दूरदृष्टि, लक्ष्य र उद्देश्य कतै पनि किसान र किसानका हक, हित र अधिकारका कुरा छैनन् । जे छन्, ती सबै अमूर्त छन् । यो नीतिले किसान बिनाको कृषिको परिकल्पना गर्न खोजेजस्तो देखिएको छ, यसलाई सच्चाइनुपर्छ र यसमा कृषिको आमूल परिवर्तन र किसानहरूका हक, हित र अधिकारका विषयहरूलाई थप गरिनुपर्छ । कृषि नीतिलाई मूर्त र वस्तुगत बनाइनु पर्छ । यसमा किसानहरूलाई उत्पादन र स्वामित्वका आधारमा वर्गीकरण गर्ने र किसान परिचय पत्र दिने कुरा छैन । पहिचान र वर्गीकरण भनेर अमूर्त कुरा गरिएकोछ । कृषि नीति र मन्त्रालयको रासायनिक मलप्रति अलि बढी नै माया र मोह देखिएको छ । जैविक विविधतामा आधारित पर्यावरणीय कृषिको विकास र विस्तार गर्दै मानव स्वास्थ्य र पर्यावरणमा पतिकूल असर गर्ने रासायनिक मल र विषादी बिनाको प्रतिस्पर्धी कृषिको दिशामा अघि बढ्ने हिसाबले यो नीति तयार गरिनु पर्नेमा कृषि नीतिले उल्टो बाटो लिन खोजेको देखिएको छ । कृषि प्रविधि र यान्त्रीकरण महिला र युवा मैत्री बनाउने कुरा उल्लेख छैन । युवाहरूलाई कृषिमा कसरी आकर्षित गर्ने रु कृषि नीतिमा कुनै ठोस व्यवस्था छैन । किसानहरूका आवश्यकताका आधारमा किसान मैत्री कृषि बजारका पूर्वाधारहरूको विषयमा कृषि नीति केही पनि बोलेको छैन । किसानले आफूले उत्पादन गरेको वस्तुको मूल्य आफै तोक्न पाउने व्यवस्थाबारे कृषि नीति मौन छ, बरु विचौलिया र फार्महरूलाई बलियो बनाइएको छ । रैथाने, स्थानीय र आदिवासी ज्ञान, सिपहरूलाई मूलप्रवाहीकरण गर्ने बारेमा कृषि नीति मौन छ । कृषिलाई आत्मनिर्भर बनाउने कुरा दूरदृष्टिमा मात्रै छस नीति, योजना र कार्यक्रममा कतै देखिएन । स्थानीय तहमा कृषिलाई कसरी सुदृढ गर्ने भन्ने विषयमा कुनै धारणा छैन । कृषि संघ र प्रदेशमा भाषण गरेको भरमा चल्ने होइन । भूमि करार सूचना केन्द्रको नाममा किसानविरोधी भूमि बैंक लागु गरेर किसानको जमिन खोसेर दलाल पुँजीपतिहरूको हातमा पुराउने कोसिस हुँदैछ । यसलाई तत्काल हटाइनुपर्छ । कृषि क्षेत्रको विकासमा किसान संघ, संगठन र समुदायको भूमिकाको बारेमा कुनै उल्लेख भएको छैन । बालीका स्थानीय र उच्च उत्पादक जातहरूको विकास गर्ने, स्वदेशमै हाइब्रिड बिउ उत्पादन गर्ने कुरा लगायतका विषयहरू समावेश छैनन् । कृषिभूमिलाई गैर कृषि क्षेत्रमा जान रोक्ने कुरामा स्थानीय तहको भूमिका छैन । रासायनिक मलको संभाव्यता अध्ययन नै पूरा नभई डेडिकेटेड लाइन दिने कुरा बच्चा नजन्मँदै कान्दानी काट्न हतार भएजस्तो भएको छ, यसलाई हटाइनुपर्छ ।यो नीति पशुपन्छी सम्बन्धी कुरा पनि छन् तर पर्याप्त छैनन् । कि पशुपन्छी क्षेत्रको पनि सबै कुरा समेटेर समग्र कृषि तथा पशुपन्छी नीति बनाउनु पर्‍यो, नत्र आधा-आधुरा कुरा राख्नु भएन । सामन्ती तथा नवउदारवादी सोच, दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवाद-विस्तारवादको ढाँचाभित्र बसेर कृषि नीति बनाउने र कार्यान्वय गर्न खोज्ने परिपाटीले नेपाली कृषि र किसानको चौतर्फी उत्थान र प्रगति हुन सक्तैन भन्ने कुरा विगत ८ दशक यताको स्थितिले सबैमा प्रष्ट पारेको छ ।

४ नेपाल सरकारको नीति तथा कार्यक्रम २०८२

नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रम संसदको संयुक्त सदनमा पेस गरी कथित संसदीय बहुमतको बलमा त्यसलाई अनुमोदन गरेको छ । नीति तथा कार्यक्रममा पनि कृषिको रूपान्तरण र किसानहरूको हक, हित र अधिकारको पक्षमा कुनै कार्यक्रम छैन । केही ल्याउन खोजेका कार्यक्रमहरू पनि अमूर्त छन्, प्रष्ट छैनन् । बरु किसानमारा भूमि बैंकलाई उच्च महत्त्वका साथ लागु गर्न खोजिएको छ । कृषि मल कारखाना स्थापना गर्न आवश्यक कार्य गरिने उल्लेख गरिएको छ । कृषि मल भन्ने कुनै मल हुँदैन । मलहरूमा रासायनिक, जैविक, प्रांगारिक, गड्यौले र झोलमल आदि हुन्छन् । कुन मलको कारखाना भन्न खोजिएको होरु स्पष्ट छैन । पर्यावरणीय कृषि ९एग्रीइकोलोजी० लाई प्रबर्द्धन गर्ने कुनै कार्यक्रम छैन ।

तसर्थ हामी यो देशका जिम्मेवार किसान संगठनहरू हुनुको नाताले नेपाल सरकारका जनविरोधी एवम् किसान विरोधी सम्पूर्ण नीतिहरूको विरोध तथा भर्त्सना गर्दै तिनलाई अविलम्ब खारेज गर्न, हामीले नेपाल सरकार र मुख्य राजनीतिक दलहरूसमक्ष बुझाएका निम्न ६५ बुँदे मागहरूका आधारमा राष्ट्रिय कृषि नीति तयार गर्न, नेपाल सरकारको नीति तथा कार्यक्रम सच्चाउन र आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गरी लागु गर्न, राष्ट्रिय आत्मनिर्भर कृषि अर्थतन्त्र हुँदै राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न, राष्ट्रियता, जनतन्त्र र जनजीविका सुदृढ गर्न जोडदार माग गर्दछौं ।

हाम्रा मागहरूः

१- संयुक्त राष्ट्र संघबाट जारी भएको किसान अधिकार घोषणपत्रको पक्ष राष्ट्रको रूपमा तत्काल नेपाली किसानको हक र अधिकार सुनिश्चित गर्ने गरी किसान अधिकार कानुन जारी गर । जल, जमिन, जंगल, जडिबुटी, जैविक विविधता र चरिचरनमाथि किसानको पहिलो अधिकार स्थापित गर ।

२- नेपालको संविधानमा मौलिक हकको रूपमा सुनिश्चित गरिएको जनताको खाद्य सम्प्रभुताको हक प्रत्याभूत गर्ने गरी खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ र सोसम्बन्धी नियमावली तत्काल कार्यान्वयन गर ।

३- उत्पादन र स्वामित्वका आधारमा किसानहरूको वर्गीकरण गरी किसान *बाँकी ४ पेजमा*

# पाठ्यक्रममा पुँजीवादको पकड

❑ **जो कोलमन**

***कक्षा कोठा लडाइँको मैदान हो***

सार्वजनिक विद्यालयमा अमेरिकाको इतिहास पढाउनु आजभोलि सरकारविरोधी काम बन्न पुगेको छ । शिक्षामाथि आक्रमण चुलिँदो छ । म जस्ता शिक्षक हामीले पढाउनुपर्ने पाठ्यक्रम र विद्यार्थीले बुझ्नुपर्ने सत्यबिच कतै अड्किएका छौँ । कक्षाकोठा राजनीतिक मोर्चा बनेको छ भन्नु बढाइचढाइ नहोला । सबै मोर्चाहरूमा जस्तै यहाँ द्वन्द्व, रणनीति र सत्ताले शिक्षालाई आकार दिँदै छ ।

इतिहास वास्तवमा सम्झना हो । जनताको साझा सम्झना हो । के भएको थियो, किन र को लाभान्वित भएको थियो ? यिनै कुराको सम्झना हो । त्यसकारण, सत्तामा हुनेहरूले इतिहासलाई नियन्त्रण गर्न जोडबल लगाउँछन् । आजभोलि विद्यालयहरूमा सेन्सरसिपको हुरी आइरहेको छ । यो सांस्कृतिक युद्ध मात्र होइन । जनताका सङ्घर्षहरूलाई लुकाउने, कक्षाकोठालाई राजनीतिबाट पर राख्ने र प्रतिरोधका ऐतिहासिक जराहरूको मुख थुन्ने खेल पनि हो । शासकहरूले लामो समयदेखि यो खेल खेल्दै आएका छन् ।

आज जे भइराखेको छ, त्यो अपवाद भने होइन । संरा अमेरिकाको रोग नै हो यो । पुँजी, जातीय उँचनीच र साम्राज्यवादी भाष्यनिर्माणको सेवा गर्न अमेरिकी राज्यले हाम्रो साझा सम्झना मेट्दै आएको छ ।

***जनमत उत्पादन***

आलोचनात्मक चिन्तक जन्माउनु अमेरिकी शिक्षा व्यवस्था उद्देश्य कहिल्यै थिएन । बरू आज्ञाकारी कामदार जन्माउनु नै यसको उद्देश्य थियो । सुरूदेखि नै शिक्षण व्यवस्था सामाजिक पुनरूत्पादनको हतियार थियो । सामाजिक रूपान्तरण गर्नलाई कहिल्यै पढाइएन अमेरिकामा । २० औँ शताब्दीसम्ममा (खासगरी दोस्रो विश्वयुद्धपछि) अमेरिका सरकार र कर्पोरेट घरानाहरूले पाठ्यक्रमलाई आफूअनुकूल ढाले । विद्यार्थीलाई शीतयुद्धकालीन पुँजीवादको वैचारिक माग अनुरूप ढाल्न तिनीहरू कम्मर कसेर लागे ।

पाठ्यक्रम पुनर्लेखन गरियो । पाठ्यपुस्तकका नयाँ संस्करण निकालियो । देशभक्तिलाई प्राथमिकतामा राखियो । अमेरिका अरूभन्दा फरक र अब्बल छ भन्ने विचार घुसाइयो । खुला बजार एकदम प्राकृतिक हो भनी जोड दिइयो । वामपन्थी र श्रमजीवी इतिहासलाई पाठ्यक्रममै राखिएन । राखे पनि त्यो इतिहासलाई खतरनाक भडकावको रूपमा प्रस्तुत गरियो । इतिहासकार एलन शरेकरले त्यो अवधि झल्काउने रोचक घटना उल्लेख गरेका छन् । उनको भनाइ अनुसार तिनताका अमेरिकी नीतिमा प्रश्न उठाउने र समाजवादी आन्दोलनका उपलब्धिको प्रशंसा गर्ने विश्वविद्यालयका प्रोफेसरमाथि अचाक्ली निगरानी गरिन्थ्यो ।

यसलाई शैक्षिक चौकीदारी मात्र भन्न मिल्दैन । यो एक वैचारिक युद्ध थियो । भौतिक सङ्घर्ष र व्यवस्थाजन्य दमनले इतिहासको आकार तय गर्छ भनी विद्यार्थीलाई सिकाउँदा राजनीतिक र आर्थिक यथास्थितिमा खतरा उत्पन्न हुन्छ । तसर्थ, राज्यले सुधारको नाममा दमन गर्ने उपाय लगायो । आज पनि दमनको त्यो शैली जस्ताको तस्तै छ ।

***म्याकार्थीवाद र 'मुक्तिका लागि माता'***

अमेरिकामा तथाकथित 'आलोचनात्मक जाति सिद्धान्त' विरूद्ध सरकारले आगो ओकल्दै छ । यो 'सिद्धान्त' को पठनपाठनमा रोक लगाउन अनेक ऐन-कानुन बन्दै छन् । यो व्यवस्थाभन्दा पर कुनै बिरानो घटना होइन । विद्यार्थीलाई के पढ्न दिने र शिक्षकलाई के पढाउन दिने भनी लामो समयदेखि तिनका पछाडि पुलिस दौडाउने खेलकै निरन्तरता हो यो ।

म्याकार्थी युगमा शिक्षकहरू नै राज्यको पहिलो सिकार बनेका थिए । हजारौँ शिक्षकविरूद्ध छानबिन गरिएको थियो । तिनलाई कामबाट बेदखल गरिएको थियो कतिपय शिक्षकलाई अमेरिकी सरकारप्रति बफादार रहने र साम्यवादको निन्दा गर्ने गरी कबुलियतनामा गराइएको थियो । सन् १९५८ मा राष्ट्रिय रक्षा शिक्षा ऐन जारी भयो । यसले सरकारका राजनीतिक ताबेदारहरूलाई सरकारी अनुदान उपलब्ध गरायो । अमेरिकी विद्यालयहरूमा सांस्कृतिक निगरानी झन् गाढा भयो ।

अब आजभोलिका कुरा गरौँ । आज पनि उस्तै खेल छ । भाषा मात्र फेरिएको हो । सन् २०२२ मा फ्लोरिडाका गभर्नर रोन डिसान्टिसले 'वोकलाई रोक ऐन' मा सही गरे । जातिवाद वा जन्मजात विशेषाधिकारले व्यक्तिमा 'दोषीभाव, सन्ताप वा असहजता' महसुस गराउँछ भने त्यस्तो विषय पढाउन नपाइने प्रावधान लागु भयो । सो 'ऐन' ले ती भावनाको स्पष्ट किटान गरेको छैन । विषयवस्तु अस्पष्ट हुनाले शिक्षकहरू झन् डराउनुपर्ने स्थिति आयो । दण्ड भोग्नुपर्ला भनेर शिक्षकहरू सकेसम्म बचेर बोल्न थाले । आत्म-सेन्सरसिप लागु गर्न बाध्य भए ।

ऐन-कानुनको प्रहार एकातिर थियो । अर्कोतिर अमेरिकाका रूढीवादी अधिकारीहरूले अभिभावक सङ्घलाई पनि हातमा लिए । उनीहरूले 'मुक्तिका लागि माता' जस्ता संस्था खडा गरे । यी संस्थामा आबद्ध अभिभावकहरू विद्यालयका बोर्ड बैठकमा कड्केर बोल्न थाले । तिनले जाति (नश्ल), लिङ्ग र यौनिकताको विषय उल्लेख भएका पुस्तकमा प्रतिबन्ध लगाउनुपर्ने माग राखे । सन् २०२२-२३ को शैक्षिक सत्रमा मात्र विद्यालयका पुस्तकालयबाट ३३ सय पुस्तक हटाइयो । 'बिलभेड' र 'द ब्लुएस्ट आइ' जस्ता टोनी मोरिसनका कालजयी कृतिलाई पनि यसरी नै हटाइयो । यी उपन्यासमा काला जातिका केटीहरूको अवस्था र व्यवस्थाजन्य हिंसालाई मूल विषयवस्तु बनाइएको छ ।

शिक्षामाथि प्रहारको सिलसिला झन् सघन बन्दै छ । यही क्रममा फ्लोरिडाले 'गे नभन' ऐन ल्यायो । यो कानुनले कुनै पनि कक्षामा यौनिकता र जातीय पहिचानबारे कुराकानी गर्न नपाइने प्रावधान ल्यायो । 'एलजिबिटिक्यू' को इतिहास यसै पनि पाठ्यक्रममा थोरै मात्र समावेश गरिन्थ्यो । 'गे नभन' कानुनले त्यसलाई पाठ्यक्रमबाट मेटिसक्यो भन्दा हुन्छ ।

***पाठ्यक्रम नै प्रचारबाजी***

प्रतिक्रियावादी नीति ल्याउनमा अमेरिकाको फ्लोरिडा राज्यले सबैलाई उछिनेको छ । 'वोकलाई रोक ऐन' र 'गे नभन' बाहिर देखिने कानुनमात्र हुन् । सन् २०२३ जुलाईमा फ्लोरिडाको शिक्षा विभागले अफ्रिकी-अमेरिकी इतिहासको नयाँ मानक खडा गऱ्यो । त्यसमा 'दासहरूले कसरी जीवनोपयोगी सिपहरू सिके' भनी लेख्न निर्देशन दिइएको थियो । यसको छाप पछि निमावि तहको सामाजिक शिक्षाको पाठ्यपुस्तकमा देखियो । अब बालबच्चालाई 'दासप्रथाले सिप सिक्ने तालिमको काम गरेको हुनसक्छ' भनी सिकाउन थालियो ।

यो पश्चगमन अपवाद होइन । वास्तवमा यो एउटा परीक्षण हो । यसमा 'दासहरू खुसी थिए' भन्ने पुरानो मिथकको कुरूप झल्को पाइन्छ । उहिले-उहिले दासप्रथाका पक्षपातीहरू मान्छेलाई कमारो बनाउने कुकर्मलाई यही तर्क दिएर ढाकछोप गर्थे । यो विचारधारालाई एक अर्को तर्कसँग दाँज्न मिल्छ । 'कारागारमा कैदीहरूले उपयोगी सिकर्मी काम सिक्छन्' भनिन्छ । यस्ता कूतर्क गरेर दासलाई सिक्रीले बाँधिन्थ्यो, तिनलाई कोर्रा हानिन्थ्यो वा तिनीहरू कहिल्यै मुक्त हुन पाउँथेनन् भन्ने तथ्यमाथि पर्दा हालिन्छ ।

फ्लोरिडाले बनाएको मानकमा अर्को उर्दी पनि छ । त्यसमा विद्यार्थीलाई पुनः संरचनाको अवधि (१८६५-७७) मा 'अफ्रिकी मूलका अमेरिकीहरूले मच्चाएको हिंसा' बारे पढाउन निर्देशन दिइएको छ । तर, गोरा अमेरिकीहरूले मच्चाएको हिंसालाई पाठ्यक्रमबाट पूरै हटाइएको छ । गोराहरूले खुलेआम काला अमेरिकीहरूको हत्या गरेको र ठाउँठाउँमा काला अमेरिकीको नरसंहार मच्चाएको विषय पनि अहिले पाठ्यक्रममा छैन । अमेरिकी गृहयुद्ध (१८६१-६५) पछि यस्ता हत्याकाण्डको बिगबिगी थियो ।

फ्लोरिडा मोडल खतरनाक हुनुको अर्को कारण पनि छ । यो मोडलको आकार र महत्वाकाङ्क्षा निकै ठुलो छ । फ्लोरिडाका गभर्नर डिसान्टिस आफ्नो नीति अन्य राज्यमा पनि लागु गराउन सक्रिय छन् । रिपब्लिकन पार्टीले शासन गरेका अन्य राज्यलाई फ्लोरिडाको जस्तै पाठ्यक्रम लागू गर्न उक्साउँदै छन् । विभिन्न विषयमा प्रतिबन्ध लगाउन र शिक्षामा खुफिया निगरानी बढाउन डिसान्टिसले अन्य राज्यमा कुरा चलाएका छन् । फ्लोरिडा अहिले विचारधाराको प्रयोगशाला बनेको छ । शैक्षिक अधिनायकवादको नयाँ प्रयोग हुँदै छ त्यहाँ । यो तानाशाहीमा शिक्षकलाई दण्ड दिइन्छ, सीमान्तकृत पहिचानलाई मेटिन्छ र विद्यार्थीलाई इतिहास बिर्सिन तालिम दिइन्छ ।

***पाठ्यक्रममा सेन्सरसिप (छँटनी)***

ऐतिहासिक सम्झनाको लडाइँमा सबैभन्दा शक्तिशाली मैदान पाठ्यपुस्तक उद्योग हो । यो युद्धमैदानलाई धेरै विद्वानले बेवास्ता गर्दै आएका छन् । सिद्धान्ततः पाठ्यपुस्तकमा विज्ञ इतिहासकारहरूको सहमति झल्किएको हुन्छ भनिन्छ । तर, व्यवहार उल्टो छ । पाठ्यपुस्तक लेख्ने र सम्पादन गर्ने समितिहरू सत्यप्रति नभई बजारप्रति निष्ठावान हुन्छन् ।

पियरसन र म्याकग्र-हिलजस्ता अमेरिकाका प्रमुख प्रकाशन गृहले अमेरिकी इतिहासको एउटै राष्ट्रिय स्तरको पुस्तक छाप्दैनन् । यसको सट्टा तिनले इतिहासका राज्यविशेष संस्करण निकाल्छन् । जस्तो, अमेरिकी इतिहासका क्यालिफोर्निया संस्करण, टेक्सास संस्करण, फ्लोरिडा संस्करण पढ्न पाइन्छ । राज्यको शिक्षा बोर्डको विचारधारात्मक र राजनीतिक मागअनुरूप ती संस्करणलाई सावधानीपूर्वक सम्पादन गरिन्छ । टेक्ससमा राज्यको शिक्षा बोर्डले विशेष नियम बनाएको छ । त्यो नियम अनुसार एटलान्टिक महासागर वारिपारि हुने दास व्यापारलाई 'एटलान्टिक महासागरको त्रिकोणीय व्यापार' भन्नुपर्छ भने पुँजीवादलाई 'धन उब्जाउने विश्वकै महानतम् व्यवस्था' भनी प्रशंसा गर्नुपर्छ । क्यालिफोर्नियाका पाठ्यपुस्तकमा सिजर चाभेजको बारेमा पढाइ त हुन्छ तर उनको सङ्घर्षलाई वर्गसङ्घर्षको रूपमा प्रस्तुत गरिन्न । समकालीन मजदुर आन्दोलनबारे ती पुस्तकमा पटक्कै उल्लेख हुन्न । फ्लोरिडा राज्यको मान्यता पाउन आजभोलि शैक्षिक सामग्रीहरूबाट 'व्यवस्थाजन्य जातिवाद', 'गोरा विशेषाधिकार' र 'लैङ्गिक पहिचान' जस्ता शब्दावली हटाउनुपर्छ ।

राज्य-राज्यबिचको यो फाटोको कारण फरक शिक्षाशास्त्र होइन । बरू नाफा हो । पाठ्यपुस्तकमा लाखौँ डलरको ठेक्कापट्टा चल्छ । नाफाका भोगीहरूको लर्को लागेको हुन्छ । प्रकाशकहरू राजनीतिक रूपमा दमनकारी र अति रूढीवादी राज्य सरकारलाई रिझाउन होडबाजी गर्छन् । यो प्रतिस्पर्धाबाट जिज्ञासा र प्रमाणमा आधारित शिक्षा व्यवस्थाको जन्म हुन्न । बरू, ढाकछोपे इतिहासको बजार लाग्छ । यो बजारमा विद्यार्थीले बौद्धिक दृढताको जगमा बनेको पुस्तक पाउँदैनन् । बरू शिक्षा बोर्डका मुठ्ठीभर पदाधिकारीलाई खुसी पार्ने पुस्तक पाउँछन् ।

पुँजीवादले यसैगरी काम गर्छ । पाठ्यक्रम बिक्रीयोग्य वस्तु बनेको छ । यसको अर्थ ऐतिहासिक सम्झनालाई नाफाको नियत राखी काँटछाँट गरिन्छ । असमानता, साम्राज्य र प्रतिरोधबारे आलोचनात्मक सोच राख्न विद्यार्थीलाई झक्झक्याउने पाठ्यसामग्री हराइसके । त्यसको सट्टामा प्रकाशकहरूले सूचनाको जामा लगाइएका विचारधारा छाप्दै छन् । पाठ्यपुस्तक उत्पादन बनेका छन् । सत्य कानुनी दायित्व बनेको छ ।

टेक्सस र फ्लोरिडाजस्ता राज्यले ठुलो सङ्ख्यामा पाठ्यपुस्तक खरिद गर्छन् । त्यसैले तिनले अमेरिकी विद्यालय शिक्षाको राष्ट्रिय मानक तय गर्छन् । साना राज्यहरूले लागत घटाउनका लागि प्रायः यिनै ठुला खरिदकर्ताबाट पाठ्यपुस्तकका विषयवस्तु लिन्छन् । खासमा दुईचार राज्यमा चलिरहेको चरम प्रतिक्रियावादी राजनीतिको छाप अहिले समग्र अमेरिकाको पाठ्यक्रममा परेको छ ।

यसलाई शैक्षिक सेन्सरसिप मात्र भन्न मिल्दैन । वास्तवमा यो ज्ञानको निजीकरण हो ।

***निगरानीमुनि पठनपाठन***

आज शिक्षकहरू राज्यको नरम निगरानीमुनि पढाउँदै छन् । प्रशासकहरू लेसन प्लानमा निगरानी गर्छन् । अभिभावकहरूले कक्षाकोठामा हुने छलफलको भिडियो खिच्छन् । रूढीवादी सङ्घसङ्गठनहरूले विचारधारात्मक पूर्वाग्रह भए/नभएको 'प्रमाण' खोज्न सामाजिक सञ्जालमा गरिने पोस्टहरू केलाउँछन् । 'ब्ल्याक लाइभ्स म्याटर' का झन्डा देखाएकोमा शिक्षकहरू निकालामा परेका छन् । 'अत्याचार' शब्द प्रयोग गरेकोमा शिक्षक निष्कासित भएका छन् । 'तेस्रो लिङ्गी विद्यार्थी छन्' भनेकै भरमा शिक्षकले जागिर गुमाउनुपरेको छ ।

मानक परीक्षा प्रणाली र लिखित पाठ्यक्रमले गर्दा शिक्षाशास्त्रीय स्वतन्त्रता अझ खुम्चिएको छ । सन् २०२१ मा प्रकाशित 'रान्ड कर्पोरेसन' को एक प्रतिवेदनमा रोचक तथ्याङ्क आयो । अमेरिकाका ६० प्रतिशत शिक्षकले 'विवादित अध्याय' छल्न दबाब महसुस गर्दा रहेछन् । जब कि ती अध्यायलाई राज्यले आधिकारिक रूपमै मान्यता दिएका हुन्छन् ।

यो दमन सेन्सरसिपबाट मात्र आउँदैन । बरू पेशागत, कानुनी वा वित्तीय अनुशासनको स्थायी डरबाट यो दमन जन्मिन्छ ।

***जनताले अतीत सम्झिँदा सत्ता तर्सिन्छ***

ऐतिहासिक सत्यबाट सत्ता किन यतिबिधि तर्सिन्छ ? किनभने, भविष्य बदल्ने दिशामा इतिहासको बुझाइ पहिलो पाइला हो । दासप्रथा अमेरिकी पुँजीवादको गौण पक्ष नभई मूल जग थियो । मजदुर युनियनहरू रगत र विध्वंशबाट जन्मेको थियो । काला अमेरिकीलाई खुलेआम झुन्ड्याइने इतिहासलाई आधुनिक जेल व्यवस्थासँग जोड्न मिल्छ । कक्षामा यी यावत पाठ पढेपछि जुनसुकै विद्यार्थीमा बदलाव आउँछ । इतिहासको यो ज्ञानले उसको दृष्टिकोण प्रस्ट बन्छ ।

आजका दमनकारीहरूले यहीनिर काम गर्दै छन् । उनीहरू आउँदो पुस्ता इतिहासबारे प्रस्ट नहोस् भनेर उनीहरूले हुने/नहुने सबथोक गर्दै छन् ।

***कक्षाकोठामा प्रतिरोध : एक सजीव परम्परा***

स्थिति जतिसुकै खराब भए पनि शिक्षकहरूले प्रतिरोध गर्दै छन् । देशैभरि शिक्षकहरूले 'प्रतिबन्धित पुस्तक क्लब' नामक अभियान चलाइरहेका छन् । शिक्षकहरूले भूमिगत पाठ्यक्रम आदानप्रदान गर्दै छन् । एकअर्कालाई सहायता गर्न उनीहरूले ऐँचोपैँचो सञ्जाल चलाइरहेका छन् । कतिपय शिक्षकले आफ्ना कक्षाकोठालाई मुक्ति क्षेत्रमा फेरेका छन् । उनीहरूले कक्षामा (हावर्ड जीनलिखित) 'संरा अमेरिकाको जन-इतिहास' पुस्तक पढाउँदै छन् । विद्यार्थीलाई जातीय विभेदबारे बनाइएको वृत्तचित्र 'तेऱ्हौँ' देखाउँदै छन् । भित्री अमेरिकामा सन् १९३० को दशकमा गरिएको माटोको अति-दोहन र आजका जलवायुपीडित शरणार्थीबिच रहेको सिधा सम्बन्धबारे बताउँदै छन् ।

शिक्षकहरूले प्रतिरोध सङ्घर्षको लामो इतिहास खोतल्छन् । पुनःसंरचनाको अवधिमा गोराहरूको अत्याचारबाट मुक्त भएका जनताले मृत्युको नाकैमुनि अनेक पाठशाला खेलेका थिए । जिम क्रोको घटना हुँदा काला शिक्षकहरूले विद्यार्थीहरूलाई सही इतिहास पढाउनका लागि 'गोप्य पाठ्यक्रम' तयार पारेका थिए । गोरामुखी विद्यालय बोर्डको निगरानीमुनि यी सबै काम हुँदै छन् ।

हामी जे पढाउँछौँ, त्यसकै लागि सङ्घर्ष गर्छौँ

कक्षाकोठा तटस्थ हुँदैन । कहिल्यै थिएन पनि । कि यो शोषण-दमनको औजार हुन्छ, कि सम्भावना बनाउने थलो हुन्छ । म शिक्षक हुँ । त्यसैले विद्यार्थीलाई थुन्न बनाइएको जाल (प्रणाली) भित्र म तिनलाई पूर्णतः मुक्त पार्न सक्दिन । तर, म तिनलाई जे भइरहेको छ, त्यो जान्ने भाषा दिन सक्छु । र, दिन सक्छु हिम्मत । एउटा सुन्दर संसारको कल्पना गर्ने हिम्मत । यो कुरामा प्रस्ट छु ।

इमादारीपूर्वक पढाउनु नै लड्नु हो । र, यो लडाइँ दिनदिनै चल्छ । देशैभरि प्रत्येक कक्षाकोठामा चल्छ । शासकहरूको निगरानीमुनि चल्छ । तिनको धम्कीसामु लडाइँ चल्छ । कहिल्यै शान्त हुन्न ।

*(जो कोलमन अमेरिकाको फ्लोरिडा राज्यमा पढाउने इतिहासका गुरू हुन्, समाजवादी शिक्षक हुन् र हुन् एक लेखक । उनले दर्शनशास्त्रमा बिए पढेका छन् भने इतिहास विषयमा एमए पढेका छन् । उनका रचनाहरू इतिहासको सम्झना र समकालीन राजनीतिक सङ्घर्षमा केन्द्रित हुँदै आएका छन् । उनी कुनै पनि सङ्घर्षलाई त्यसका ऐतिहासिक जराहरूसँग जोड्न सिपालु छन् । स्रोत : एमआर अनलाइन । सम्यक)*

---

## ६ किसान...

परिचय पत्र वितरण गर र सोका आधारमा किसानहरूलाई आवश्यक सेवा, सुविधा, सहुलियत, राहत, क्षतिपूर्ति र अनुदानको व्यवस्था गर ।

४- कृषिसम्बन्धी नीति निर्माण तथा निर्णय प्रक्रियामा किसानहरूको प्रतिनिधित्व सुनिश्चित गर ।

५- किसान परिचय पत्रका आधारमा संघीय, प्रदेश र स्थानीय तहमा किसानको संख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था सुनिश्चित गर ।

६- किसानहरूको न्यायमाथिको पहुँच स्थापित गर । स्थानीय तहमा किसान अदालत स्थापना गरी किसान र कृषिसँग सम्बन्धित मुद्दा मामिलामा छिटो छरितो ढंगले न्याय सम्पादन गर ।

७- कृषि उत्पादनका क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी ९एफडिआई० निषेध गर ।

८- स्थानीय तहमा सामुदायिक बिउ बैंक स्थापना गरी किसानहरूले आफ्नो बिउ बचाउन, विकास गर्न, संरक्षण र प्रवर्धन गर्न पाउने अधिकारलाई सुनिश्चित गर । किसानका आदिवासी, रैथाने र स्थानीय ज्ञान, सिप र प्रविधिलाई मान्यता दिँदै संरक्षण, विकास, प्रवर्द्धन, मूलप्रवाहीकरण र प्रसार गर्ने नीति अवलम्बन गर ।

९- जैविक विविधतासम्बन्धी कानुन निर्माण गरी यसको संरक्षण गर । बिउबिजन, पशुपन्छीका नश्ल र अन्य कृषि क्षेत्रका बौद्धिक सम्पत्तिमाथिको हक किसानहरू, स्थानीय समुदाय र आफ्नो राज्यमा कायम रहने व्यवस्था गर । राष्ट्रिय जीन बैंकलाई अद्यावधिक गर । रैथाने बालीहरू र तिनको अनुवांशिक स्रोतको संरक्षण गर । जैविक चोरीको अन्त्य गर ।

१०- अन्तर्राष्ट्रिय धान अनुसन्धान प्रतिष्ठान ९इरि० को जीन बैंकमा राखिएका नेपाली धानका जातहरूको विवरण यथाशीघ्र सार्वजनिक गर । ती बिउबिजन र तिनका जातहरूको जैविक चोरी हुने अवस्थाको अन्त्य गर ।

११- खाद्यबाली, तरकारी, फलफूल, कफी, चिया, अलैँची, उखु, मसलाबाली, जडीबुटी, पशु, दुग्ध, कुखुरा तथा पन्छी, मत्स्य, रेशम, पुष्प, च्याउ, कृषि वन, माहुरी तथा मह, सिँचाइ, जलस्रोत, प्रशोधन उद्योग आदि कृषिमा आवश्यक विषयगत उत्पादनसम्बन्धी राष्ट्रिय नीति तयार/अद्यावधिक गरी लागु गर ।

१२- किसान हितविरोधी सम्पूर्ण अन्तर्राष्ट्रिय सन्धि/सम्झौता खारेज गर । कृषि क्षेत्रलाई विश्व व्यापार संगठनबाट अलग गर ।

१३- सामन्ती भूस्वामित्व पूर्णरूपले अन्त्य गरी जोताहा किसान र प्रत्यक्ष उत्पादनमा संलग्न किसानलाई जमिनको पूर्ण स्वामित्व प्रदान गर्ने गरी वैज्ञानिक भूमिसुधार लागु गर । किसान संगठनका प्रतिनिधिहरूसमेत समावेश भएको उच्चस्तरीय भूमिसुधार आयोग गठन गर । कृषि उत्पादनमा संलग्न सबै किसानलाई आवास, खाना र जीविकापुग्दो जमिन उपलब्ध गराऊ । जमिनमाथिको दोहोरो स्वामित्व अन्त्य गरी जोत्नेको स्वामित्व कायम गर । अनुपस्थित जमिनलगायत हदभन्दा बढी जमिनमा हदबन्दी लगाई जोत्ने किसानको स्वामित्व कायम गर । देशभरको जग्गाको स्वामित्वसम्बन्धी एकीकृत र वैज्ञानिक अभिलेख प्रणाली लागु गरी डिजिटल लालपुर्जा कार्डको व्यवस्था गर । भूमि र सम्पत्तिमा प्रगतिशील कर प्रणाली लागु गर । भूमिलगायत सम्पूर्ण उत्पादनका साधनमा महिलाको समान स्वामित्वको व्यवस्था गर । श्रीमान्–श्रीमतिको नाममा संयुक्त जग्गाधनी दर्ता प्रमाण पत्र ९लालपुर्जा० को व्यवस्था गर ।

१४- सामुदायिक र निजीबाहेकका सबै गुठीहरूको जग्गा रैकरमा परिणत गरी जोताहा र मोही किसानका नाममा पूर्ण स्वामित्व प्रदान गर । सबै प्रकारका गुठीमा रहेका कृषि भूमिलाई कृषि उत्पादनमा प्रयोग गर, बाँझो राख्न र अन्य प्रयोजनमा उपयोग गर्न नदेऊ ।

१५- नदी र खोला किनार, भूक्षय र नदी कटानबाट प्रभावित जमिन, खोल्सा, बगर आदिलाई उकास, निकास र विकास गरी कृषि भूमिमा परिणत गर र भूमिहीन तथा गरिब किसानलाई प्रदान गर । बढी भएको जमिन उत्पादक किसानलाई लिजमा उपलब्ध गराऊ ।

१६- उद्योग वा वगानको नाममा जग्गा लिई उद्योग नबनाउने र खेती पनि नगर्ने गरी बाँझो राखेका जग्गाहरू बिना मुआब्जा तत्काल राष्ट्रियकरण गरी भूमिहीन किसानलाई वितरण गर । हदबन्दीभन्दा बढी जमिन लिएका व्यक्ति वा फर्महरूलाई तोकिएको प्रयोजनबाहेक अन्य प्रयोजनमा सो जमिनको उपयोग बन्देज गर । हदबन्दीभन्दा बढीको जमिनलाई प्रयोजन परिवर्तन गर्न, हक हस्तान्तरण गर्न, लिलाम गर्न/गराउन र बेचबिखन गर्न निषेध गर । गिरीबन्धु टि स्टेट तथा सोही प्रकृतिका जग्गाबारे र यति होल्डिङ र अन्य सरकारी/सार्वजनिक जग्गाको बारेमा विगतका सरकारहरूले गरेका निर्णय तत्काल खारेज गर र दोषीहरूमाथि कडा कारबाही गर ।

१७- खाद्यान्न उत्पादन, प्रशोधन, संरक्षण र पशुपन्छीपालनलाई विशेष प्रोत्साहन गर । गैरकृषि क्षेत्रमा संलग्न जनतालाई रोजगारी तथा खानपुग्ने गरी वेतनको व्यवस्था गर । बेरोजगारलाई रोजगारीको व्यवस्था गर । भोकमरी समस्याको तत्काल समाधान गर ।

१८- प्राकृतिक विपत्ति, खाद्य संकट र महामारीका लागि आवश्यक खाद्यान्न भण्डारण गर्न सामुदायिक खाद्य बैंक स्थापना गर । स्थानीय तहमा आवश्यक खाद्यान्नको भण्डारण गर । खाद्यान्न निर्यातलाई नियमन र नियन्त्रण गर । विदेशी खाद्यान्नको आयातलाई व्यवस्थित र नियन्त्रित गर । कृषिमा आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धनको कार्यक्रम तर्जुमा गरी लागु गर ।

१९- साना किसान र गरिब जनतालाई खाद्य सहायता कार्ड ९रासन कार्ड० को व्यवस्था गर । उत्पादनमा आधारित तथा उपभोक्ता सहकारीमार्फत सुलभ पसल सञ्चालन गरी सस्तोमा अत्यावश्यक सामग्रीहरू उपलब्ध गराऊ ।

२०- देशभर कुपोषण उन्मूलन कार्यक्रम लागु गर । बालबालिकाको पौष्टिक आहारसहितको खाद्य अधिकार र स्वास्थ्य अधिकार सुनिश्चित गर । विद्यालय खाजा कार्यक्रमलाई प्रभावकारी बनाऊ र त्यसमा पोषिलो स्थानीय उत्पादनलाई प्राथमिकता देऊ ।

२१- किसानलाई आवश्यक गुणस्तरीय बिउबिजन, मलखाद, जैविक विषादी, सिँचाइ, ढुवानी, भण्डारण, कृषि औजार र कृषि कार्यमा प्रयोग हुने सबै सामग्रीहरू सुपथ मूल्यमा सहज र सर्वसुलभ तरिकाले उपलब्ध गराऊ । कृषि क्षेत्रमा उत्पादन तथा उत्पादकत्व बृद्धिको ठोस कार्यक्रम ल्याई कार्यान्वयन गर । सिफारिस नभएका र नक्कली मल, बिउबिजन, विषादी आदि आयात र विक्रीवितरण गर्ने माफियागिरी र कालोबजारी बन्द गराऊ । त्यस्ता कृषि सामग्रीका कारण हुने बालीको नोक्शानीमा किसानको उत्पादनको मूल्य बराबरको क्षतिपूर्ति त्यस्ता कम्पनी वा व्यापारीहरूबाट दिलाउने व्यवस्था गर । त्यस्ता माफिया र व्यापारीहरूको अनुमति पत्र रद्द गरी कडाभन्दा कडा कारबाही गर्ने नीति बाँकी ६ पेजमा

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# औपनिवेशिक साँस्कृतिक कब्जाविरूद्ध हुङ्कार गर्ने एक बौद्धिक बागी !

**ङुगी वा थियोङ्गोले आफ्नो कालजयी रचना औपनिवेशिक मानसिकताबाट मुक्ति** (Decolonising the Mind) **मार्फत् भाषा, चेतना र औपनिवेशिक मानसिकताबीचको सम्बन्धलाई गहिरो विश्लेषण गरे। यो ग्रन्थ केवल साहित्यिक कृति मात्र होइन । यो त शिक्षा, नीतिगत योजना र चिन्तन प्रणालीमा औपनिवेशिक प्रभाव र हस्तक्षेपविरुद्धको गम्भीर प्रहार हो। उनले विश्वसामु अफ्रिकी शिक्षाले विदेशी भाषाको माध्यमबाट आफ्नै मुल्य–मान्यता र संस्कृतिलाई दोस्रो दर्जामा राखेर ज्ञान निर्माण गरी उपनिवेशीकरणलाई निरन्तर जारी राखेको कुरा उद्घाटित गरिदिए । उनी भन्छन्–** "The classroom became the battlefield of minds= And we were losing."

● चन्द्र खाकी ●

अफ्रिकी साहित्यको सबैभन्दा सशक्त स्वर, लेखक र चिन्तक हुन्– ङुगी वा थियोङ्गो । आफ्नो लेखनलाई औपनिवेशिक हिंसा र साँस्कृतिक कब्जाको प्रतिरोधमा समर्पित गरेका थियोङ्गो विश्व बौद्धिक क्षेत्रका विरला कोटीका प्रतिभाहरूमध्येका एक हुन् । उनको साहित्यिक कृतिहरूले सत्ता, भाषा, पहिचान र मुक्तिको गहन विमर्शलाई जन्म दिएको छ।

साहित्य केवल सौन्दर्यबोधको अभ्यास होइन, त्यो समय, सत्ता र समाजसँग जुध्ने चेतनाको अस्त्र पनि हो। यसै चेतनाका एक अग्रदूत हुन्, अफ्रिकी लेखक, नाटककार, निबन्धकार र मार्क्सवादी बौद्धिक क्रान्तिकारी ङुगी वा थियोङ्गो । उनले आफ्नो लेखनीलाई राजनीतिक प्रतिरोधको कर्मभूमि बनाए। अंग्रेजी भाषाको चकाचौंधवाला प्रतिष्ठाको मोहजाललाई त्यागी मातृभाषा गिकुयूमा लेख्न थालेदेखि लिएर जेलको बन्द कोठाभित्र 'ट्वाइलेट पेपर'मा उपन्यास लेख्दासम्मको उनको साहित्यिक प्रतिरोधी यात्रा कम लोभलाग्दो र प्रेरणादायी छैन । वास्तवमा उनका लेखनीबाट जन्मिएका कृतिहरू केवल एक लेखकको संघर्षगाथा मात्र होइन, त्यो त भाषिक मुक्ति र औपनिवेशिक चेतनाविरुद्ध बौद्धिक युद्धको ऐतिहासिक दस्तावेज हो।

***प्रारम्भिक जीवन***

ङुगी वा थियोङ्गो को जन्म ५ जनवरी १९३८ मा केन्याको कियाम्बु जिल्लाको लिमुरु (Limuru) नजिकैको कामिरिथु गाउँमा गिकुयु समुदायमा भएको थियो। उनी बुबाका चार श्रीमतीमध्ये तेस्रो श्रीमती वान्जिकु वा न्गुगीबाट जन्मिएका थिए ।

ब्रिटिश उपनिवेशकालको प्रभावपूर्ण परिवेशमा हुर्केका ङुगीले बाल्यकालमै साम्राज्यवादी शासनको संरचनात्मक अन्याय र शोषणको सामना गर्नुपरेको थियो । कृषिमा आधारित उनको परिवारको जमीन सन् १९५५ मा ब्रिटिश साम्राज्यले जबरजस्ती लादेको भूमि ऐनले खोसिदिएको थियो ।

उनको जीवनकालमा केन्यामा बेलायती औपनिवेशिक शासनविरुद्धको सशस्त्र आन्दोलन चर्किएको थियो । त्यसमध्ये माऊ-माऊ विद्रोह (१९५२-१९६०) निक्कै चर्चित छ । उनका सौतेनी दाजु म्वाङ्गी 'केन्या ल्याण्ड एण्ड फ्रिडम आर्मी'मा संलग्न थिए र उनी त्यहीक्रममा मारिएका थिए । उनका अर्का दाजु गोली लागेर घाइते समेत भएका थिए । सोही सिलसिलामा ङुगीका परिवारलाई पनि औपनिवेशिक सत्ताले डिटेन्सन क्याम्पमा राखेको थियो ।

१९५५ मा लिमरुबाट २० किलोमिटर टाढा रहेको एलायन्स हाइस्कुलमा पढ्न गएर एकदिन घर फर्कने क्रममा ब्रिटिशहरूले आफ्नो पूरै गाउँलाई ध्वस्त पारिदिएको दृश्यले उनलाई पूरै विचलित तुल्यायो । ती घटनाहरूले उनमा औपनिवेशिक सत्ता, सांस्कृतिक दमन र अफ्रिकी पहिचानका मुद्दाहरूबारे गहिरो चेतना पैदा गराइदिएको थियो । फलतः उनले आफ्ना रचनाहरू मार्फत औपनिवेशिक शोषण, सामाजिक असमानता र सांस्कृतिक दमनविरुद्ध आवाज उठाए। उनको लेखनले केन्याली जनताको स्वतन्त्रता र पहिचानको सङ्घर्षलाई प्रतिबिम्बित गर्छ।

उनले पहिलोपटक अंग्रेजीमा औपचारिक शिक्षा लिएका थिए । त्यही भाषा नै पछि उनको बौद्धिक द्वन्द्वको एउटा ठूलो कारण बन्यो।उनले मकरेरे विश्वविद्यालय, युगान्डा र त्यसपछि लिड्स विश्वविद्यालय, बेलायतमा अध्ययन गरे। बेलायतमा रहँदा उनले फ्रान्ज फेनन, कार्ल मार्क्स, एन्तोनियो ग्राम्सीजस्ता उपनिवेशविरोधी चिन्तकहरूबाट गहिरो रूपमा प्रभावित बनेका थिए।उनले सन् १९६३ मा मकररेरे विश्वविद्यालयबाट अङ्ग्रेजीमा स्नातक उपाधि प्राप्त गरेका थिए । पछि सन् १९६४ मा उनले उनले युनिभर्सिटी अफ लिड्स (इङ्ल्याण्ड) मा एम.ए. अध्ययनका लागि छात्रवृत्ति जितेका थिए । तर उनले युनिभर्सिटी अफ लिड्सको अध्ययन सन् १९६७ मा पूरा नगरी छाडे।

***संघर्ष र लेखनः ज्ञानको लोकतान्त्रीकरण***

उनको प्रारम्भिक उपन्यासहरू - "Weep Not, Child" (१९६४), "The River Between" (१९६५), र "A Grain of Wheat" (१९६७) - मा गिकुयु समाज, माउ माउ विद्रोह र ब्रिटिश उपनिवेशविरोधी आन्दोलनको चित्रण गरिएको छ । उपनिवेशवादविरोधी चेतना र सामूहिक प्रतिरोधको पक्षमा गहिरो प्रतिबद्धता देखिएको उनको पछिल्लो उपन्यास [A Grain of Wheat n] उनलाई मार्क्सवादी विचारका समर्थकको रूपमा स्थापित गऱ्यो । प्रारम्भमा अंग्रेजी भाषामा लेख्ने ङुगीले पछि बुझे- भाषा आफैंमा एउटा शक्ति संरचना हो। अंग्रेजी उपनिवेशवादी शासनको भाषा हो, जसले उपनिवेशितहरूको चेतनालाई कब्जा गर्छ।

उनको भनाइ थियो- "भाषा केवल शब्दहरूको तार मात्र होइन। यो संस्कृति, स्मृति र पहिचानको वाहक हो। भाषालाई गुमाउनु भनेको आफ्नो आत्मालाई गुमाउनु हो ।"

"Language is not just a string of words. It is a carrier of culture, memory, and identity= To lose your language is to lose your soul" (म्भअययिलष्क्ष्लन तजभ :ष्लम, १९८६)

ङुगीको बुझाइमा औपनिवेशिक शासनले केवल भूमि मात्र कब्जा गरेन, त्यसले त भाषालाई मूल अस्त्र बनाएर आमजनताको मानसिकता र स्मृति कब्जा गर्ने परियोजना चलायो । त्यसअनुसार विद्यालय र विश्वविद्यालयहरूमा मातृभाषाको साटो अंग्रेजी, फ्रेन्च वा पोर्तुगीज भाषालाई ज्ञानको एकमात्र प्रवेशद्वार बनाइयो । यसले अफ्रिकाका युवाहरूको 'ब्रेनवास' गरेर उनीहरूलाई आफ्नै भाषालाई 'हीन' र विदेशी भाषालाई 'श्रेष्ठ' ठान्न बाध्य तुल्यायो ।

यस विरुद्धमा ङुगीले क्रान्तिकारी निर्णय गरे - अब उप्रान्त अंग्रेजी भाषामा लेख्दिनँ, आफ्नै मौलिक गिकुयू (Gikuyu) भाषामा लेख्छु, जहाँ जनताको पीडा, लय, सपना, र विद्रोहका कथ्य-लेख्य परम्परा पाइन्छ । उनको यो निर्णय केवल साहित्यिक होइन, राजनीतिक हस्तक्षेप थियो। यस निर्णयले उनलाई अफ्रिकी साहित्यमा बौद्धिक क्रान्तिको पर्याय बनायो। कतिसम्म भने १९७० को दशकमा उनले आफ्नो वास्तविक नाम जेम्स ङुगीलाई 'उपनिवेशवादी अवशेष' घोषित गर्दै आदिवासी गिकुयु पहिचानलाई जोड दिने ङुगी वा थियोङ्गो राखेका थिए ।

ङुगी वा थियोङ्गोका लागि भाषा केवल संप्रेषणको माध्यम थिएन, यो सांस्कृतिक स्मृति, आत्म-चेतना र सत्ता-प्रतिरोधको अस्त्र थियो। उनको प्रष्ट बुझाइ थियो औपनिवेशिक शासनले भू-भाग मात्र कब्जा गरेन, त्यसले त आममानिसको चेतना कब्जा गर्न भाषामार्फत मानसिक उपनिवेश स्थापना गऱ्यो। यसै कारण उनले आफ्नो लेखनलाई अंग्रेजीबाट गिकुयू भाषामा रूपान्तरण गरेका थिए - यो निर्णय आफैँमा एक क्रान्ति थियो ।

उनले भनेका छन्- "भाषाले संस्कृति बोकेको हुन्छ, र संस्कृतिले ती सम्पूर्ण मूल्यहरूको सार बोकेको हुन्छ जसका माध्यमबाट हामी आफैँलाई र संसारमा आफ्नो स्थानलाई बुझ्ने गर्छौं।"

(Language carries culture, and culture carries the entire body of values by which we perceive ourselves and our place in the world.)

ङुगीको विचारमा जब लेखकले औपनिवेशिक भाषालाई आफ्नो अभिव्यक्तिको एकमात्र माध्यम बनाउँछ, तब उसले भित्रभित्रै नदेखिने गरेर औपनिवेशिक चेतना पुनःउत्पादन गर्ने काम गर्छ । उनको बुझाइमा लेखनीमा मातृभाषा प्रयोग गर्नु भनेको जनतासँगको प्रत्यक्ष संवाद हो, ज्ञानको लोकतान्त्रीकरण हो।

***नाटक लेखेवापत जेल जीवन र निर्वासन***

सन् १९७७ मा ङुगीले केन्याली नाटककार, लेखक तथा सांस्कृतिककर्मी ङुगी वा मिरीईसँगको सहलेखनमा "ल्नबबजष्ब ल्मभभलमब (I Will Marry When I Want)" नाटक लेखेका थिए । नाटकले गाउँका किसान र मजदुरहरूको कथा बोलेको थियो । गिकुयू भाषामा लेखिएको त्यो नाटक केन्याली सरकारका लागि अपराध भयो । केन्याको तानाशाह डानियल अराप मोईले मुद्दा नचलाइकन तथा सुनुवाइको मौका नै नदिइकन उनीहरूलाई एक वर्ष क्याम्पाला जेलमा कैद गरे ।

उनीहरूलाई दैनिक एक घण्टा मात्र घाममा बस्न दिइन्थ्यो । तर त्यहीँ, बन्द कोठामा उनले गिकुयू भाषामै उपन्यास Caitaani Mutharaba–Ini (Devil on the Cross) लेखे । रोचक कुरा त के छ भने उनले उक्त उपन्यास 'ट्वाइलेट पेपर'मा लेखेका थिए । जेलमा लेखिएको यो उपन्यास केवल दमनको कथा मात्र होइन, प्रतिरोधको ऐतिहासिक साक्षी बन्यो- सत्ताले शरीरलाई कैद गर्न सक्छ, चेतनालाई होइन। उनी भन्ने गर्थे- तिनीहरूले मेरा शरीरलाई कैद गरे तर मेरो विचारलाई कैद गर्न सकेनन् । (They locked my body, but they could not lock my mind.) जेलमै उनले आफ्नो आत्मकथा "म्भतबष्लभमः ब ध्चष्तभच'क एचष्कयल म्बचथ" पनि लेखे ।

जेल जीवनको कठोर अनुभवले उनको लेखनलाई अझै क्रान्तिकारी बनायो। उनले जेललाई नै सृजनात्मक प्रयोगशाला बनाइदिए, जहाँ पीडाले प्रतिरोधलाई जन्मायो । उनले पुष्टि गरिदिए- कारावास पनि दमनको अन्तिम सीमारेखा होइन, सत्ताविरोधी चेतनाको बिउ बोकेका लेखकको चेतना त्यहाँबाट अझ बलियो भएर निस्किन्छ।उनले व्यवहारिक रूपमा नै देखाइदिए- साहित्य सत्तासँग मिल्न होइन, त्यसलाई चुनौती दिन जन्मिन्छ।

एम्नेस्टी इन्टरनेशनलले उनलाई प्रिजनर अफ कन्सियन्स (आफ्ना अन्तरात्माबाट प्रेरित विचार वा पहिचानलाई शान्तिपूर्ण रूपमा अभिव्यक्त गरेकोमा कारावासमा परेको तर हिंसाको प्रयोग वा समर्थन नगरेको व्यक्ति) घोषित गरेको थियो । चौतर्फी विरोध र दवाब बढ्दै गएपछि केन्या सरकारले उनलाई रिहा जेलबाट मुक्त भएपछि पनि सरकारको नजरमा उनी 'बागी बौद्धिक' बनिरहे। सन् १९६७ मै नैरोवी विश्वविद्यालयमा प्राध्यापन गर्दै आएका उनलाई जेलबाट मुक्त भएपछि पुरानो पेशामा काम गर्न दिइएन । उनले केन्यामा भिजिलान्ते सत्ताबाट बारम्बार धम्की र उत्पीडनको सामना गर्नुपर्यो । जेलजीवनबाट मुक्त भएपछि उनको लेखनमाथि प्रतिबन्ध लगाइयो । अन्ततः १९८२ मा उनी सपरिवार निर्वासनमा जान बाध्य भए । उनी बेलायत हुँदै अमेरिकामा शरणार्थी बने। (ङुगी वा मिरीई चाहिँ जिम्बाबे निर्वासित भएका थिए ।) पछि उनले क्यालिफोर्निया विश्वविद्यालय, इरविनमा तुलनात्मक साहित्य तथा अङ्ग्रेजीका विशिष्ट प्राध्यापकका रूपमा अध्यापन गरेका थिए । त्यसअघि उनले नर्थवेस्टर्न विश्वविद्यालय, येल विश्वविद्यालय र न्यू योर्क विश्वविद्यालयमा अध्यापन गरिसकेका थिए । सन् २००२ मा तानाशाह डानियल अराब मोइले पदत्याग गरेपछि मात्रै उनीहरूले केन्या फर्कन सकेका थिए ।

स्मरणीय के छ भने, नैरोवी विश्वविद्यालयमा कार्यरत हुँदा उनले अङ्ग्रेजी विभागलाई हटाउन विशेष पहल गरेका थिए । उनले औपनिवेशिक शासन समाप्त भइसकेको अवस्थामा विश्वविद्यालयहरूमा अङ्ग्रेजी साहित्य पढाइनुको सट्टामा अफ्रिकी भाषाहरूमा आधारित मौलिक र मौखिक साहित्य अध्ययन गरिनुपर्ने कुराको प्रखर वकालत गरेका थिए । उनकै प्रयासहरूले १९६० को दशकको अन्त्यसम्म पुग्दा विश्वविद्यालयमा अंग्रेजी साहित्य अध्ययनको संरचना हटाई अफ्रिकी साहित्य–मौखिक तथा लिखित–केन्द्रित पाठ्यक्रम लागू गरिएको थियो । त्यसलाई अफ्रिकी बौद्धिक स्वतन्त्रता र भाषिक पुनर्जागरणको दिशामा एक ऐतिहासिक मोड मानिन्छ ।

***भाषाको राजनीति र बौद्धिक मानक***

ङुगी वा थियोङ्गोले आफ्नो कालजयी रचना औपनिवेशिक मानसिकताबाट मुक्ति (Decolonising the Mind) मार्फत् भाषा, चेतना र औपनिवेशिक मानसिकताबीचको सम्बन्धलाई गहिरो विश्लेषण गरे। यो ग्रन्थ केवल साहित्यिक कृति मात्र होइन । यो त शिक्षा, नीतिगत योजना र चिन्तन प्रणालीमा औपनिवेशिक प्रभाव र हस्तक्षेपविरुद्धको गम्भीर प्रहार हो। उनले विश्वसामु 'अफ्रिकी शिक्षाले विदेशी भाषाको माध्यमबाट आफ्नै मुल्य-मान्यता र संस्कृतिलाई दोस्रो दर्जामा राखेर ज्ञान निर्माण गरी उपनिवेशीकरणलाई निरन्तर जारी राखेको' कुरा उद्घाटित गरिदिए । उनी भन्छन्- "The classroom became the battlefield of minds. And we were losing."

औपनिवेशिक शासनले अफ्रिकामा खेलेको सबैभन्दा घातक खेल भनेको शिक्षामा थियो। शिक्षा प्रणालीले विद्यार्थीहरूलाई उपनिवेशवादी दृष्टिकोणबाट सोच्न सिकायो, उनीहरूको भाषा, इतिहास, संस्कृतिप्रति घृणा पैदा गर्यो।

ङुगीले आफ्नो पुस्तक औपनिवेशिक मानसिकताबाट मुक्तिमा औपनिवेशिक शिक्षाको तीन प्रमुख प्रभावहरूलाई यथार्थपूर्ण ढंगले विश्लेषण गरेका छन्ः

इतिहासको विकृतिः अफ्रिकाको गौरवशाली अतीतलाई नष्ट गर्दै यूरोपलाई सभ्यताको मापन बनाइयो ।

सांस्कृतिक विच्छेदनः विद्यार्थीहरू आफ्नै कथा, लोककथा र मिथकहरू बिर्सन थाले - शेक्सपियर पढे तर गिकुयू लोकगाथा होइन ।

भाषा-अवमूल्यनः मातृभाषामा लेख्दा "ग्रामीण", "अशिक्षित" भन्ने छाप दिइयो। अंग्रेजी वा फ्रेञ्च नै 'ज्ञानको असली भाषा' बनाइयो ।

उनको औपनिवेशिक मानसिकता बाट मुक्ति कृतिले औपनिवेशिक शिक्षा र भाषाले अफ्रिकी मनोवृत्तिमा पारेको प्रभावको गहिरो विश्लेषण गर्छ। उनले तर्क गरे कि अफ्रिकी साहित्य आफ्नो मातृभाषामा लेखिनुपर्छ, किनभने भाषा केवल संचारको माध्यम नभई संस्कृति र पहिचानको आधार हो। यो विचारले विश्वभरका साहित्यकारहरूलाई आफ्नो भाषा र संस्कृतिको संरक्षण गर्न प्रेरित गऱ्यो ।

उनका कृतिहरू भाषिक उपनिवेशिकरणविरुद्धको एउटा साँस्कृतिक आन्दोलन हो । उनले 'भाषा'लाई केवल सञ्चारको माध्यम हैन, जनसमूहको सांस्कृतिक स्मृति (cultural memory) को वाहक मानेका छन्। उनले अफ्रिकी भाषाहरूको पुनर्जागरणमा जोड दिँदै भाषालाई साम्राज्यवादको उपकरणको रूपमा पनि चित्रण गरेका छन्। यसका लागि उनले नयिदबभिअतष्अक भन्ने अवधारणा विकास गरेका छन् - जसमा ज्ञान र सन्दर्भ दुवैको बहुपरिप्रेक्ष्यीय मूल्याङ्कन गरिन्छ।ङुगी थियोङ्गो बारम्बार भन्ने गर्थे- "भाषा हाम्रो आत्माको घर हो । यसलाई बचाउनु क्रान्तिको पहिलो चरण हो।"

ङुगीको यो दृष्टिकोणले औपनिवेशिक चेतना शिक्षा मार्फत पुनःउत्पादन हुने जोखिमपूर्ण यथार्थतालाई छताछुल्ल पारिदियो । स्थानीय ज्ञान, संस्कृति, परम्परा र चेतनाको हत्या गर्ने अंग्रेजी भाषामा आधारित शिक्षालाई "गुणस्तरीय" मानिने नेपालजस्ता देशमा समेत उनको दृष्टिकोण सान्दर्भिक र मननीय छ ।

***समकालीन सन्दर्भ र योगदान***

क्यालिफोर्निया विश्वविद्यालय, इरविनका प्रोफेसर एमेरिटस रहिसकेका थियोङ्गोले थुप्रै अन्तर्राष्ट्रिय सम्मान र पुरस्कारहरू प्राप्त गरिसकेका छन् । उनलाई २०१४ मा अन्तर्राष्ट्रिय साहित्यको नोनिनो पुरस्कारबाट सम्मानित गरिएको थियो । त्यसैगरी, २०१६ मा उनको कृति "ध्ष्शबचम या तजभ ऋचयध" लाई उल्लेखनीय अफ्रिकी उपन्यास घोषित गरिएको थियो ।

उनी साहित्यमा नोबेल पुरस्कार हकदारका रूपमा लामो समयदेखि चर्चित रहे । यद्यपि, साम्राज्यवादको विरोध गर्ने र जनतामा क्रान्तिकारी चेतना जागृत गर्ने उनी जस्ता साहित्यकारले उक्त पुरस्कार प्राप्त गर्नु निक्कै परको कुरा हो ।

त्यसो त ङुगीले पाएका सम्मान र पुरस्कारहरूको सूची निक्कै लामो छ । त्यसबाहेक उनले थुप्रै विश्वविद्यालयहरूबाट मानार्थ डिग्रीहरू समेत हासिल गरेका छन् ।

उनका प्रमुख कृतिहरूमा केन्याको स्वतन्त्रता संग्रामको पृष्ठभूमिमा रहेको ध्भभउ ल्यत, ऋजषीम (१९६४), ब न्चबष्ल या ध्जभबत (१९६७), केन्याको नव-औपनिवेशिक शोषणको उजागर गर्ने एभतबकि या द्यियिम (१९७७), र :बतष्नबचष (१९८६) समावेश छन्। यी रचनाहरूले केन्याको स्वतन्त्रता सङ्घर्ष, सामाजिक असमानता र मार्क्सवादी दृष्टिकोणलाई जोड दिन्छन्। उनको उपन्यास :बतष्नबचष मा सत्ताको डर, दमन र अन्यायबाट जनता कसरी पीडित हुन्छन् भन्ने कुरालाई गहिरो सांस्कृतिक, ऐतिहासिक र प्रतिरोधात्मक सन्दर्भमा नायकले भन्ने वाक्य, "अत्यधिक डरले देशमा भय उत्पन्न गर्छ" (त्यय ञ्गअज ाभबच दचभभमक ञ्ष्कभचथ ष्ल तजभ बिलम)८ले देखाएको छ । यसले उनको लेखनको गहिरो दार्शनिक र क्रान्तिकारी भावनालाई प्रतिबिम्बित गर्छ।

८ 'ध्जबत ष्क नयष्लन यल जभचभ? ब्चभ थयग नयष्लन तय भित यगच अजषमिचभल दभ ञ्बमभ तय भबत कजष्त धजषभि थयग कतबलम बचयगलम लयममष्लन ष्ल बउउचयखर्बा? ज्यध अबल थयग कतबलम तजभचभ धबतअजष्लन तजभ दभबगतथ या यगच बिलम दभष्लन तचयममभल मयधल दथ तजभकभ दभबकतक ध्जबत ष्क कय ागललथ बदयगत तजबत? ध्जथ मय थयग जष्मभ दभजष्लम ब अयिबप या कषभिलअभ बलम भित थयगचकभखिभक दभ चगभिम दथ ाभबच ? च्भ्रु्भदभच तजभ कबथष्लन तजबत तयय ञ्गअज ाभबच दचभभमक ञ्ष्कभचथ ष्ल तजभ बिलम.'

उनका पछिल्ला कृतिहरू जस्तै अफ्रिकी तानाशाहीविरुद्ध व्यंग्यात्मक महाकाव्य "ध्ष्शबचम या तजभ ऋचयध" (२००६), क्फभतजष्लन त्यचल बलम ल्भधः ब्ल बचष्अबल च्भलबष्ककबलअभ (२००९), अफ्रिकी बालबालिकाको संघर्षलाई मार्मिक रूपमा प्रस्तुत गर्ने "म्चभक्क ष्ल ब त्र्भ या ध्बच" (२०१०), नयिदबभिअतष्अकः त्जभयचथ बलम तजभ एयष्तिष्अक या प्लयधष्लन (२०१२), क्ष्ल तजभ ज्यगकभ या तजभ क्ष्लतभचउचभतभचः ब :भ्रयष्व (२०१२) र लेखकको वैचारिक, साहित्यिक र राजनीतिक चेतनाको विकासबारे जानकारी दिने "Birth of a Dream Weaver" (२०१६) उल्लेख्य छन्। उनको अर्को कृति "Secure the Base" (२०१६) ले आजको आतंकवाद, पलायन र गरीबीको गहिरो विश्लेषण गर्छ ।

सन् २०१६ मै प्रकाशित उनको लघुकथा The Upright RevolutionM Or Why Humans Walk Upright निक्कै प्रसिद्ध छ । शुरुमा गिकुयू भाषामा लेखिएको र ङुगी आफैंले अङ्ग्रेजीमा अनुवाद गरेका यो कृति यो एक सयभन्दा बढी भाषाहरूमा अनुवाद भइसकेको छ ।

ङुगीको लेखनले मार्क्सवादी विचारधारालाई साहित्यमा एकीकृत गरेर सामाजिक परिवर्तनको लागि बौद्धिक आधार प्रदान गऱ्यो । उनले साहित्यलाई केवल कला नभई सामाजिक क्रान्तिको हतियार बनाए। उनको गिकुयु भाषामा लेखन र सामुदायिक नाटकहरूले साधारण जनताको आवाजलाई साहित्यमा स्थान दियो, जसले विश्व साहित्यमा नयाँ मानक स्थापित गर्यो।

***विश्वभरका शोषित समुदायको आवाज***


ङुगी वा थियोङ्गो केवल एक लेखक मात्र होइनन्, उनी एक सांस्कृतिक सेनानी, चेतनाको संरचनाकार र औपनिवेशिक मानवशास्त्रविरुद्धको बौद्धिक विद्रोही समेत हुन् । उनको जीवनले देखाउँछ - साहित्य केवल सौन्दर्यशास्त्रीय बौद्धिक अभ्यास मात्र होइन, यो शक्ति संरचना, प्रतिरोध र स्वतन्त्रताको अभियान पनि हो । उनले बौद्धिक रूपमा स्थापित गरेका मानकहरू - मातृभाषामा लेखन, साहित्यको राजनीतिकरण, र सांस्कृतिक स्वराज - केवल अफ्रिकाका लागि मात्र नभई सारा विश्वका उत्पीडित जनसमुदायका लागि समेत प्रेरणादायक छ ।

ङुगीले आफ्नो साहित्यमार्फत जे गरिरहे, त्यो आज हाम्रा लागि मार्गनिर्देशन हो - लेखन केवल कलात्मक अभ्यास होइन, सचेतन राजनीतिक कर्म हो। उनी आजको युगका लागि उत्तरऔपनिवेशिक बौद्धिक व्यक्तित्व (Postcolonial Intellectual) मात्र होइनन्, "ग्लोबल साउथ" को साझा आवाज हुन् ।

ङुगी वा थियोङ्गो केवल लेखक मात्र थिएनन्, उनी एक क्रान्तिकारी योद्धा समेत थिए । उनले आफ्नो लेखन मार्फत औपनिवेशिकता, सांस्कृतिक दमन र सामाजिक अन्यायविरुद्ध लडिरहे। उनले साहित्यलाई हतियार बनाएर अफ्रिकी मानिसहरूको अस्मिता, भाषा, र स्वतन्त्रताको लागि संघर्ष गरे। उनले भोगेका जेलजीवन, निर्वासन र उत्पीडनले उनको दृढ संकल्पलाई कमजोर बनाउन सकेन। उनको लेखनले अफ्रिकी साहित्यमा मातृभाषाको महत्व स्थापित गर्यो र विश्व साहित्यमा एक बौद्धिक क्रान्तिको सूत्रपात गर्यो। उनको योगदानले विश्वभरका साहित्यकार र क्रान्तिकारीहरूलाई प्रेरणा दिइरहनेछ।आज पनि उनको विचारले विश्वभरका शोषित समुदायलाई आवाज प्रदान गर्छ।

ङुगी लामो समयदेखि अस्वस्थ थिए । सन् १९९५ मा, ङुगी वा थियोङ्गोलाई प्रोस्टेट क्यान्सर भएको पत्ता लाग्यो । चिकित्सकहरूले उनको आयु तीन महिनामात्र बाँकी रहेको भनेका थिए तर सुखद संयोगको कुरा, उनको त्यो समस्या निको भयो। सन् २०१९ मा उनले मुटुको 'ट्रिपल बाइपास सर्जरी' समेत गरेका थिए । तर सोही समय आसपास उनी मिर्गौलाको समस्याबाट पनि ग्रस्त हुन थाले। उनी सन् २०२५ मे २८ मा अमेरिकाको जर्जिया राज्यको बफोर्डमा ८७ वर्षको उमेरमा निधन भयो ।

# सौन्दर्य र अनुभूति


● मोदनाथ मरहठ्ठ ●

मानिसले आ-आफ्नो भोगाइ, बुझाइ, समय र सन्दर्भअनुसारको चिन्तन मनन् र ज्ञान प्राप्त गर्दछ। आ-आफ्नो परिस्थिति र पर्यावरण अनुसारको दर्शन तयार पार्दछ। त्यसैले हरेकको आ-आफ्नो रुचि, क्षमता र इच्छा हुने गर्दछ। यही कारण मानिसमा आ-आफ्नै किसिमको सौन्दर्यवोध हुने गर्दछ। त्यसैले यो संसारमा सौन्दर्य निरपेक्ष र सार्वभौम हुन सक्दैन। शुरुमा कला, साहित्यलाई हेर्ने सौन्दर्यशास्त्रको मात्र चर्चा भएको देखिन्छ। कला साहित्यको सौन्दर्य बारेको दर्शन अथवा सौन्दर्यशास्त्रको अवधारणा भने अठारौं शताब्दीपछि मात्र भएको हो। हेगेलले सौन्दर्यशास्त्रलाई सम्पूर्ण कलाको दर्शनका रूपमा स्थापित गरे।

हेरेर, सुनेर खाएर र बुझेर अन्तर्हृदयले सुखानुभूती वा परख गरिने अवस्थालाई सौन्दर्य भनिन्छ। सौन्दर्यको परख जति सरल छ उति जटिल पनि छ। मन छुने साहित्य, कला, संस्कृति, रचनाहरू जसले समाजलाई सोच्न बाध्य बनाओस्, मनलाई विचार गर्न जागृत तुल्याओस्, मानवीय समवेदना झल्काओस्, इतिहास पढाओस् यी सबै सौन्दर्यशास्त्रका क्षेत्रहरू हुन।

एउटै बस्तु कुनै अवस्थामा सुन्दर बन्छ। कुनै अवस्थामा असुन्दर बन्दछ। उदाहरणको लागि तपाईं भोको हुनुहुन्छ त्यस अवस्थामा रुखासुख्खा खानेकुरा पनि ज्यादै मीठो हुन्छ तर अघाएको अवस्थामा मिष्ठान्न पनि अरूची लाग्छ। सौन्दर्यबोधको अवस्था तह तहको हुन्छ। एउटा वस्तु हेर्नू छाम्नु र खानुको अनुभूती एकै प्रकारको हुँदैन। उदाहरणको लागि एकदाना पाकेको आँप लिऔं। पाकेको आँप देख्नेबित्तिकै आँखाले एउटा अनुभूति गर्छ जुन सुन्दर हुन्छ अब पाकेको आँप हातले छुनुस त्यो गिलो छ अनि तपाईं हाम्रो मनको कल्पनामा मीठो अनुभूति जन्मिइसकेको हुन्छ। जब हामी पाकेको आँप खान्छौ नि त्यसको स्वादको अनुभूति अघि आँखाले देखेको र हातले छामेको भन्दा फरक हुन्छ। जब हामी पाकेका आँप खाइरहन्छौं एक प्रकारको मीठो आनन्दानुभूती गर्दछौं, यो बस्तुमा देखिने वा पाइने सौन्दर्य हो। हाम्रो पेट भरिएपछि पनि हामीले आँप खाइरह्यौं भने त्यो अवस्थामा त्यही स्वादिलो आँप कुरूप लाग्न थाल्छ। एउटै वस्तु अवस्थानुसार सुन्दर र असुन्दर दुबै हुन्छ। मानौं हामी गर्मीले भकभकी पाकेका छौं र त्यस्तो बेलामा चिसो पानीमा डुबुल्की मार्दा कति सुन्दर लाग्छ तर त्यही पानी हो जब पुस माघको जाडोमा हामी त्यसरी डुबुल्की मार्न सक्दैनौं। अर्थात सुन्दर र असुन्दरको द्वन्द्व यसरी बुझ्न सकिन्छ। यो प्रकृतिमा रहेको सौन्दर्य हो।

सौन्दर्यको अध्ययन बिचार अभिब्यक्तिभित्र गरिनु पर्ने हुन्छ। यसको परिणाम कला साहित्यमा प्रकट हुन्छ। कला चेतना सामाजिक ब्यबस्थाका रूप हुन। साहित्य कलाको कुनै पनि रूपको उत्पत्ती, विकास, उत्कर्ष र पतनका घटनाहरू मानव समाजको विकास र त्योसित भएका घटनाहरूको सन्दर्भमा नै राम्ररी बुझ्न सकिन्छ। सौन्दर्यचिन्तन खासगरी साहित्य कलामा बढी प्रयोग हुने धारणा हो तर हाम्रो देशमा साहित्य कलाको क्षेत्रमा सौन्दर्यलाई बुझ्ने र अभिव्यक्त गर्ने परिपाटी बसिसकेको भने छैन। साहित्य कलाभित्रको सौन्दर्यलाई बुझ्ने धारणा मार्क्सवादी अध्ययनको क्षेत्रभित्रको मान्यता हो। यद्यपि गैह्र मार्क्सवादीहरूले पनि आ-आफ्नो दृष्टिकोण अनुसार बुझ्ने र व्याख्या गर्ने गर्दछन्।

नेपालमा सौन्दर्यचिन्तनको अध्ययन र विमर्शको ऐतिहासिक परम्परा देखिँदैन। परन्तु साहित्य तथा कलाको अध्ययन, चिन्तन र समीक्षाको प्रक्रियामा भने सौन्दर्यचिन्तनको परम्परालाई पनि फेला पार्न सकिन्छ। नेपालमा सौन्दर्यचिन्तन सम्बन्धी अध्ययन समाजवादी यथार्थ परक ढङ्गबाट साहित्य लेखनको चर्चा हुन थालेपछि भएको हो। यस गहन विषयमा मार्क्सवादी सौन्दर्यचिन्तक चैतन्य, निनु लगायतले निकै धेरै काम गर्नुभएको छ। नेपालमा सौन्दर्यचिन्तनको क्षेत्रमा केन्द्रित रही अध्ययन गर्ने कुनै विशिष्ट ऐतिहासिक परम्परा देखिँदैन। परन्तु साहित्य तथा कलाको अध्ययन, चिन्तन र समीक्षाको प्रक्रियामा भने सौन्दर्यचिन्तनको परम्परालाई पनि फेला पार्न सकिन्छ। मार्क्सवादी सौन्दर्यचिन्तनका थुप्रै विषयहरूमा प्रगतिवादी स्रष्टाहरू अनभिज्ञ रहेको र यस किसिमको सैद्धान्तिक चर्चा परिचर्चाप्रति उनीहरूको उपेक्षा र अरूचीका कारणले पनि मार्क्सवादी सौन्दर्यशास्त्रको विकासमा अवरोध पुगेको धारणा अर्का सौन्दर्य चिन्तक निनु चापागाईंको रहेको छ, तर पनि नेपाली कला चिन्तनमा श्याम प्रसाद, कृष्णचन्द्र सिँह प्रधान, गोबिन्द भट्ट, प्रा.डा.ताराकान्त पाण्डेय, प्रा.डा. जगदीशचन्द्र भण्डारी, घनश्याम ढकाल, अमर गिरीहरू सौन्दर्यचिन्तनको क्षेत्रमा कृयाशील भएको पाइन्छ।

सौन्दर्यको प्रयोग र अनुभूति कलाको माध्यमले प्राप्त हुन्छ। सिर्जनामा चातुर्य कौशल विशिष्टता आदि सम्पन्न गरिने कार्य नै कला हो। चित्रकला, वास्तुकला, कथा, कविता निबन्ध यी कला मापनका क्षेत्रहरू हुन। हरेक कला साहित्यमा विचारको विविधता रहेको हुन्छ। साहित्यमा सौन्दर्यको खोजी गर्दा प्रगतिवादी धारामा लेखिएका र समानान्तर वा यथास्थिती धारामा लेखिएका रचनाहरूको निर्क्योल गर्नुपर्ने हुन्छ। साहित्य र कलामा परस्पर विरोधी दुई तत्व हुन्छन्। तिनीहरूलाई जीवनबोधी र जीवन विरोधी भनेर निर्क्यौल गर्ने गरिन्छ। मानव समाजको चेतनालाई बढोत्तरी हुनबाट रोक्ने सिर्जना जीवन विरोधी सिर्जना हुन। यस्ता सिर्जनामा ईश्वरीय शक्तिको उपासना वा व्याख्या गरेर भाग्य वा दैवीशक्ति नै अपराजेय छन् र यो सृष्टिमा जे जति गतिविधि हुन्छन् त्यो ईश्वरीय तागतले नै हुन्छ भन्ने भ्रम दिनु जीवन विरोधी सिर्जना हुन। त्यसमा स्वैरकल्पना र भ्रमको भारी लादिएको हुन्छ। यस्तो साहित्यले समाजमा हुने होची अर्घेली विभेदजन्य परिस्थिति ईश्वरीय देन हो भनेर जवर्जस्त बुझाउने दुस्सहास गर्दछ। यस्तो साहित्य कलालाई यथास्थितिवादी वा पुरातनवादी साहित्य भनिन्छ। यसको विरुद्ध अर्को पाटो पनि छ, यसले हरेक वस्तुहरूको वैज्ञानिक कारण खोज्छ। समस्याहरूको समाधान पनि पहिल्याउँछ। यस्तो साहित्य प्रगतिवादी साहित्य भनेर बुझिन्छ।

प्रगतिवादी साहित्य कलाको दार्शनिक आधार मार्क्सवाद हो। साहित्य कलामा सुन्दर र असुन्दरको भेद यसैबाट छुट्याउनुपर्ने हुन्छ। प्रगतिवादी साहित्य कला रुढिवादको विरुद्ध र वैज्ञानिक चेतनाको पक्षमा सिर्जना गरिएको हुन्छ। प्रगतिवादी दृष्टिमा साहित्य जीवनमूल्यको आदर्शीकरण होइन बरू त्यहाँभित्रका ग्राह्य र त्याज्य पक्षको अन्वेषण गरि ग्राह्य तत्वलाई नवीन मूल्य प्रदान गरि पुरातन मूल्यलाई नवीनताले प्रतिस्थापन गर्नु हो। सौन्दर्य साहित्यमा अन्तरनीहित उपयोगी गुण हो। साहित्यले जीवन चाहन्छ। त्यो जीवनमुखी हुनुपर्छ। जीवनमुखी भन्नु नै सर्वहारावर्गीय साहित्य हो। किनभने संसारको सिर्जना सर्वहाराबाट भएको हो। तिनै सर्वहाराको पसिनामा मानव जातिको सुख र सुविधा उत्पन्न भएको हो। वुर्जुवाहरू यसप्रकारको यथार्थतालाई स्वीकार गर्न नसकेर प्रगतिवादीहरूलाई नारावादी लेखन भन्दछन्। तिनीहरू स्वैरकल्पना र यौनको केन्द्रमा कोल जस्तै घुमेर त्यही परिधिबाट संसार देख्दछन्, जुन संसार उसको संसार हो। उनीहरू साहित्य कला भनेको निजी आनन्दानुभूती मात्र मान्छन्। समाजमा मानव जातिको श्रम खाने एकाथरी वर्ग छन् उनीहरू जनविरोधी हुन र उनीहरू त्यो यथार्थलाई स्वीकार गर्न सक्दैनन् त्यो वुर्जुवा साहित्यको प्रवृत्ति हो। तर प्रगतिवादीहरू नारा मात्र लेख्दैनन् उनीहरू सभ्य र सौम्य जीवन पनि लेख्छन् नारामा उज्यालो खोज्ने तिनीहरूको उद्देश्य हुन्छ। सुन्दर समाजको विकसित रूप प्रगतिवादीहरूको उद्देश्य हुन्छ।

यहाँनेर बुझ्नुपर्ने कुरा के छ भने सामाजिक अस्तित्वबाट पृथक गरेर मानवीय कृयाकलापलाई बुझ्न सकिँदैन। साहित्य कलाको कुनै पनि रूपको उत्पत्ती, विकास, उत्कर्ष र पतनका स्थिति मानव समाजको विकास र त्यसमा भएका ऐतिहासिक घटनाहरूको सन्दर्भमा राम्रोसित बुझ्न सकिन्छ। 'समाज विकासको आन्तरिक नियमहरूको आधारमा मात्र साहित्य कलाको सहि ज्ञान प्राप्त गर्न सम्भव हुँदैन भन्ने मार्क्स र एङ्गेल्सको अवधारणा यहाँनेर मननीय देखिन्छ। उनीहरूको दृष्टिकोणमा साहित्यको सार त्यसको आधारशिला विकास र सामाजिक भूमिका केवल सामाजिक प्रणालीको समग्र विश्लेषणका आधारमा मात्रै बुझ्न सकिन्छ भन्ने रहेको छ। सामाजिक प्रणालीभित्र पनि आर्थिक तत्वले नै निर्णायक भूमिका खेल्दछ। साहित्य कला पनि सामाजिक चेतनाको एउटा प्रारूप भएकाले त्यसमा हुने परिवर्तनको कारणले पनि मानिसहरूको अस्तित्व खोज्नु पर्दछ भन्ने मान्यता रहेको छ। उनीहरूका अनुसार साहित्य र कला परिस्थितिबाट मात्र प्रभावित हुँदैन बरु यसले परिस्थितिलाई पनि प्रभावित पार्दछ। यसले क्रान्ती र पुनःनिर्माणमा महत्वपूर्ण कार्य गर्दछ। आर्थिक उत्पादन र राजनीतिको वर्गचरित्र अनुसार कला सिर्जनाको अन्योन्याश्रित सम्बन्ध हुन्छ। तसर्थ हामीले के बुझ्नु पर्दछ भने साहित्य कलामा यथार्थको प्रतिबिम्बन अनिवार्य हुनु आवस्यक पर्दछ। मानिसलाई सबै किसिमका उत्पीडन र शोषण मुक्त जीवनको दिग्दर्शन गराउने हुनाले कला इतिहासमा यसको गौरवशाली भूमिका रहेको छ।

पछिल्लो चरणमा स्थापित भएको नयाँ यथार्थभित्रको सौन्दर्यको नविनता पुरानो समाजले अनुभूत गरेको सौन्दर्यबोध भन्दा फरक छ। सामाजिक गति बदल्न भए गरेका सामरिक शारीरिक र मानसिक प्रकार्यबाट प्राप्त सौन्दर्य जीवन सङ्गातिको उच्चतम अवस्थिति हो।

## ❑ यो साता कविता

### बसवराजु मरेनन्


❑ प्रभात भट्टराई

*एक बसवराजु मारेपछि*
*अर्को बसवराजु जन्मिन्छ*
*श्रमको रगतबाट, पीडाको गर्भबाट*
*फेरि उठ्छ, फेरि बोल्छ*
*नझुक्ने माटो जस्तै !*

*हो, आज खुशी छ साम्राज्यवादको पाल्तु कुकुर*
*हो, आज हाँस्दैछन् ती कुलीन निर्दयी हत्याराहरू*
*जसको खुशी रक्तपातमा फुल्छ*
*अनि सड्किन्छ निर्दोषको चित्कारमा।*

*हिजो चे गोयभारा लडाईंमा ढल्छ*
*आज बसवराजु सहिद हुन्छ*
*महलहरू, फाइभ-स्टारका झ्यालहरूमा*
*सामन्ती सास चलमलाउँछ*
*र देह लुटिन्छ फेरि*
*असत्त नारीका आवाज चिथोरिन्छ।*

*हो, तेरा जयघोषमा आत्मसम्मान हार्छ*
*समानता नाङ्गिन्छ, अधिकार लाजले ढाकिन्छ*
*तेरो "शान्ति" भनेको*
*हत्या ढाक्ने मास्क,*
*दमन लुकाउने धर्मको खोस्टो।*

*बसवराजु त मरेनन्*
*तँ सिध्याउन खोज्छस्*
*तर बुझ*
*बसवराजु लाखौं छन्, करोडौं छन्*
*एक अर्ब बीस करोड त*
*तेरो घरको छायाँमा बसिरहेछन्।*

*तँ भन्थिस्- ऊ आतंककारी !*
*तर ऊ त सर्वहारा थियो*
*श्रमजीवी, किसान, मजदुरहरूको*
*उज्यालो भविष्यको सपना देख्ने मान्छे*
*वर्गविहीन समाजको साँचो उत्तराधिकारी।*

*बसवराजु मरेन*
*ऊ उठ्नेछ हरेक चोकमा*
*हातमा घाउ लिएर होइन*
*अधिकारको बाण बनेर उठ्नेछ*
*तेरो पाखण्ड जलाई राखमा मिलाउनेछ।*

*बसवराजु मरेको होइन*
*ऊ फैलिएको छ अर्ब जनतामा*
*जङ्गलमा होइन*
*तेरो वरिपरि, तेरै सहरमा,*
*तेरो तानाशाही समयको सासमा*
*मानवताको उज्यालो*
*वर्गविहीन समाजको सार थियो*
*बसवराजु क्रान्तिकारी ज्वारभाटा थियो।*

### छुवाछूतको अन्त हुनुपर्छ


❑ हरिकला थापा

*छुवाछूतको अन्त हुनुपर्छ*
*सानो ठुलो जात भन्ने चलनलाई तोड्नु पर्छ*
*नीति नियम फाल्नु पर्छ। २*
*छुवाछूत ....*

*काटे रगत रातै आउँछ हामी मान्छे होइनौं र*
*सबै समान भएर बाँच्ने रहर हामलाई नि छ। २*
*छुवाछूत...*

*सानो ठुलो जात भन्ने कुन शास्त्रले लेखे छ र*
*अझै पनि परिवर्तन यो समाजमा किन हुन्न र ?*
*छुवाछूतको अन्त हुनुपर्छ।४*
*- संगीत जे सी सिंजाली सुर्य थापा*

## ६ किसान...

बनाई लागु गर।

२२- बढ्दो महङ्गी नियन्त्रण गर। खाद्य तथा दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव अन्त्य गर।

२३- भूमिहीन तथा गरिब किसानको सबै ऋण मिनाहा गर। सिमान्तीकृत तथा गरिब किसानलाई निर्ब्याजी र बिनाधितो ऋण दिने व्यवस्था गर। ब्याजमा अनुदानसहितको कृषि ऋणलाई प्रभावकारी र व्यावहारिकरूपमा लागु गर। धितो नहुने किसानहरूलाई सामूहिक जमानीमा ऋण दिने व्यवस्था गर। व्यावसायिक किसानहरूलाई परियोजना धितोमा राखी ऋण सुविधा उपलब्ध गराऊ।

२४- सबै बैंक तथा वित्तीय संस्थाहरूलाई कृषिमा अनिवार्यरूपमा लगानी गर्ने व्यवस्था गर र लगानी नगर्ने बैंक तथा वित्तीय संस्थाहरूको अनुमति पत्र (लाइसेन्स) रद्द गर।

२५- मुक्त कमैया, हलिया, कम्हलरी, हरवा, चरवा आदिको खाद्य अधिकार, बसोबास तथा भूमिमाथिको अधिकार, शिक्षा र रोजगारी सुनिश्चित गर।

२६- कृषि श्रमिकको प्रगतिशील र न्यूनतम ज्याला निर्धारण गर। महिला श्रमिकलाई समान ज्यालाको व्यवस्था गर।

२७- कृषिमा बाली र पशुपन्छी बिमामा देखिएका समस्या सम्बोधन गरी प्रभावकारीरूपमा लागु गर। किसानले बिमाको सुविधा बिना झन्झट, तत्काल र सहजरूपमा पाउने व्यवस्था गर। बिमा कम्पनीहरूलाई जवाफदेही बनाउने व्यवस्था गर। साना किसानहरूको बाली र पशुपन्छी बिमा गर्न अस्वीकार गर्ने बिमा कम्पनीहरूको लाइसेन्स रद्द गर। किसानको जीवन बिमाको व्यवस्था गर।

२८- आधारभूत कृषि उत्पादनको लाभकारी समर्थन मूल्य तोकी सरकारले खरिद र विक्री-वितरण गर्ने व्यवस्था लागु गर।

२९- किसानहरूले कृषि क्षेत्र, सिँचाइ र दुध चिस्यान केन्द्रमा प्रयोग गर्ने विद्युतमा शत प्रतिशत अनुदानको व्यवस्था गर। शीतभण्डारमा प्रयोग गर्ने विद्युतमा अनुदानको व्यवस्था गर।

३०- उखु किसानहरूले चिनी मिलहरूबाट भुक्तानी पाउन बाँकी रकम अविलम्ब ब्याजसहित भुक्तानी गराउने व्यवस्था गर। उखुको रकम भुक्तानीलाई प्रभावकारी बनाउन बक्यौता रकमको चिनी मिलले ब्याज र विलम्ब शुल्क तिर्नुपर्ने व्यवस्था गर। सरकारद्वारा घोषणा गरिएको अनुदान तुरुन्त भुक्तानी हुने व्यवस्था गर। उखु किसानका समस्या दिर्घकालीनरूपमा समाधान गर्ने नीति तथा कार्यक्रम बनाई लागु गर। उखु खेतीको प्रवर्धन गर। उखु किसानको सहभागितामा उखुको मूल्य तोक्ने र किसानले उत्पादन गरेको उखुको लाभकारी ९वा सोभन्दा बढी० मूल्यमा किन्ने व्यवस्था सुनिश्चित गर।

३१- कृषि बजारका लागि यथेष्ठ र प्रभावकारी पूर्वाधार तयार गर। कृषि उपजको बजार व्यवस्थाको जिम्मा राज्यले लिने व्यवस्था गर। खाद्यबाली, तरकारी, फलफूल, दुध लगायतका कृषि उपज तथा पशुपन्छी आदिको विक्रीमा रहेको बिचौलियाको हालीमुहाली अन्त्य गर। किसानले कृषि तथा पशुजन्य उत्पादनको उचित मूल्य पाउने व्यवस्था गर। कृषि उत्पादनको मूल्य निर्धारण किसान स्वयंले गर्ने व्यवस्था गर।

३२- किसानलाई निःशुल्क र सर्वसुलभरूपमा एकीकृत कृषि प्राविधिक सेवा प्रदान गर्ने गरी कृषि प्रसार सेवालाई स्थानीय तहमा विस्तार गर। प्रत्येक कृषि बजारमा एकीकृत कृषि सेवा तथा सूचना केन्द्र, शीतभण्डार, कृषि प्रशोधन केन्द्र, दुध चिस्यान केन्द्र र कृषि तथा कृषिजन्य उद्योग स्थापना गर।

३३- कृषि क्षेत्रमा दिइने अनुदानलाई सहज, सरल र पारदर्शी बनाई वास्तविक किसानहरूले मात्र बिना झन्झट अनुदान पाउने व्यवस्था गर। अनुदानमा हुने चलखेल, भ्रष्टाचार र दुरूपयोगको अन्त्य गर। अनुदानका लागि मात्र खेती गर्ने र अनुदान लिएपछि खेती बन्द गर्ने प्रणालीको अन्त्य गर। अनुदान लिनेहरूको सूची सार्वजनिक गरी दुरूपयोग गर्नेहरूलाई कारबाही गर।

३४- प्राकृतिक प्रकोप र बालीनाली तथा पशुपन्छीमा आइपर्ने महामारीका कारण हुने नोक्सानीमा क्षतिपूर्तिको ठोस व्यवस्था गर। भूक्षय, बाढी, पहिरो, डुबानबाट प्रभावित किसानको जमिनको निःशुल्क उकास, निकास र विकासको व्यवस्था गर।

३५- किसानको बालीमा बाँदर, बँदेल, दुम्सी, हात्ती, गैँडा, चित्तल, निलगाई, भालु आदि वन्यजन्तुबाट हुने क्षति नियन्त्रण गर। वन्यजन्तुबाट बाली संरक्षणसम्बन्धी नीति बनाई लागु गर। वन्यजन्तुबाट हुने नोक्सानीको किसानलाई उचित क्षतिपूर्ति तत्काल दिने व्यवस्था गर।

३६- भूउपयोग ऐन २०७६ तत्काल लागु गर। कृषि भूमिलाई उत्पादनको साधनको रूपमा कानुनी मान्यता देऊ। कृषि भूमिको खण्डीकरण र अतिक्रमण बन्द गर। भूउपयोग कानुनअनुसार कृषि, आवास तथा सहरी क्षेत्र, उद्योग तथा कलकारखाना, विश्वविद्यालय, अस्पताल, सडक, पर्यटकीय स्थल, पार्क, बाल उद्यान, सुख्खा बन्दरगाह, वन, जङ्गल, चरन आदिका लागि छुट्टाएको जमिन अन्य प्रयोजनमा ल्याउन रोक। भूमाफियाहरूले सार्वजनिक र उब्जाउ जमिन प्लटिङ गरी बाँझो राखेको जमिन कब्जा गरी उत्पादन प्रयोजनमा प्रयोग गर। चक्लाबन्दी कार्यक्रम लागू गरी खण्डीकृत र अव्यवस्थित कृषि भूमिलाई चक्लाको रूपमा विकास गर। सहकारी तथा सामूहिक खेती प्रणाली लागु गर।

३७- भूमि बैङ्कसम्बन्धी व्यवस्था खारेज गर। किसानहरूको जमिन बहुराष्ट्रिय कम्पनी र दलाल पुँजीपतिहरूको हातमा पुऱ्याउने र किसानहरूलाई जमिनबाट बेदखदल गर्ने काम बन्द गर।

३८- कृषि अनुसन्धान, शिक्षा र प्रसारलाई एकीकृतरूपमा समेट्ने र किसानसँग प्रत्यक्षरूपमा जोड्ने गरी पर्याप्त संख्यामा कृषि क्याम्पसहरूको व्यवस्था गर। किसानका छोराछोरीहरूले छात्रवृत्तिमा प्राथमिकता पाउने व्यवस्था गर।

३९- छिमेकी देश भारतसँगको सीमा समस्याको समाधान गर। कालापानी, लिपुलेक र सुस्तालगायतका देशका विभिन्न भागमा भारत सरकारद्वारा अतिक्रमण गरिएको नेपालको सम्पूर्ण भूमि फिर्ता गर। दार्चुला जिल्लाको कालापानी क्षेत्रबाट भारतीय सेना फिर्ता गर।

४०- किसान संगठनहरूको नेतृत्व र प्रतिनिधित्वसहित संवैधानिक राष्ट्रिय किसान आयोग गठन *बाँकी ८ पेजमा*

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !
www.moolbato.com
www.hanktoday.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
हाँक साप्ताहिक

## महासचिव...

महाराजगन्जमा उपचाररत हुनुहुन्छ। उहाँको स्वास्थ्य अवस्था स्थिर छ। पार्टीका महासचिव कमरेड किरणको हामी शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।"

## भिजिट...

आतंककारी घोषणा गर्ने नेताहरूको टाउकाको मूल्य तोक्ने माओवादीको नाउँमा जो कोही सर्वसाधारण जनतालाई ठाउँको ठाउँ गोली हानी मार्ने कब्जामा लिएका व्यक्तिहरूलाई नक्कली मुठभेडको नाममा मार्ने ६ महिनासम्म सैन्य हिरासतमा लिएका व्यक्तिलाई खोरमा पालेर राखेको खसी काट्दा झैं बाहिर निकालेर मार्ने घोर अमानवीय कुकर्म गरेको थियो। तर पनि माओवादी युद्ध रोकिएन। जनयुद्धको कारण देशमा संघीय लोकतान्त्रिक गणतन्त्र आएको छ। यद्यपि नेपाली जनताले परिवर्तनको अनुभूति गर्न पाएका छैनन्। नेपाली जनताको पूर्ण मुक्तिको लागि संघीय जनगणतन्त्रमा पुग्न अझै बाँकी छ। त्यो कार्यभार नेपाली क्रान्तिकारीहरूले अवश्य पूरा गर्ने छन्। वर्तमान अवस्थामा नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धन सरकार छ। जुन सरकार उल्टो बाटो हिंडिरहेको छ। देशलाई सुशासन दिनको सट्टा निरंकुश शासन चलाइरहेको छ। यो सरकारको काम देशमा भ्रष्टाचार गर्नु र ठूलाठूला भ्रष्टाचारीहरूलाई उन्मुक्ति दिनु हो। केपी ओलीको सरकारमा भएका जो कोही मन्त्रीहरू भ्रष्टाचारले डुङडुङ्ती गन्हाएका छन्। आरजु राणा, दिपक खड्का, रमेश लेखक, शरद सिंह भण्डारी कति नाम लिनु ? कोही चोखो छैन। उज्यालोमा बसेका नेपाली जनतालाई कुलमानलाई हटाएर लोडसेडिङ व्यहोर्न बाध्य बनाएको छ। नाफामा गएको विद्युत प्राविधिकरणलाई दिपक खड्का र हितेन्द्रदेव शाक्य मिलेर दुई महिनामा घाटामा पुऱ्याएर बचेखुचेका राष्ट्रिय उद्योगहरू निजी क्षेत्रलाई मनपरी छाडिएको छ। शिक्षालय, अस्पताल, उद्योग कलकारखाना खोल्नु पर्नेमा कमिशनको खेलमा भ्यूटावर जस्ता अनुपलब्धीमूलक ठाउँमा लगानी गरिरहेको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा ठूलो भ्रष्टाचार भएको छ। यस्तो कि कुनै ठाउँ निकाय छैन भ्रष्टाचार नभएको। यो सरकारको कुशासनको कारण जनतामा ठूलो निराशा पैदा भएको छ। जनताहरू वाक्क दिक्क भएका छन्। सँगसँगै विद्रोहको भावना विकास भएर गएको पनि छ। ओली सरकारको कुशासनका कारणले घोर प्रतिक्रियावादीहरूले टाउको उठाउन खोजिरहेका छन्। यसकारण छिटो भन्दा छिटो यो देशका देशभक्त परिवर्तनगामी क्रान्तिकारी जनताहरू संगठित भइ अगाडि बढ्नु छ। देशमा संघीय जनगणतन्त्र स्थापना गरेर देशलाई उन्नति मार्गमा अगाडि बढाउन अनिवार्य भएको छ। यो भन्दा अर्को विकल्प नेपाली जनताको अगाडि छैन। न रछ्यानमा फालेको राजतन्त्र व्यूँताएर वा यही व्यवस्थामा व्यक्ति विशेष फेरेर समस्याको समाधान खोज्नु भनेको फेरि यथास्थितिवादमा रुमलिनु मात्र हुनेछ।

## महिलामाथि...

गोरखाले वक्तव्य निकालेर विरोध गरेको छ। घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै काम गरेको ज्याला माग्न जाँदा देवकोटा दम्पतीले धिताल महिला माथि कुटपिट र लछारपछार गरी गम्भीर घाइते बनाएको घटनाको निश्पक्ष छानबिन गरी पीडितको उपचारको व्यवस्था मिलाउन र जनप्रतिनिधिको निकृस्ट व्यबहारको निन्दा गर्दै पिडितलाई न्याय र कसुरवाला देवकोटा दम्पतिलाई हदैसम्मको कार्वाहीको जोडदार माग गरिएको छ। वक्तव्य जिल्ला पार्टी सेक्रेटरी रविले जेठ २२ मा जारी गर्नुभएको हो।

## विश्वका...

मारिएको हुन सक्छ। जे भने पनि अन्य २७ जना कमरेडहरू सहित उनीहरूले बसवराजुको नृशंस हत्या गरे।

कमरेड बसवराजु र हाम्रा अन्य कमरेडहरूको अमरत्व भारतीय मजदुर वर्ग, किसान वर्ग र जनताका साथै भाकपा (माओवादी), जनमुक्ति गुरिल्ला सेना (पीएलजीए) र विश्व कम्युनिस्ट आन्दोलनका लागि ठूलो क्षति हो। तर हामीलाई थाहा छ, दर्जनौं भारतीय कम्युनिस्टहरूले कमरेड बसवराजुको ठाउँ लिनेछन् र जनताको जनवादी क्रान्ति सम्पन्न गर्नेछन्।

कमरेड बसवराजु एक कम्युनिस्ट नेता थिए !

कमरेड बसवराजुले युवा उमेरमा विद्यार्थी आन्दोलन भित्र संगठित भएर आफ्नो संघर्ष सुरु गरे र पछि उनले पार्टीले दिएका विभिन्न कार्यभारहरू सम्हाले। विशेष गरी पीएलजीएको निर्माण र त्यसको विकासमा उनले महत्वपूर्ण भूमिका खेलेका थिए। भारतका माओवादी शक्तिहरूको एकीकरणमा उनको महत्वपूर्ण योगदान थियो र २००४ मा भाकपा (माओवादी) गठन हुँदा उनले राजनीतिक ब्यूरो र केन्द्रीय सैन्य आयोगको जिम्मेवारी लिए र त्यसको नेतृत्व गरे।

२०१८ मा ६५ वर्षको उमेरमा, कमरेड बसवराजुले भाकपा (माओवादी) को महासचिवको भूमिका ग्रहण गरे र ७२ वर्षको उमेरमा उनी मे २२, २०२५ मा युद्धमा परे। बढदै गएको उमेरका बावजुद उनले पार्टीको नेतृत्व गरे र फासीवादी भारतीय राज्यको आक्रमणका विरुद्ध जनयुद्धलाई अगाडि बढाए।

यस्तै गरी, कमरेड बसवराजु अन्तर्राष्ट्रिय सर्वहारा वर्गको साझा संघर्षका लागि काम गर्ने र त्यसमा योगदान दिने एकजना नेता थिए। शत्रुका सबै घेराबन्दी र विनाशकारी आक्रमणहरूका बावजुद, भारतीय कमरेडहरूले विश्वभरका धेरै कम्युनिस्ट पार्टीहरूसँग सम्बन्ध कायम गरे र माओवादी पार्टीहरूको केन्द्रीय एकता स्थापना गर्न उनले महत्वपूर्ण सैद्धान्तिक योगदान पुऱ्याए।

***शत्रुले आक्रमण गर्छ भने बुझ्नु पर्छ कि कुरा ठीक छ !***

कमरेड माओले वर्षौं अघि भनेका थिए, "शत्रुले आक्रमण गर्छ भने बुझ्नु पर्छ कि कुरा ठीक छ !" आज, मोदीको नेतृत्वमा रहेको फासीवादी भारतीय राज्यले "अपरेसन कागर" मार्फत् जनयुद्धलाई बलियो बनाउने माओवादी आन्दोलनमाथि व्यापक आक्रमण जारी राखेको छ। यस अपरेशनमा आदिवासी जनजातिहरूमाथि व्यापक आक्रमण गरिएको छ, गाउँहरू खाली गरिएका छन्, प्रतिरोध गर्नेहरूको हत्या गरिएको छ र उनीहरूलाई यातना दिइएको छ। भारतको भूमिगत र जमिनी स्रोतहरू साम्राज्यवादीहरूलाई सुम्पन गरिएको यो आक्रमणलाई भारतीय कम्युनिस्टहरूको संघर्ष र अन्तर्राष्ट्रिय ऐक्यबद्धताको योगदानले विफल पार्नेछ।

नयाँ जनवादी भारत स्थापनाका लागि आफ्नो युवावस्थादेखि पचास वर्षसम्म संघर्ष गर्दै आएका र शत्रुका विरुद्धको युद्धमा मृत्युवरण गरेका कमरेड बसवराजु अन्तर्राष्ट्रिय सर्वहारा वर्ग र उत्पीडित जनताको हृदयमा सधैंभरि बाँचिरहने छन्।

तल उल्लेखित विश्वभरका धेरै देशका कम्युनिस्ट पार्टीहरू र संगठनहरूको हैसियतले, हामी भाकपा (माओवादी) र जनमुक्ति छापामार सेनाप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। हामी हाम्रो संघर्षमा कामरेड बसवराजुलाई जीवित राख्ने कुरा फेरि एक पटक स्पष्ट गर्न चाहन्छौं।"

वक्तव्यमा कमरेड बसवराजु अमर छन् !, भारतीय जनताको संघर्ष जिन्दावाद !, सर्वहारा अन्तर्राष्ट्रियतावाद जिन्दावाद !

मइ २५ सम्मका हस्ताक्षरकर्ताहरूमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, पूर्व बङ्गलाको सर्वहारा पार्टी (पीबीएसपी/बंगलादेश), देशभक्त जनवादी समाजवादी पार्टी - ट्युनिसिया (पीडीडीएस टुनुस), टर्कीको कम्युनिस्ट पार्टी - मार्क्सवादी लेनिनवादी (टीकेपी-एमएल), युरालका माओवादीहरूको संघ, स्विट्जरल्याण्डको कम्युनिस्ट पार्टी, क्रान्तिकारी कम्युनिस्ट पार्टी (अर्जेन्टिना) - पीसीआर, अफगानिस्तानको (माओवादी) कम्युनिस्ट पार्टी र पार्टिडो कम्युनिस्टा रिभोलुसिनारियो डेल उरुग्वे रहेका छन्।

यसैबिच, मोदी प्रशासनको फासिष्ट जत्थाले भारतीय कम्युनिष्ट पार्टी माओवादीका वरिष्ठ नेता तथा केन्द्रीय केन्द्रीय समिति सदस्य (सीसीएम) सुधाकरको पनि हत्या गरेका छन्। स्रोतका अनुसार बिहीबार विजापुर जिल्लाको जंगलमा हत्या गरिएको हो। मोदी प्रशासनले सुधाकरको टाउकोको मोल १ करोड तोकेको थियो। आन्ध्र प्रदेशको एल्लुरु जिल्ला (पूर्वी पश्चिम गोदावरी) अन्तर्गत चिन्तलपुडी मण्डलको प्रगदावरम गाउँमा जन्मेका तेन्तु लक्ष्मी नरसिम्हा चलम उर्फ गौतम उर्फ सुधाकरले एल्लुरुको सीआर रेड्डी कलेजमा अध्ययन गरेका थिए। उनले पछि विजयवाडामा आयुर्वेदिक चिकित्साको कोर्षमा नाम लेखाएका थिए। तर उनले उक्त अध्ययनलाई बीचैमा छाडेर माओवादी आन्दोलनमा होमिएका थिए।

२००१ देखि २००३ सम्म आन्ध्र-ओडिशा सीमा विशेष क्षेत्रीय समिति (एओबीएसजेडसी)को सचिवको रूपमा कार्य गरेका सुधाकर २०२१ मा सीपीआई (माओवादी)को केन्द्रीय समितिमा छानिएका थिए। उनी पार्टीको मुख्य वैचारिक प्रशिक्षण इकाई 'रेपोस' (क्रान्तिकारी राजनीतिक स्कूल)का प्रमुख थिए। २१ वर्षअघि आन्ध्र प्रदेश सरकारसँग भएको असफल शान्ति वार्तामा पनि उनले भाग लिएका थिए। सुधाकरको हत्यासँगै मध्य भारतमा माओवादी आन्दोलनले फेरि एक ठूलो वैचारिक र संगठनात्मक धक्का बेहोर्नु परेको छ।

प्राप्त समाचार अनुसार मोदी प्रशासनको फासिस्ट जत्थाले छत्तीसगढको बीजापुर जिल्लास्थित इन्द्रावती राष्ट्रिय निकुञ्जमा जुन ५ देखि लगातार तीन दिनसम्म दमन जारी राखेको छ। भारतीय सुरक्षा फौजसँगको प्रतिरोधमा सात जना माओवादी नेताहरू मारिएको द वायरले उल्लेख गरेको छु।

मानव अधिकार संस्थाहरूले इन्द्रावती १,२५० वर्ग किलोमिटर क्षेत्रफल भएको राष्ट्रिय निकुञ्जभित्र पर्ने पर्शागढ गाउँबाट प्रहरीले १० जना माओवादीहरूलाई पक्राउ गरेको दाबी गरिरहेका बेला यी भिडन्तहरू भएको जनाइएको हो।

अधिकारवादी संस्थाहरूले भनेका छन् कि तीमध्ये सात जनालाई दिनहुँ अमानवीय यातना दिएर योजनाबद्ध रूपमा हत्या गरिएको हो - एक जनालाई जुन ५ मा, चार जनालाई जुन ६ मा र दुई जनालाई जुन ७ मा बाँकी तीन जना माओवादीहरू प्रहरी हिरासतमा रहेको नागरिक स्वतन्त्रता समितिका तेलंगाना अध्यक्ष गड्डम लक्ष्मण, महासचिव एम. नारायण राव तथा अन्य पदाधिकारीहरूले बताएका छन्। तर प्रहरीले अहिलेसम्म केवल दुई जनाको मात्र शव पहिचान भएको जनाएको छ। अधिकारकर्मीहरूले प्रहरी हिरासतमा रहेका १० जना माओवादीहरूको नाम सार्वजनिक गरेका छन्। ती नामहरूमा जुन ५ मा मारिएका सीपीआई (माओवादी) केन्द्रीय समितिका सदस्य तेंदु लक्ष्मी नरसिंह चलम उर्फ सुधाकर र जुन ६ मा मारिएका सीपीआई (माओवादी) तेलंगाना राज्य समितिका सदस्य मायलारापु अडेलु उर्फ भास्करको नाम समावेश छ। यी दुई नामहरू मात्र प्रहरीद्वारा पुष्टि गरिएका मृतकहरू हुन्।

यसका अतिरिक्त, लक्ष्मणले भनेका छन् कि उनीहरूले जुन ७ मा तेलंगाना राज्य समितिका अर्का सदस्य बाँडी प्रकाश र दण्डकारण्य विशेष अञ्चल समितिका सदस्य पापा रावको मृत्युबारे पनि थाहा पाएका छन्। प्रहरी हिरासतमा रहेका अन्य व्यक्तिहरूमा डिभिजनल कमिटी सदस्य रमण्णा, राष्ट्रिय निकुञ्ज क्षेत्रीय समिति सचिव दिलीप, दण्डकारण्य क्षेत्रीय समितिकी महिला सचिव सितु, तथा राष्ट्रिय निकुञ्ज क्षेत्रीय समितिका सदस्यहरू सुनीता, महेश र मुन्ना रहेका छन्।

नागरिक स्वतन्त्रता समितिका महासचिव लक्ष्मण रावका अनुसार मोदी प्रशासनको केन्द्रले सञ्चालन गरिएको अपरेशन कागरमा गत वर्ष जनवरी १ देखि अहिलेसम्म ५५० माओवादीहरूको ज्यान गएको छ। तीमध्ये करिब ४०० जना गरिब आदिवासीहरू रहेको समितिको दावी छ। यो अपरेशन छत्तीसगढको खनिज सम्पदालाई निजी कम्पनीहरूलाई सुम्पन आदिवासीहरूको संघर्षलाई दबाउने उद्देश्यले थालिएको उनीहरूको भनाइ छ।

## जातीय...

व्यवस्थाको औचित्यमाथि गम्भीर प्रश्न खडा भएको छ। २०७२ मा बनेको संविधानमा दलितको हकलाई मौलिक हकका रूपमा समेटिएको भएतापनि संविधानको धारा ४७ मा संविधान स्वयंले संविधान बनेको ३ वर्ष भित्र आवस्यकता अनुसार कानून बनाएर मौलिक हक कार्यान्वयन गर्ने बाध्यात्मक व्यवस्था गरेको थियो, जुन खण्डित हुन पुगेको छ। जसरी ओखतीले सकारात्मक काम गर्ने भएतापनि, म्याद गुज्रिएको ओखतीले मानव स्वास्थ्यलाई हित गर्दैन, त्यसैगरी उत्पीडित समुदायलाई ३ वर्ष भित्र अधिकार दिन स्वयं बाध्याकारी व्यवस्था गर्ने संविधान बनेको १० वर्षमा समेत दलितको हक कार्यान्वयन हुन नसकी, म्याद गुज्रेको छ। जसको फलस्वरूप शिक्षा, स्वास्थ्य, रोजगार, सुरक्षा, न्याय, भूमि तथा स्थानीय शासनमा दलितहरूको पहुँच नगन्य रहेको छ। धारा छोएको, चुलो छोएको, मंदिरमा प्रवेश गरेको, अन्तरजातीय प्रेम वा विवाह गरेको कारण कुटपिट, बहिस्करण तथा हत्या हुदै आएको छ। साथै छुवाछूतजन्य घटनाहरू आज पनि अनगिन्ती दोहोरिरहेकै छन्।

यस्तो अवस्थामा, कार्यक्रम र योजना बिना हरेक वर्षको जेठ २१ लाई मात्र फगत दिवसको रूपमा घोषणा गर्ने सरकारको नियत प्रति प्रश्न उठेको छ। नेपालका दलित समुदायको मुक्तिको लागि संघर्षरत अन्य संगठनहरू समेत सरकारको यस रबैया प्रति मौन रहनु दलित समुदायको हितमा रहेको छैन। दलित समुदायको ऐतिहासिक संघर्षलाई संस्थागत परिवर्तन नगर्ने रणनीति अपनाउने सरकारले दिवस घोषणा गरेको दिनलाई प्रतीकात्मक दिनका रूपमा स्मरण गर्नुभन्दा, दलित समुदायले न्याय, समानता र अधिकार प्राप्तिमा गरेका संघर्ष एवम् वीरताको गौरवमय कीर्तिमानहरूको स्मरण गर्दै प्रतिरोधी दिवस मनाउनु सान्दर्भिक रहन्छ।

अतः एकीकृत दलित मुक्ति मोर्चा नेपाल, ऐतिहासिक सर्वहारा वर्ग दलित समुदायला सीमित राख्ने प्रयासहरूको भत्सर्ना गर्दछ र यस दिनलाई समाज परिवर्तनको आन्दोलनसंग जोड्ने, उत्पीडित जनसमुदायबीच संघर्षको चेतनाको विकास गर्ने र उत्पीडित वर्ग समुदायको राज्य व्यवस्था, नयाँ जनवाद हुदै वैज्ञानिक समाजवाद प्राप्त गर्ने संघर्षमा लामबद्ध हुन उत्पीडित दलित समुदाय एवम् आम न्यायप्रेमीहरूमा हार्दिक आह्वान गर्दछौं। "

## क्रान्तिकारी...

पूर्व तयारी स्वरूप पार्टीका आन्तरिक कामहरू जारी रहेको थापाको भनाई छ।

पार्टीको जिल्ला समितिको बैठकले जनताका मुद्धा हेर्नका लागि न्यायिक समिति गठन गरेसंगै भष्ट्राचारका मुद्धाहरू समेत पार्टीका आउने क्रम जारी रहेकोले अभियानलाई तीब्र बनाउने तयारी भइरहेको बैकल्पिक केन्द्रीय सदस्य तथा जिल्ला सेक्रेटरी रवि पाण्डेयले जानकारी गराउनुभयो। 'अभियान पूर्व तयारी स्वरूप पालिका समितिका बैठक तथा प्रशिक्षण भईरहेको छ, सरकारी कार्यालयहरूमा जनताका काममा भएका ढिलासुस्ती , आर्थिक अनियमितता देखि कमिशन खोरी सम्मका घटनाहरू आइरहेका छन्' - उहाँले भन्नुभयो- 'त्यस्ता हर्कतहरूको बिरुद्ध जनतालाई सचेत गराउने , भण्डाफोर गर्ने र जनतालाई साथ लिएर संर्घष उठान गर्दै जाने पार्टी नीति अनुसार काम भइरहेको छ।'

भ्रष्टाचार विरुद्ध अभियानको अभियान तीन चरणमा संचालन हुने उहाँको भनाई थियो। 'पहिलो चरणमा भष्ट्राचार बिरुद्ध रहेको जनमत तयार गर्छौ , दोस्रो चरणमा भण्डाफोर गर्छौ र तेस्रो चरणमा जनतालाई साथ लिएर भष्ट्राचारीको प्रतिरोध गर्छौ 'उहाँले भन्नुभयो। तर, कस्तो किसिमको प्रतिरोध हो भन्ने बारे उहाँले खुलाउन चाहनुभएन्।

## पूर्वप्रधानमन्त्री...

तथा सरकारी सार्वजनिक कायम हुने जग्गा बेचबिखन तथा सट्टापट्टासम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्मा ठाडो प्रस्तावको रूपमा पेश गरे गराएको देखिएको छ। यो पतञ्जली योगपिठ भारतीय योगगुरु रामदेव यादवको हो।

नेपालमाथिको मुद्दालाई एकीकृत समाजवादीका नेता तथा पूर्व प्रधानमन्त्री झलनाथ खनालले अत्यन्त दुःखद भनेर प्रतिक्रिया दिएका छन्। उनले नेपालको इतिहासमै पहिलो पटक पूर्व प्रधानमन्त्रीमाथि भ्रष्टाचार मुद्दा दायर भएको घटनालाई सामान्य रूपमा लिन नहुने बताए। एकीकृत समाजवादीको वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले पार्टी अध्यक्ष नेपालविरुद्ध अख्तियारले विशेष अदालतमा दायर भ्रष्टाचार मुद्दा प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनमा भएको आरोप लगाएका छन्। यसलाई उनले पूर्वाग्रहपूर्ण भएको टिप्पणी गरेका छन्। पार्टीको बैठक बसेर थप धारणा सार्वजनिक गरिने पाण्डेले बताए। भ्रष्टाचार मुद्दा लागेपछि गृहजिल्ला रौतहटमा रहेका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल काठमाडौं फर्किँदै छन्। उनी बुधबार गृहजिल्ला रौतहट गएका थिए। पार्टी कार्यक्रममा सक्रिय रहेकै बेला भ्रष्टाचारमा मुद्दा दायर भएको थाहा पाएपछि नेपाल आजै (बिहीबारै) काठमाडौं फर्किन लागेका हुन्।

एकीकृत समाजवादीका अध्यक्ष समेत रहेका पूर्वप्रधानमन्त्री माधव कुमार नेपालको सांसद पद निलम्बनमा परेको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विहीबार नेपालविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेपछि उनको सांसद पद स्वतः निलम्बनमा परेको हो। नेपालको इतिहासमा पहिलोपटक पूर्व प्रधानमन्त्रीमाथि भ्रष्टाचार मुद्दा दर्ता भएको हो। यस्तै, मन्त्रिपरिषद्को निर्णयमाथि भ्रष्टाचारविरुद्धको मुद्दा चलेको पहिलोपटक हो। माधव नेपालविरुद्ध १८ करोड ५८ लाख ५० हजार रूपैयाँ विगो जरिवाना र सजाय मागदाबी सहित भ्रष्टाचार मुद्दा दायर भएको छ।

अख्तियार स्रोतका अनुसार, दुई महिनाअघि नै पूर्वप्रधानमन्त्री नेपालसँग अख्तियारले सुटुक्क बयान लिएको थियो। नेता नेपालले टंगालस्थित आयोग कार्यालयमा गएर यो प्रकरणबारे बयान दिएका थिए। यो प्रकरणमा तत्कालीन प्रधानमन्त्री नेपालको संलग्नता पुष्टि हुने आधार भेटिएपछि उनीविरुद्ध मुद्दा चलाउने निष्कर्षमा आयोग पुगेको थियो। तर, राजनीतिक दबाबका कारण रोकिएको थियो।

## जनसम्बन्ध...

पहिले उहाँको भाइ लिलाले तत्कालीन नेकपा (चौम) को मुखपत्र "मसाल" भन्ने पत्रिका उहाँलाई पठाइदिनु भएको रहेछ। त्यो अध्ययन गरेपछि उहाँ नेकपा (मसाल)तिर आकर्षित हुनु भएछ। उहाँ वि.सं. २०४९ सालमा नेकपा (मसाल) सम्बन्ध किसान संघको तर्फबाट वडा अध्यक्षमा निर्वाचित हुनु भएको रहेछ। हाल उहाँ क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा नै सम्बद्ध हुनुहुन्छ।

***रवि भण्डारी, तेह्रथुम, आठराई***

हामी उहाँसँग गफिरहेका थियौं। हाम्रो लागि खाना पकाउने काम भइरहेको थियो। त्यतिकैमा एक जना युवा आएर उहाँसँग एउटा रुख काट्नुपऱ्यो भनेर अनुमति माग्नु भयो। उहाँले हुन्छ भनेर भन्नु भयो। मैले उहाँसँग तपाईको वारीको रुख मागेको हो भनेर सोधें। उहाँले होइन म सामुदायिक बनको उपभोक्ता समितिको अध्यक्ष छु। छाड्छु भन्छु मान्दैनन्। तपाई अध्यक्षमा बसिदिनु मात्र काम हामी गर्छौं भन्छन्। त्यही वनको रुख मागेको हो भन्नुभयो। यसले अहिले पनि उहाँ पनि स्थानीय जनताको विश्वासरहेछ भन्ने बुझिन्छ। खाना खायौं, फोटो खिच्यौं र हामी उहाँ र उहाँ अन्य परिवार शुशिल भण्डारी, तारा भण्डारी (खनाल) सँग विदा भएर आफ्नो गन्तव्यतर्फ लाग्यौं।

***रवि भण्डारी, तेह्रथुम, आठराई***

**२) क. भक्त थापा**

**भक्त थापा, तेह्रथुम, म्यागलुङबजार**

तेह्रथुम म्याग्लुङ बजार आइपुगेपछि ०८१ चैत्र ७ गतेका दिन अर्का पुराना कमरेड भक्त थापासँग उहाँकै निवासमा भेट भयो। मलाई अहिले ठ्याक्कै मिति त थाहा छैन ०४६/४७ सालतिर म पार्टी संगठनको काममा म्याग्लुङबजार पुगेको थिएँ। त्यतिबेला भक्त थापा, केवी फुदुङ सहितको नेकपा (मसाल) को जिल्ला संगठन समिति गठन गरियो। क. भक्त थापा सचिवमा चयन हुनुभयो। त्यसपछि उहाँ नेकपा (मसाल) मा निरन्तर सक्रिय रहनुभयो। उहाँ नेकपा (मसाल) सँग सम्बद्ध अखिल नेपाल युवा संघको केन्द्रीय उपाध्यक्ष समेत हुनुभयो। उहाँ मसालसँग नजिक हुनुहुँदोरहेछ।उहाँले मेरो आस्था त पुरानै पार्टी मसालतिर छ तर संगठित र सक्रिय छैन भन्नु भयो। उहाँको घरमा चिया नास्ता गरियो। उहाँले हाम्रो अभियानलाई सफलताको शुभकामना दिनुभयो। हाटबजार लाग्ने ठाउँसम्म मलाई छोड्न पनि आउनुभयो। लामो समय पछिको रमाइला कुराकानी सकेर हामी विदा भयौं।

**३) के . पी . फुयाँल**

**केपी फुँयाल, खोटाङ, दिक्तेल**

हाम्रो अभियान टीम चैत्र १८ गते खोटाङ जिल्ला पुग्यो। खोटाङको हलेसीमा कोणसभा, पर्चा वितरण र जन भेटघाट कार्यक्रम सकेर हामी खोटाङको सदरमुकाम दिक्तेल बजार गयौं। दिक्तेल बजारमा क. केबी फुयाँलसँग उहाँकै निवासमा भेट भयो। वि.सं. २०६३ सालमा मैले नेतृत्व गरेको नेकपा (एकताकेन्द्र-मसाल) महाधिवेशन आयोजक समिति, क. ऋषि कट्टेलले नेतृत्व गरेको नेकपा (माले) र क. सीताराम तामाङले नेतृत्व गरेको नेकपा (मालेमा) को बीचमा एकता भई नेकपा (एकीकृत) बनाउँदा उहाँ केन्द्रीय सदस्य हुनुहुन्थ्यो। म अध्यक्ष मण्डलको संयोजक थिएँ। उहाँ ०४८ सालमा नेकपा (माले) को प्रतिनिधिसभा सदस्य पनि हुनुभएको थियो। यसरी हामी एउटै पार्टीको एउटै समिति केन्द्रीय समितिमा रहेर लामो समयसम्म काम गरियो। उहाँले खोटाङ जिल्ला हेर्नु हुन्थ्यो। बैठकमा उहाँ तर्क सहित आफ्ना कुराहरू राख्नुहुन्थ्यो। विभिन्न कारणवश तत्कालीन नेकपा (एकीकृत) मा फुट भयो र हामी अलग अलग पार्टीमा सक्रिय भइयो। अहिले उहाँ माधवकुमार नेपालले नेतृत्व गरेको नेकपा एकीकृत (समाजवादी) पार्टीमा कार्यरत हुनुहुँदो रहेछ। अहिले उहाँले वकिल पेशा अपनाउनु भएको रहेछ। लामो समय पछि भेट भएको हुँदा व्यक्तिगत सन्चो विसन्चो र समसामयिक राजनीतिको विषयमा कुराकानी गरियो। मैले हाम्रो राष्ट्रिय एकता महाधिवेशनले पारित गरेको राजनीतिक प्रतिवेदन र विधान दिएँ। उहाँले हाम्रो अभियानलाई सफलताको शुभकामाना दिनुभयो। चिया नास्ता गरेर हामी विदा भयौं।

**४) रोशन जनकपुरी**

**रोशन जनकपुरी, धनुषा, जनकपुर**

हाम्रो अभियान टीम वि.सं. २०८१ साल चैत्र २२ गते धनुषा जिल्ला प्रवेश गऱ्यो। २३ गते विहान जनकपुर बजारमा क. रोशन जनकपुरीसँग उहाँकै निवासमा भेट हुने अवसर मिल्यो। क. रोशन जनकपुरीसँग मेरो पहिलो भेटघाट नेकपा (एकीकृत) र नेकपा माओवादी बीच एकता भएर नेकपा (क्रान्तिकारी माओवादी) बनेपछि केन्द्रीय समितिको बैठकमा भएको थियो।

एउटा केन्द्रीय समितिको बैठकमा प्रचण्डको पार्टीसँग पार्टी एकता गर्ने कि नगर्ने भन्ने विषयमा व्यापक बहस चल्यो। त्यो बहसमा उहाँको प्रस्तुति र तर्कहरू सुनेर म उहाँसँग निकै प्रभावित भएको थिएँ। उहाँले प्रचण्डको पार्टीसँग अहिलेको स्थितिमा पार्टी एकता गर्नु हुन्न भनेर बहस गर्नु भएको थियो। तर रामबहादुर थापा (बादल) को नेतृत्वमा पार्टीको ठूलो हिस्सा प्रचण्डको पार्टीमा


गयो। हामीले पार्टीको राष्ट्रिय भेला गरेर पार्टीको पुनर्गठन गऱ्यौं। हामीले नेकपा (क्रान्तिकारी माओवादी) लाई नै अगाडि बढायौं। उहाँ केन्द्रीय सदस्य नै हुनुहुन्थ्यो। तर पछि के भयो उहाँले हाम्रो पार्टीबाट राजीनामा दिनुभयो। अहिलेसम्म उहाँ कुनै पार्टीमा नलागेर स्वतन्त्र नै रहनु भएको रहेछ। कम्युनिस्ट आन्दोलन र क्रान्तिप्रति उहाँको आस्था र विश्वास अझै पनि यथावत रहेछ। उहाँले भेटघाटमा कैयौं महत्वपूर्ण सुझावहरू पनि दिनुभयो। देशको राजनीतिक परिस्थिति र कम्युनिस्ट आन्दोलनको विषयमा लामो कुराकानीहरू भए। चिया पिएर हामी विदा भयौं।

**५) क. दीपक चौधरी**

२०८२ वैशाख ७ गतेका दिन हाम्रो अभियान टीम बारा जिल्लाबाट पर्सा जिल्ला तर्फ जाने क्रममा बारा जिल्लाको बदाफर गाउँमा क. दीपक चौधरीसँग उहाँकै निवासमा भेट भयो। धेरै पहिले नेकपा (मसाल) मा हुँदा संगठनको कामको सिलसिलामा उहाँसँग भेटघाट भई रहन्थ्यो। हामीले नेकपा (एकताकेन्द्र-मसाल) बाट विद्रोह गरेर नेकपा (एकीकृत) बनाएपछि उहाँसँग भेटघाट भएको थिएन। अहिले एकीकरणको प्रक्रियामा हामी एउटै पार्टीमा रहेछौं। उहाँ विरामी हुनुहुँदोरहेछ। उहाँ तल्लो हर दुवै खुट्टाले राम्रोसँग काम नगर्ने रहेछ। तर उहाँमा उत्साह उच्चस्तरको पाइयो विस्तारै सन्चो हुँदै गएको छ ठीक भएपछि पार्टीमा सक्रिय भएर काम गर्ने हो भन्नुभयो। संयोगले भनौं हामी जाने बाटो उहाँकै घरको बाटो परेछ। सम्झाई दिएर भेट गराई दिनु भएकोमा क. ईश्वर ढुंगेललाई धन्यवाद।

# आलोपालो

## भारतका क्रान्तिकारी नेताहरूको बलिदान र मोदीको फासिवादी कदम


● घननाथ सापकोटा ●

भारतीय कम्युनिस्ट पार्टी (माओवादी) का केन्द्रीय महासचिव क. नम्वाला केशव राव 'वसवराज' सहित २७ जना क्रान्तिकारी नेताहरूको भारतको प्रतिक्रियावादी मोदी सरकारले यही २०२५ मे २१ तद्अनुसार वि.सं. २०८२ जेठ ७ गतेका दिन नक्कली मुठभेडका नाममा कायरतापूर्ण हत्या गऱ्यो। सर्वप्रथम ती महान शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै लाल सलाम। ती महान शहिदको बलिदानले भारतमा क्रान्तिकारीहरूलाई थप उर्जा प्राप्त हुनेछ र जनवादी क्रान्ति पूरा हुने कुरामा कुनै सन्देह रहने छैन।

भारतीय जनताको मुक्तिका लागि लडिरहेको राजनैतिक विचारबाट महान उद्देश्य र लक्ष्य सहित अगाडि बढिरहेको क्रान्तिकारी पार्टीलाई वार्ता संवादबाट भारतीय जनताको हितलाई ध्यानमा राखेर समस्याको समाधान खोज्नुपर्नेमा त्यसको विपरीत दमन र हत्याबाट विचारलाई सखाप पार्न दुष्प्रयास गर्दैछ। मोदी सरकारले शान्तिपूर्ण तवरबाट समस्याको समाधान चाहन्छ भने हामी शान्ति वार्तामा बस्न तयार छौं भनिरहेको अवस्थामा शान्तिपूर्ण तवरले समस्याको समाधान खोज्नुपर्ने बेलामा कथित मुठभेडको नाममा घेरा हालेर कब्जामा लिएर २८ जना नेताहरूलाई कत्लेआम गरेर मोदी सरकारले फाँसीवादी चरित्र प्रदर्शन गरेको छ। यस घटनाले संसारभरीका क्रान्तिकारीहरूलाई सोच्न बाध्य बनाएको छ। भा.क.पा. (माओवादी) ले संचालन गरेको जनयुद्ध यो अन्तर्राष्ट्रियवादी युद्ध हो। यसको विकास र संरक्षण गर्नु संसारभर क्रान्तिकारीहरूको जिम्मेवारी हो। अहिले पनि भारतमा करोडौं जनताको हातमा एक टुक्रा जमिन छैन। न्यून तलवमानमा मजदुरहरूले पसिना बगाउन परिरहेको छ। बैंकको ऋण तिर्न नसकेर किसानहरू आत्महत्या गरिरहेका छन्। करोडौं जनताहरू शिक्षा र स्वास्थ्यको पहुँच भन्दा बाहिर छन्। लाखौं लाख मान्छे बाँच्नको लागि गेरुवस्त्र लगाएर सडकमा भिख मागिरहेका छन्। धनी गरिबको बीचको दुरी आकाश पातलको अन्तर छ। मोदी सरकार हिन्दु अधिनायकवादी अहंकारबाट अन्य धर्म, जाति, सम्प्रदायमाथि दमन गरिरहेको छ। फाँसीवादको अभ्यास गरिरहेको छ। काश्मिरको स्वतन्त्रता खोसिएको छ। अल्पसंख्यक मुस्लिम लगायत अन्य धर्मालम्बी माथि विभेदको नीति अवलम्वन गरिरहेको छ।

यस्तो अवस्थामा समग्र भारतीय जनताको मुक्तिको लागि लडिरहेको पार्टी भा.क.पा.(माओवादी) सँग वार्ता गरेर समस्याको समाधान खोजेर देशलाई परिवर्तन दिशामा अगाडि बढाउनु पर्नेमा मोदी सरकार दमनबाट आफ्नो सत्ता लम्ब्याउन खोज्दैछ। संसारमा कहीकतै क्रान्तिकारी आन्दोलनहरू समाप्त भएको इतिहास छैन। बरु दमनले प्रतिरोधपूर्ण संघर्षको विकास भएको छ। भारतमै चारुमजुमदारले नेतृत्व गरेको जनवादी आन्दोलनलाई भारत सरकारले दमन गऱ्यो। उनको हत्या गऱ्यो तर पनि भारतमा जनयुद्ध रोकिएन। भाकपा (माओवादी) ले जनयुद्धको विकास गरिहेको छ। जुन दिन भाकपा (माओवादी) का महासचिव क. वसवराज लगायत २७ जनाको हत्या गऱ्यो। त्यही मितिबाट मोदी सरकारका पतनका दिन सुरु भए। यहाँ सवाल नरेन्द्र मोदीको मात्र होइन भारतको संसदीय व्यवस्थाको भविष्यमा प्रश्न चिन्ह खडा भएको छ। अब भारतमा क्रान्तिकारी जनताले संसदीय व्यवस्थालाई ध्वस्त पार्दै जनगणतन्त्र स्थापना गर्ने छन्। सिंगो भारतभरी लाल झण्डा फहराउने छन्। नेपालमा पनि वि.सं. २०५२ सालबाट जनयुद्ध लडिरहेको नेकपा (माओवादी) पार्टीलाई तत्कालीन सरकारले दमनबाट समाप्त पार्ने फाँसीवादी कदम अगाडि बढाइरहेको थियो। माओवादी पार्टीलाई बाँकी ७ पेजमा


## नियमित रुपमा स्वास्थ्य जाँच गरौं

**नियमित स्वास्थ्य परीक्षण किन ?**

- प्राणघातक रोगहरूको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पूर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न

**त्यसैले,**

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रूपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं।

नेपाल सरकार

विज्ञापन बोर्ड


# नेवा राष्ट्रिय मुक्तिमोर्चाको २८औं स्थापना दिवस भव्य रूपमा सम्पन्न



काठमाडौ। नेवाः राष्ट्रिय मक्ति मोर्चाले २८ औ स्थापना दिवस भव्य रुपमा मनाएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यवाहक महासचिव सिपी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा वक्ताहरुले नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलन खासगरी जनयुद्ध र उत्पीडित जातीय मुक्ति आनदोलनको क्षेत्रमा मोर्चाले पुर्याएको योगदानको विषयमा विशेष चर्चा गर्नुभएको थियो।

मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठको अध्यक्षता, महासचिव शिव श्रेष्ठको सञ्चालन र नेता सुरेश श्रेष्ठको स्वागतमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि सिपी गजुरेल लगायत महेशमान श्रेष्ठ पवित्र बज्राचार्य, जगदीशचन्द्र भण्डारी र सीताराम तामाङले मन्तव्य राख्नु भएको थियो। कार्यक्रममा महेशमान श्रेष्ठलाई सम्मान पत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

## ६ किसान...

गर।

४१- नेपालको असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तमा आधारित अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर। इन्डोप्यासिफिक रणनीतिसहित कुनै पनि सैन्य गठबन्धनमा सहभागी नहुने कुरा सुनिश्चित गर।

४२- कृषि क्षेत्रलाई विकासको पहिलो प्राथमिकतामा राखी सोहीअनुसार राज्यका नीति तथा कानुन र पर्याप्त बजेटसहितका कार्यक्रम र योजनाहरू निर्माण गर। कृषिलाई वैज्ञानिकीकरण, व्यावसायीकरण, यान्त्रीकरण र सहकारीकरण गर। व्यावसायिक, सामूहिक र सहकारी उत्पादन प्रणाली लागु गर।

४३-कृषि तथा कृषिजन्य उद्योगको सञ्चालन, प्रबर्द्धन र प्रोत्साहन गर। कृषि उत्पादनलाई उद्योगको मान्यता दिँदै औद्योगीकरणको प्रक्रियामा राष्ट्रिय पुँजीलाई संरक्षण गर्ने र दलाल पुँजीलाई नियन्त्रण गर्ने नीति लागु गर।

४४- सम्पूर्ण खेतियोग्य जमिनमा सिँचाइको व्यवस्था गर। परम्परागत सिँचाइका माध्यमहरू बाँध, कुलो, नहर, पैनी, पोखरी, हिमपोखरी आदिको संरक्षण, मर्मत सम्भार र विकास गर। आधुनिक सिँचाइ प्रणालीको प्रवर्धन गर। किसानको सिँचाइ प्रणालीलाई प्रतिकूल असर पर्ने गरी गरिएका नदी र खोलानालाको दर्ता खारेज गर।

४५- नेपाल कृषि अनुसन्धान परिषद् ९नार्क० लाई सक्षम बनाई राष्ट्रिय आवश्यकताअनुसार प्रभावकारी र किसानमुखी गराउन कृषि अनुसन्धान र विकासमा राज्यको लगानी बढाऊ। किसानमा आधारित अनुसन्धानलाई प्रोत्साहन गर। कृषि अनुसन्धान, शिक्षा, प्रसार र प्रविधि बिच प्रभावकारी समन्वय गर। सेवानिवृत्त तथा अनुभवी कृषि वैज्ञानिकहरूको रोस्टर तयार गरी उनीहरूको अनुभव र विज्ञताको सम्मान र राष्ट्रहितमा सदुपयोग गर।

४६- सहरी क्षेत्रमा पशु वधशालाहरू निर्माण गरी सञ्चालन गर। छाडा चौपायाको उचित व्यवस्थापन गर र किसानहरूको बालीनाली नोक्सान हुन नदेऊ। स्थानीय बजार र सीमा क्षेत्रमा पशु हाटबजारहरू सञ्चालन गरी किसानलाई पशुपन्छी सहज तरिकाले खरिद-विक्री गर्ने वातावरण तयार गर।

४७- उत्पादन, भण्डारण र प्रशोधनजस्ता कार्यमा आधारित कृषि सहकारीलाई विशेषरूपले सहयोग र प्रोत्साहन गर। व्यावसायिक कृषि उत्पादनका क्षेत्रमा पर्याप्त संख्यामा शीतभण्डार र दुध चिस्यान केन्द्रहरूको व्यवस्था गर। जिरो इनर्जी सेलार स्टोरलाई प्रोत्साहन गर।

४८- जैविक विविधतामा आधारित दिगो कृषि र प्रांगारिक खेती प्रणाली लागु गर। मानव स्वास्थ्य, माटो र पर्यावरणका लागि घातक रासायनिक मल र किटनाशक विषादीलाई सुचीकृत गरी त्यसको प्रयोग बन्द गर। देशलाई १० वर्षभित्र पूर्णरूपमा प्राङ्गारिक उत्पादन क्षेत्र घोषणा गर्ने नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर।

४९- हरेक जिल्लामा प्राङ्गारिक र जैविक मल उत्पादन कारखाना सञ्चालन गर। प्राङ्गारिक तथा जैविक मल र विषादी उत्पादन गर्ने राष्ट्रिय उद्योगहरूलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर।

५०- अनुवंश हेरफेर गरिएका बाली र जीवजन्तु ९जिएमओ०को उत्पादन, वितरण, आयात र प्रयोगमा प्रतिबन्ध लगाऊ।

५१- बाली र पशुपन्छीको क्वारेन्टाइनलाई प्रभावकारीरूपमा लागु गर। आम जनताको स्वास्थ्यमा घातक प्रभाव पार्ने विषादीयुक्त तरकारी र खाद्यान्नको आयात र ढुवानीलाई निषेध गर। तरकारी र खाद्यान्नमा विषादीको अवशेष परीक्षण कडाइका साथ लागु गर।

५२- किसानलाई आवश्यक कृषि सामग्री तथा उत्पादनका साधनहरूमा सम्पूर्णरूपमा भन्सारलगायत अन्य करहरूमा छुट गर। कृषि उत्पादन, ढुवानी, स्थानान्तरण र निर्यातमा लाग्ने सबै किसिमको कर मुक्त गर।

५३- विप्रेषण ९रेमिटेन्स० बाट आएको रकमलाई व्यावसायिक कृषि र कृषिजन्य उद्योगमा लगाउन प्रोत्साहन गर। विदेशबाट फर्केका युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गर्ने कार्यक्रम तय गरी लागु गर।

५४- जडीबुटी नर्सरी, उत्पादन, प्रशोधन, ढुवानी र विक्री वितरणको कार्यलाई प्रोत्साहन र प्रवर्धन गर। जडीबुटी उत्पादन र उद्योग सञ्चालनमा अनुदानको व्यवस्था गर। जडीबुटी र आयुर्वेदिक औषधिको निर्यात र अन्तर्राष्ट्रिय बजारका लागि प्रभावकारी सहजीकरण गर। जडीबुटी सहकारीहरूलाई प्रवर्धन, प्रोत्साहन र प्राथमिकताका साथ सञ्चालन गर। जडीबुटीको संकलन र ढुवानीलाई सरलीकरण गर।

५५- नेपालको तराई क्षेत्रको कृषि उत्पादन र जनताको जीवनमा अत्यन्तै महत्त्व रहेको चुरे क्षेत्रको तीव्र विनाश रोक्न कडा नीति अबलम्वन गर। चुरे संरक्षणका कार्यक्रमहरूलाई किसानमुखी र प्रभावकारी बनाऊ। राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा किसानहरूको सहभागिताको सुनिश्चित गर।

५६- महिला किसानहरूको अधिकार सुनिश्चित गर। कृषि उत्पादनमा महिलामैत्री प्रविधि तथा यन्त्र-उपकरणको अनुसन्धान, विकास र प्रवर्धन गर।

५७- राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षित क्षेत्रहरूको नजिक र मध्यवर्ती क्षेत्रमा लामो समयदेखि जोतभोग गरेका जनताको भूमि अधिकार सुनिश्चित गर। त्यसलाई सहजीकरण गर्न आवश्यक ऐन, नियम, कानुनहरू संशोधन गर।

५८- किसान र कृषिसँग सम्बधित कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, उर्जा तथा सिँचाइ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय बिचमा अन्तरमन्त्रालय समन्वयलाई प्रभावकारी बनाई कृषि विकासका कार्यक्रमहरूलाई एकीकृत ढंगले अगाडि बढाऊ। यी सबै मन्त्रालयहरू तथा राष्ट्रिय योजना आयोगको नीति निर्माण र कार्यक्रम तथा योजना तर्जुमामा किसान संघ/संगठनहरूको सहभागिता सुनिश्चित गर।

५९- नेपाली जनताको जीवन र जीविकाको आधारको रूपमा रहेको खाद्य र कृषि क्षेत्रलाई जनघाती तथा किसानविरोधी नवउदारवादी नीतिहरूबाट मुक्त गर। किसानहरूको संरक्षण गर। सम्पूर्ण किसानविरोधी नीति, ऐन-कानुन खारेज गर।

६०- 'किसान परिचय पत्र'का आधारमा ६० वर्ष उमेर पुगेका किसानहरूलाई किसान पेन्सन र २० वर्ष कृषि क्षेत्रमा सक्रियतापूर्वक काम गरेका सबै किसानहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइयोस्।

६१- सामन्तवादी शोषणको अवशेषको रूपमा रहेको मीटरब्याजको कारोबारलाई गैरकानुनी घोषणा गर्दै मीटरब्याजी सुद्खोरहरूलाई कडाभन्दा कडा कारबाही गरियोस्। मीटरब्याजीहरूको सम्पत्तिको स्रोत छानबिन गरियोस्। आवश्यक छानबिन गरी साँवा ९मूलधन० रकम बराबर रकम भुक्तानी गरिसकेका सबै ऋणीहरूको ऋण मिनाहा गरियोस्। उनीहरूको ऋणको जाली तमसुकलाई अवैधानिक घोषणा गरी बदर गरियोस्। त्यसरी ऋण लिँदा घर-जग्गा धितो रोक्का राखिएको भएमा फुकुवा र रजिस्ट्रेसन पास गरेर लिएको भएमा रजिस्ट्रेसन रद्द गरी तुरून्त फिर्ता गरियोस्। जग्गा फुकुवा वा फिर्ता गर्न अटेर गर्ने मीटरब्याजीहरूलाई तत्काल गिरफ्तार गरी कारबाही गरियोस्।

६२-मीटरब्याज र तमसुक व्यवस्था पीडित जनतासँग मिति २०७९/१२/१८ गते नेपाल सरकारले गरेको ५ बुँदे सम्भौता अक्षरशः इमानदारितापूर्वक कार्यान्वयन गर्दै जनतालाई अनुभूति हुने गरी यथाशीघ्र न्याय प्रदान गर्न र सो सम्बन्धमा नेपाल सरकार तथा सम्बन्धित निकायहरूले गरेका कार्यहरूको विवरण निरन्तर सार्वजनिक गरी जनतालाई सुसूचित गर्न माग गर्दछौं।

६३- किसानमुखी र जनमुखी मौद्रिक नीति जारी गरी कडाइका साथ लागु गरियोस्। नेपाल राष्ट्र बैंकको विद्यमान नीतिसमेत विपरीत हुनेगरी ऋण प्रवाह र अन्य कार्य गर्ने सहकारी, लघुवित्त र तिनका सञ्चालकहरूलाई कालो सूचीमा राखी कडाभन्दा कडा कारबाही गरियोस्।

६४-लघुवित्त र सहकारीहरूले गैरकानुनी र चक्रीय ब्याज प्रणालीमा लिइरहेको कोरोनाकालदेखि हालसम्मको सम्पूर्ण ब्याज र हर्जाना मिनाहा गरियोस्। बाँकी ऋण भुक्तानीका लागि पर्याप्त समय अवधि दिई ऋणको पुर्नतालिकीकरण गरियोस्। साना तथा गरिब किसानको वित्तीय संरक्षण गरियोस्।

६५- किसानका उत्पादन, व्यवसाय र वर्गीय मुद्दासँग सम्बन्धित विषयगत किसान संघहरूका सम्पूर्ण मागहरूलाई सम्बोधन गरियोस्।

हार्दिक क्रान्तिकारी अभिवादन सहित।

*मितिः २०८२ जेठ ४ गते*






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।